नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# विकेन्द्रीकरण समितिको प्रतिवेदन
# २०२४

(राष्ट्रिय पञ्चायतको पञ्चायत समितिको सभापति माननीय श्री भोजराज घिमिरेको अध्यक्षतामा गठित
२१ सदस्यीय समिति )

प्रतिवेदन-२

# राष्ट्रिय पञ्चायतको पञ्चायत समितिको सभापति माननीय श्री भोजराज घिमिरेको अध्यक्षतामा गठित २१ सदस्यीय समितिको प्रतिवेदन, २०२४[२]

## प्रस्तावना

पञ्चायती व्यवस्थालाई सामाजिक र आर्थिक विकास तथा राजनीतिक एवम् प्रशासनिक दृष्टिले सुदृढ बनाई विकेन्द्रित प्रशासन व्यवस्था अनुरूप जनतालाई प्रत्येक तहको प्रशासनमा बढी मात्रामा सम्मिलित गराई देशमा उपलब्ध सबै किसिमका प्राकृतिक एवम् मानवीय साधनहरू परिचालन गर्न सक्षम गराउन र प्रशासनलाई दरिलो र प्रभावकारी तवरले व्यावहारिक बनाउन श्री ५ को सरकारको २०२४।५।१२।२ को निर्णयानुसार राष्ट्रिय पञ्चायतका माननीय सदस्य तथा पञ्चायत समितिको सभापति मा. भोजराज घिमिरेको अध्यक्षतामा गठित यस एक्काइस सदस्यीय समितिले विभिन्न तहका निर्वाचन, कर, वर्गीय संगठन र पञ्चायतको समन्वय विकेन्द्रीकरण आदि विषय सम्बन्धमा विभिन्न उप-समिति गठन गरी उपसमितिहरूले प्रस्तुत गरेको मसौदा प्रतिवेदनप्रति पुनः सम्पूर्ण सदस्यहरूद्वारा सामूहिक रूपमा विस्तृत छलफल, गम्भीर मनन, चिन्तन र विचार विमर्श गरी यो प्रतिवेदन तयार पारी श्री ५ को सरकारमा प्रस्तुत गरिएको छ।

पञ्चायती व्यवस्थालाई सामाजिक र आर्थिक विकास तथा राजनीतिक र प्रशासनिक दृष्टिले सुदृढ बनाई जनतालाई प्रत्येक तहको प्रशासनमा बढी मात्रामा सम्मिलित गराई जन प्रतिनिधिहरूलाई सबै उपलब्ध साधनहरूको परिचालन गर्न सक्षम गराउन प्रशासनलाई दरिलो र व्यावहारिक बनाउने सम्बन्धमा अध्ययन र विचार गरी तीन महिना भित्र श्री ५ को सरकारमा सुझाव पेश गर्न श्री ५ को सरकारले राष्ट्रिय पञ्चायतको पञ्चायत समितिको सभापतिको अध्यक्षतामा देहायका सदस्यहरू रहेको समिति गठन गरेको छ।

| | | | | |
|---|---|---|---|---|
| १. | श्री सभापति, पञ्चायत समिति मा. भोजराज घिमिरे | - | (रा.पं.) | सदस्य |
| २. | श्री सभापति, आर्थिक समिति मा. सुरेन्द्रदेव भट्ट | - | (रा.पं.) | सदस्य |
| ३. | श्री सभापति, प्रशासन समिति मा. होर्वीर आले | - | (रा.पं.) | सदस्य |
| ४. | श्री सभापति, सामाजिक समिति मा. ओंकारप्रसाद गौचन | - | (रा.पं.) | सदस्य |
| ५. | श्री सभापति, भूमिसुधार समिति मा. कटकबहादुर कार्की | - | (रा.पं.) | सदस्य |
| ६. | मा. डा. बद्रीप्रसाद श्रेष्ठ | - | | सदस्य |
| ७. | मा.भुईंदल राई | - | | सदस्य |
| ८. | मा.जियाउलहक | - | | सदस्य |
| ९. | मा. ढालबहादुर खड्का | - | | सदस्य |
| १०. | मा. रामसिंह यादव | - | | सदस्य |
| ११. | मा. खगेन्द्रप्रसाद कोइराला | - | | सदस्य |
| १२. | मा. श्रीमती गीता राणा | - | | सदस्य |
| १३. | श्री मुख्य अञ्चलाधीश | - | | सदस्य |
| १४. | श्री सचिव (पञ्चायत)गृह पञ्चायत मन्त्रालय | - | सदस्य | सचिव |
| १५. | श्री डा. मोहम्मद मोहसिन | - | | सदस्य |
| १६. | श्री पशुपति शमशेर | - | | सदस्य |
| १७. | श्री जगतबहादुर सिंह | - | | सदस्य |
| १८. | श्री पूर्णबहादुर मानव | - | | सदस्य |
| १९. | श्री पासाङ गोपर्मा | - | | सदस्य |
| २०. | श्री प्रमोद शमशेर | - | | सदस्य |
| २१. | श्री डा. विष्णु परिमल | - | | सदस्य |

## समितिको काम

१. गाउँ पञ्चायत र नगर पञ्चायतका प्रधानपञ्च तथा उप-प्रधानपञ्च र जिल्ला पञ्चायतका सभापति तथा उप-सभापतिको पदावधि ।

२. नगर पञ्चायतका प्रधानपञ्च तथा उप-प्रधानपञ्च र जिल्ला पञ्चायतका सभापति उप-सभापतिको निर्वाचनको आधार ।

३. गाउँस्तरमा गाउँसभा र जिल्लास्तरमा जिल्लासभा भएकोले नगरस्तरमा नगरसभाको आवश्यकता ।

४. नगर पञ्चायतका निर्वाचित सदस्यहरू मध्येबाट हाल एक तिहाइ सदस्यले जिल्लासभामा प्रतिनिधित्व गर्न पाउने भएकोमा केही केही नगरका जनसंख्याको अनुपातमा सो प्रतिनिधित्वको संख्या बढाउने ।

५. जिल्लासभालाई बढी प्रभावकारी बनाउने गाउँ पञ्चायतका प्रधानपञ्चलाई जिल्लासभाको पदेन सदस्य बनाउने ।

६. जिल्लालाई राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्ने सदस्यको निर्वाचनको तरीकामा हेरफेर गर्ने ।

७. देशकाल र अवस्थाअनुसार पञ्चायती करको निर्धारण ।

८. विकेन्द्रीकरण योजनाको सिंहावलोकन र खास गरी निम्न कुराको विचार गरी त्यसमा सुधार :

(क) जिल्ला पञ्चायतलाई सुम्पिने अधिकार ।

(ख) जिल्ला पञ्चायत तथा गाउँ पञ्चायतको सक्रियता र क्षमता ।

(ग) प्रमुख जिल्ला अधिकारी र जिल्ला पञ्चायतको सम्बन्ध ।

(घ) जिल्लामा शान्ति सुरक्षा कायम गर्ने अधिकारीको व्यवस्था ।

९. गाउँ पञ्चायतमा सचिवको व्यवस्था ।

१०. पञ्चायत र वर्गीय संगठनहरूका बीच समन्वय र वर्गीय संगठनहरूलाई सक्रिय गराउन मुख्यतः देहायका कुराहरूमा विचार गर्ने :

(क) विभिन्न तहका पञ्चायतमा वर्गीय संगठनका प्रतिनिधिहरूको समावेश ।

(ख) विभिन्न तहका पञ्चायतको कोषको केही प्रतिशत वर्गीय संगठनहरूलाई उपलब्ध गराउने ।

(ग) एकै व्यक्ति वा एक भन्दा बढी संगठन वा पञ्चायत र वर्गीय संगठनको पदाधिकारी हुने विषय ।

११. पञ्चायत र वर्गीय संगठनहरूलाई बढी सक्रिय र प्रभावकारी गराउन अन्य केही सुझाव ।

यस समितिको बैठक २०२४ साल आश्विन २० गते देखि आरम्भ भयो । तर यस समितिको बैठकको क्रम २०२४ मार्ग २७ गते सम्म जारी रह्यो । बैठक बसेको दिनमा समितिले दिनको सरदर ४ घण्टाका दरले छलफल गरी प्रतिवेदनको मसौदा तयार पार्‍यो । सोही मसौदा प्रतिवेदनप्रति पुनः २०२४ पौष १६ गते देखि २०२४ पौष १९ गते सम्म समितको बैठकद्वारा गम्भीर चिन्तन, मनन र छलफल गरी अन्तिम प्रतिवेदन तयार पार्‍यो ।

यसको अतिरिक्त समितिलाई सुम्पेका कामको सम्बन्धमा देहायका विभिन्न उप-समितिहरू गठन गरी उप-समितिहरूले पनि सरदर ४० घण्टा जति छलफल गरी समितिमा प्रतिवेदन पेश गरेका थिए ।

**पञ्चायतको निर्वाचन पद्धति आधार पदावधिसम्बन्धी उप-समिति**

| | | |
|---|---|---|
| मा. भोजराज घिमिरे | ................... | सभापति |
| मा. भुईदल राई | ................... | सदस्य |
| मा. खगेन्द्रप्रसाद कोइराला | ................... | सदस्य |
| मा. ढालबहादुर खड्का | ................... | सदस्य |
| श्री पूर्णबहादुर मानव | ................... | सदस्य, दर्शन समिति |

**विकेन्द्रीकरणसम्बन्धी उप-समिति**

| | | |
|---|---|---|
| मा. होवीर आले | ..................... | सदस्य |
| मा. रामसिंह यादव | ..................... | सदस्य |
| श्री सुन्दरप्रसाद शाह | ..................... | सचिव पञ्चायत |
| श्री डा. विष्णु परिमल | ..................... | सदस्य |
| श्री डा. मोहम्मद मोहसिन | ..................... | सदस्य |
| श्री जगतबहादुर सिंह | ..................... | सदस्य |

**पञ्चायत करसम्बन्धी उप-समिति**

| | | |
|---|---|---|
| मा. सुरेन्द्र देव | ..................... | रा.पं.स. |
| मा. कटकबहादुर कार्की | ..................... | रा.पं.पं. |
| मा. जियाउल हक | ..................... | रा.पं.स. |
| मा. डा. बद्रीप्रसाद श्रेष्ठ | ..................... | रा.पं.स. |
| श्री स. विष्णुमणि आचार्य | ..................... | मुख्य अञ्चलाधीश |

**पञ्चायत र वर्गीय संगठनसम्बन्धी उप-समिति**

| | | |
|---|---|---|
| मा. ओंकारप्रसाद गौचन | ..................... | रा.पं.स. |
| मा. श्रीमती गीता राणा | ..................... | रा.पं.स. |
| श्री पासाङ गोपर्मा | ..................... | सदस्य, दर्शन समिति |
| श्री प्रमोद शमशेर | ..................... | सदस्य, दर्शन समिति |

## प्राक्कथन

दल विहीन पञ्चायती प्रजातन्त्र हाम्रो मुलुकको आफ्नै मौलिक व्यवस्था छ जस्को गतिविधि देशको बातावरण परिस्थिति अनुरूपको भई आएको छ । यसैले हाम्रो व्यवस्थालाई दरिलो भरिलो बनाउन आफ्नै समाज र स्थिति अनुकूलको स्वरूपहरू यस अन्तर्गत बनाउँदै लानु आवश्यक छ । यसै सिद्धान्तअनुसार यस व्यवस्थाका विभिन्न पक्ष र अङ्गहरूलाई मजबूत बनाउँदै लाँदा व्यवहारमा परेको कठिनाई वा त्रुटिहरूलाई समय र स्थिति सुहाउँदो किसिमले सुदृढ पार्दै लानु पर्ने तथ्यलाई हामी भुल्न सक्दैनौं ।

व्यवस्थासम्बन्धी कुराहरूको व्यावहारिक विषयहरूलाई सरल, स्पष्ट र सुगम तरीकाले कार्यान्वित गराउन सकिने उद्देश्यले मौजुदा समितिमा विभिन्न वर्ग र विषयसँग सम्बन्धित व्यावहारिक एवम् सैद्धान्तिक ज्ञान भएका व्यक्तिहरूलाई सदस्यता दिइएका छन् । हुन त यस समितिको कार्यक्षेत्र भित्र पर्ने विभिन्न विषयका समस्या र तिनका निराकरणका उपायहरू निकाल्न तत् विषयका कार्य क्षेत्रमै केही समय संलग्न गरी व्यापक खोजी अन्वेषण गर्न पाएको भए समितिको प्रतिवेदन अरू गहकिलो हुने थियो । र साथै समितिका सदस्यहरूले यस तथ्यलाई महसुस गर्दा गर्दै पनि आर्थिक तथा प्रशासनिक कठिनाई र समयाभावले जिल्ला जिल्लामा जाने मौका मिल्न सकेन । तथापि समितिले आफ्नो आफ्नो जानकारी एवम् र अनुभवको आधारमा विभिन्न विषयहरूप्रति यथेष्ट गहन, चिन्तन र मनन अध्ययन गरी समस्या समाधानका उपायहरू प्रस्तुत गरेको छ । यसैकारण समितिद्वारा प्रस्तुत प्रतिवेदनमा उल्लिखित कुराहरूले श्री ५ को सरकारलाई पूरा पूरा समस्या हल गर्न सहयोग पुऱ्याउन नसकिएतापनि धेरै हद सम्म मद्दत पुऱ्याउन सक्ने आशा गरिएको छ ।

व्यवस्थालाई आफ्नै पारामा अझ सुदृढ बनाउँदै लाने हेतुले प्रस्तुत प्रतिवेदनमा पञ्चायतका विभिन्न तहका चुनावसम्बन्धी उपकरणहरू, पञ्चायत र वर्गीय संगठनको बीच सुदृढ सम्बन्ध र समन्वय कायम गराउन उपयुक्त वातावरण सिर्जना गर्ने व्यावहारिक उपायहरू, स्थानीय पञ्चायतहरूलाई आर्थिक रूपमा स्वावलम्बी बनाउन उचित रूपमा कर र अरू स्थानीय साधनका माध्यमबाट हासिल गरिने रकमहरूको व्याख्या र व्यवस्थाका

उपायहरू र व्यवस्थाको प्रशासकीय पक्ष विकेन्द्रीकरण कार्यक्रमको दौरानमा देखा परेका कतिपय कठिनाई र समस्याहरू समाधान गर्न विकेन्द्रीकरण योजना, स्थानीय प्रशासन ऐन आदिलाई समेत संशोधन गर्नुपर्ने खाँचो माथि समितिले विशेष विचार गरी सिफारिश गरेको व्यहोरा प्रतिवेदनबाट विदित हुने नै छ।

तसर्थ वस्तुस्थितिको अध्ययन गरी समितिले प्रस्तुत गरेको प्रतिवेदनको विभिन्न विषयका सिफारिशप्रति श्री ५ को सरकारले छिटो कार्वाई गरी दिएमा समितिका सदस्यहरूलाई निकै सन्तोष लाग्नु स्वभाविक छ। र यसरी श्री ५ को सरकारद्वारा नै गठित समितिले प्रस्तुत गरेको प्रतिवेदन उपर यथोचित दृष्टिकोण श्री ५ को सरकारले दिई कदम चाली दिएमा भविष्यमा गठन गरिने अन्य समितिहरूलाई पनि बढी प्रेरणादायक हुने देखिन्छ।

अन्तमा, व्यवस्था मौलिक रूपको हुनुको साथै सर्वथा नौलो पनि भएकोले बेलावखतमा अनेकौं समस्या र त्रुटि परिरहनु स्वभाविक छ। व्यवस्थाको यही नै प्रगतिमूलक पूर्ण पनि हो। किनभने बाटो हिंड्ने नै ठक्कर खान्छ, पलेटी कसी बस्नेले पाउँदैन। व्यवस्थाको सुदृढीकरणमा निरन्तर रही रहँदा हाम्रो बाटोमा अनेकौं बाधा अड्चन, समस्या र त्रुटिहरू आइपर्नु स्वभाविकै छ। त्यसै निमित्त बेलावखतमा परि आउने समस्या र त्रुटिहरूलाई समाधान गरी व्यवस्थालाई गतिशील बनाउन यसै किसिमले विभिन्न वर्ग र विषयसम्बन्धी छाताहरू समेत समावेश गरिएको एउटा दीर्घकालीन समिति भविष्यमा पनि गठन गरिन आवश्यक देखिन्छ, जसले गर्दा भविष्यमा सानातिना कठिनाईबाट व्यवस्थासम्बन्धी कामकाजमा अवरोध र सुस्ती आउन नदिन विभिन्न विषयत क्षेत्रमा गई व्यापक खोजीनीति र अन्वेषण समेत गरी व्यवस्थालाई अरू मजबूत बनाउन ठूलो योगदान दिन सकोस्।

## विभिन्न तहका पञ्चायतहरूको निर्वाचनको आधार

२०१७ साल पौष १ गतेको ऐतिहासिक परिवर्तन पछि नेपालले पञ्चायत व्यवस्था प्राप्त गरेपछि २०१८ साल बैशाख १ गते श्री ५ महाराजाधिराज सरकारबाट बक्सेको सन्देशमा हाल हामी राष्ट्रिय भावनासित मिल्दो तलैबाट उठेको आधारभूत प्रजातन्त्रको लक्ष राखी त्यसैको आधारमा अघि बढ्दै जानेछौं। अनि ५/७ वर्ष पछि जनताले त्यसवखत कुन तथ्य आफूलाई ठीक पर्ला कुन बेठीक पर्ला राम्ररी छुट्याउन सक्ने भई परिस्थिति अनुकूल तन्त्र वा वाद अपनाउने छन् भन्ने हुकुम भएअनुसार श्री ५ महाराजाधिराज सरकारबाट २०२४ आश्विन ६ गतेको राष्ट्रिय पञ्चायतको दशौं अधिवेशनमा विशेष सन्देशद्वारा वर्तमान हाम्रो व्यवस्थाबाटै हामीले नेपाल र नेपाली समाजको क्रमशः यसैगरी हित उन्नति र प्रगति गर्न सक्दछौं वा यो भन्दा अझै उपयोगी कुनै अन्य तर आफ्नै ढङ्गको व्यवस्था हुन सक्दछ ? भन्ने राष्ट्रिय पञ्चायतको निष्पक्ष राय जान्न चाहीबक्सेकोमा यस व्यवस्थाद्वारा नै नेपाली मात्रको कल्याण हुने र नेपाली जनताको प्रजातान्त्रिक मनोभावना र आकाङ्क्षा पूर्ति हुने तथा तलैबाट उठेको यस निर्दलीय पञ्चायती प्रजातान्त्रिक व्यवस्थाबाट देशको सर्वतोमुखी विकास हुन सक्ने निश्चित भएको हुँदा यो व्यवस्था विकल्पहीन छ भन्ने २०२४/६/११ को राष्ट्रिय पञ्चायतको बैठकले सर्व सम्मतिबाट निष्पक्ष राय जाहेर गरेको र विभिन्न क्षेत्रका जनताबाट पनि यो व्यवस्था विकल्पहीन व्यवस्था हो र यही नै अनुकूल छ भन्ने आवाज उठेकोबाट निश्चय नै पञ्चायती प्रजातान्त्रिक व्यवस्था सम्पूर्ण नेपाली मात्रको आफ्नो व्यवस्था भैसकेको छ।

हाम्रो व्यवस्थामा क्रियाशील जीवन छ र अरू जीवित वस्तुहरू सरह यसमा पनि विकासको काफी गुन्जायस छ। समय र परिस्थितिवस आउने विकासोन्मुख क्रमहरूलाई व्यवस्थित र समावेश गर्दै लग्नुपर्ने कुरालाई हाम्रो संविधान पनि लचिलो छ र यसको पहिलो संशोधन पनि भइसकेको छ। यसैअनुरूप गाउँ पञ्चायतको प्रधानपञ्च र उप प्रधानपञ्चको निर्वाचनको आधारमा पनि केही वर्ष अगाडि लोक सम्मत गराउने दृष्टिकोणले संसोधन गरिएको छ। यसै क्रममा समितिको सामुन्ने, निम्नलिखित कुराहरूमा देशकाल परिस्थितिलाई ध्यानमा राखी व्यवस्थालाई अझ सुदृढ गर्नको लागि विचारणीय विषयहरू प्राप्त भएको छ :

(१) गाउँ पञ्चायत र नगर पञ्चायतका प्रधानपञ्च तथा उप-प्रधानपञ्च र जिल्ला पञ्चायतको सभापति तथा उपसभापतिको पदावधि,

(२) नगर पञ्चायतका प्रधानपञ्च तथा उप-प्रधानपञ्च र जिल्लासभापति तथा उप-सभापतिको निर्वाचनको आधार।

(३) गाउँस्तरमा गाउँसभा र जिल्लास्तरमा जिल्लासभा भएकोले नगरस्तरमा नगरसभाको आवश्यकता।

(४) नगर पञ्चायतको निर्वाचित सदस्यहरू मध्येबाट हाल एक तिहाइ सदस्यले जिल्लासभामा प्रतिनिधित्व गर्न पाउने भएकोमा केही नगरको जनसंख्याको अनुपातमा सो प्रतिनिधित्वको संख्या बढाउने ।

(५) जिल्लासभालाई बढी प्रभावकारी बनाउन गाउं पञ्चायतका प्रधानपञ्चलाई जिल्लासभाको पदेन सदस्य बनाउने र

(६) जिल्लालाई राष्ट्रिय पञ्चायतको प्रतिनिधित्व गर्ने सदस्यको निर्वाचनको तरीकामा हेरफेर गर्ने ।

**गाउँ पञ्चायत र नगर पञ्चायतमा प्रधानपञ्च तथा उप-प्रधानपञ्च र जिल्ला पञ्चायत सभापति तथा उप-सभापतिका पदावधिको सम्बन्धमा**

यस विषयमा हाल रहेको २ वर्षको पदावधि व्यावहारिकताको दृष्टिबाट बहुतै छोटो छ । निर्वाचित व्यक्तिले निर्वाचन पछि केही समय आफ्नो पदको कर्तव्य र प्रशासनिक विषयहरूको अध्ययनमा लगाउनु पर्दछ र त्यसपछि निश्चित भएर विकास कार्यमा लाग्नु पर्ने स्थितिमा अर्को निर्वाचनको तैयारी शुरु गर्नुपर्दछ । यसबाट विकासको कार्य गर्ने समय नरही निर्वाचित हुन चाहने व्यक्तिहरूले तमाम मतदाताहरूसित चुनावमा मात्र रुमलिनु पर्ने एवम् गुटबन्दी पनि बढ्न जाने भई हाम्रो व्यवस्थाको निर्दलीयतामा आघात पुग्न जाने संभावना पनि देखिन्छ । यसरी चाँडो निर्वाचन गराईरहँदा एकातिर सार्वजनिक सम्पतिमा खर्च र प्रशासनमा पनि बोझ बढ्न गएको छ । अर्कोतिर निर्वाचित व्यक्तिले निश्चिन्त भएर विकास काममा बढी ध्यान दिन पाइरहेका छैनन् ।

(क) अतः गाउं र नगर पञ्चायतका प्रधानपञ्च एवम् उप-प्रधानपञ्चको तथा जिल्ला पञ्चायतका सभापति एवम् उप-सभापतिको पदावधि ४ वर्ष कायम हुन ठीक पर्दछ । तसर्थ सम्बन्धित संशोधन ऐनमा सोही प्रकार हुनुपर्ने ।

(ख) ऐनमा संशोधन गरी निर्वाचन भएको १ वर्षपछि मात्र अविश्वासको प्रस्ताव पेश गर्न सक्ने व्यवस्था गर्ने ।

(ग) निर्वाचन भएको मितिदेखि नै पदावधि प्रारम्भ भएको मानिने व्यवस्था गर्ने र कुनै कारणवश मध्यावधिमा रिक्त भएको स्थानको पूर्ति हुंदा पनि बाँकी पदावधिको लागि मात्र निर्वाचन गराउने । यसो गरेमा राष्ट्रिय पञ्चायत कै अनुरूप हुन गई सबै तहका पञ्चायतहरूको विषयमा एकरूपता आउने छ ।

(घ) पञ्चायतहरूको निर्वाचन कालमा र पदावधिमा पनि एकरूपता ल्याउन गाउं पञ्चायत, नगर पञ्चायतका सदस्यहरू सहित उप-प्रधानपञ्च तथा प्रधानपञ्चको पदावधि समाप्त हुने वर्षको माघ मसान्त र जिल्ला पञ्चायतका सदस्य सहित उप-सभापतिहरूको पदावधि वर्ष फाल्गुण मसान्तमा स्वतः समाप्त हुने गर्नुपर्दछ ।

(ङ) गाउं पञ्चायत र नगर पञ्चायतको उप-प्रधानपञ्च वा प्रधानपञ्च पदमा सदस्य वा उप-प्रधानपञ्चले चुनाव लड्न चाहे निजले उम्मेदवारमा दरखास्त दिदै साविक पद स्वतः रिक्त हुने हुंदा सो रिक्त पदको निमित्त पनि निर्वाचनमा दोहोरो झन्झट नहुने गर्न सोही निर्वाचनमा सूचना प्रकाशित गरी सो रिक्त पद पूर्तिको लागि पनि निर्वाचन अधिकृतलाई निर्वाचन गराउने गराउनु पर्दछ ।

**नगर पञ्चायतको प्रधानपञ्च तथा उप-प्रधानपञ्च र जिल्ला पञ्चायतका सभापति तथा उप-सभापतिको निर्वाचनको आधारसम्बन्धी**

(क) नगर पञ्चायतका प्रधानपञ्च तथा उप-प्रधानपञ्चको चुनावमा पनि बढी मतदाताहरूले भाग लिउन र पदहरू बढी प्रभावकारी बनाउने विषयमा तल दफा ३ मा सिफारिश गरिने नगरसभाका सदस्यहरूद्वारा निर्वाचन गर्ने तथा निम्न १,२ र ३ उप-दफा समेतको कुराको कानूनी आधार हुनुपर्छ भनी समिति सिफारिश गर्दछ ।

(१) प्रधानपञ्च र उप-प्रधानपञ्चको उम्मेदवार हुन मतदाताहरू मध्ये घटीमा २ जना प्रस्तावक र ५ जना समर्थक भएको हुनुपर्दछ ।

(२) प्रधानपञ्च तथा उप-प्रधानपञ्चको चुनाव गर्नुभन्दा पहिला नगर (वडा समितिका सदस्यहरू)को चुनाव गराउनु पर्दछ ।

(३) वडा समिति तथा नगरको लागि निर्वाचन हुने सदस्यहरूको पदावधि पनि ४ वर्ष हुनु पर्दछ।

(ख) जिल्ला पञ्चायतका सभापति तथा उप-सभापतिहरूको चुनाव पनि विकेन्द्रीकरणको सिद्धान्त तथा पञ्चायती व्यवस्थाकै स्वशासनलाई ध्यानमा राखी जिल्ला पञ्चायत सभापति एवम् उप-सभापति पदको

महत्व स्वतः स्पष्ट छ यी पदहरूलाई बढी प्रभावशाली वनाउनको निमित्त बढी लोक सम्मत वनाउन आवश्यक छ।

निर्वाचनको तरीकालाई अझ वैज्ञानिक वनाएर निर्वाचित व्यक्तिलाई कार्यतत्पर वनाउनु पर्दछ। यसको निमित्त निर्वाचकहरूको संख्या वढाउनुमा नै बढी लोक सम्मतिपूर्ण हुन आउने छ। यसको निमित्त निम्न लिखित कानूनी व्यवस्था हुनु आवश्यक छ।

(१) जिल्लामा जिल्लासभा एवम् नगर (मनोनीत बाहेक) तथा गाउँ पञ्चायतका सबै पञ्चहरू समेतले आफूहरू मध्येबाट जिल्ला पञ्चायतका सभापति तथा उपसभापतिको निर्वाचन गर्ने।

(२) सुविधा अनुसार जिल्लाहरूको निमित्त आवश्यकताअनुसार मतदान केन्द्रहरू राख्ने व्यवस्था मिलाउने

(३) जिल्ला पञ्चायतको सभापति तथा उप-सभापतिको निर्वाचनको लागि दरखास्त दिंदा कमसेकम ५ जना मतदाताहरूको प्रस्तावक र ५ जना समर्थक भएको हुनुपर्ने।

(४) जिल्ला पञ्चायतको सभापति वा उप-सभापतिले राष्ट्रिय पञ्चायतको सदस्यताको निमित्त हुने निर्वाचनको लागि उम्मेदवारमा खडा भई हार भएमा निजहरूको जिल्ला पञ्चायतको सभापति वा उपसभापति पदमा स्थान रहने छैन। यसरी रिक्त हुन आएको जिल्ला पञ्चायत सभापति वा उपसभापति पदमा पुनः निर्वाचनद्वारा पूर्ति गर्नुपर्दछ।

(५) जिल्ला पञ्चायतका सभापति-उपसभापतिको निर्वाचनको निमित्त यो आधार भएतापनि जिल्ला पञ्चायतको १।३ एक तिहाइ सदस्यको चुनाव २।२ वर्षमा नै भई रहने हुँदा जिल्लासभाका सदस्यहरूबाट गर्ने।

(६) कुनै पनि व्यक्ति राष्ट्रिय पञ्चायतको सदस्यमा निर्वाचित भएपछि निजको जिल्ला पञ्चायतको सदस्यता कायम रहनु हुँदैन। तसर्थ राष्ट्रिय पञ्चायतको सदस्यमा विजयी हुनासाथ निजको स्थान जिल्ला पञ्चायतको सदस्यताबाट स्वतः हट्ने व्यवस्था ऐनद्वारा हुनुपर्दछ। तर सम्बन्धित जिल्लाको रा.पं. सदस्य पर्यवेक्षकको रूपमा रहनेछन्।

**गाउँस्तरमा गाउँसभा, जिल्लास्तरमा जिल्लासभा झैं नगरस्तरका नगरसभाको आवश्यकतासम्बन्धी**

गाउँ पञ्चायतका प्रधानपञ्च उप-प्रधानपञ्चको निर्वाचनमा जस्तै नगर पञ्चायतका प्रधान तथा उप-प्रधानपञ्चको निर्वाचनमा पनि बढी मतदाताहरूलाई मतदान गर्ने अवसर उपलब्ध गराएर बढी व्यापक एवम् लोकसम्मतयुक्त वनाउनु पर्ने आवश्यकता अनुभव गरिएको छ। गाउँमा कार्यपालिकाको रूपमा गाउँ पञ्चायत रहेको छ र साथै गाउँका विभिन्न योजना एवम् महत्वपूर्ण नीति निर्धारण गर्ने तथा गाउँ कार्यपालिका माथि सामान्य नियन्त्रण गर्नका लागि गाउँसभा रहेको छ। तर नगरको निमित्त यस्तो व्यवस्था छैन। नगर पञ्चायतले कार्यपालिका साथै व्यवस्थापिकाको काम पनि गर्नु परेको छ। नगरको यस्तो व्यवस्था पञ्चायतका अरू तहसित अमेल भएको स्पष्ट छ।

यसको समाधानको निमित्त नगरसभा स्थापना गर्नु आवश्यक छ। नगरसभाको स्थापना सम्बन्धमा निम्नलिखित कानूनी व्यवस्था हुनु पर्दछ।

(क) नगरका प्रत्येक वडाबाट क्षेत्रफल र जनसंख्या समेतको विचारगरी १ वडाबाट ५ जना वडा सदस्य वडाका सम्पूर्ण वालिग मताधिकारको आधारमा नियम अनुकूल निर्वाचन गराउने व्यवस्था हुनुपर्दछ। र नगर पञ्चायतको कार्यकारणी सदस्यतामा नगर पञ्चायत इलाका भित्रका प्रत्येक वडाबाट एकजना सदस्य निर्वाचित गरेर पठाइने व्यवस्था हुनुपर्दछ। र मनोनीत गरिने ४ सदस्यहरूको हकमा अञ्चल समितिको परामर्श लिई सम्बन्धित अञ्चलाधीशले विभिन्न क्षेत्रका ख्याति प्राप्त गरेका बुद्धिजीवीहरूबाट गर्नुपर्दछ।

(ख) वडाबाट निर्वाचित भएका सदस्यहरूको समूहलाई वडा समिति भनिने र वडा समितिको सदस्यहरूको पदावधि सदस्यता, योग्यता र निर्वाचनसम्बन्धी नियम नगर पञ्चायतमा सदस्यहरूको निमित्त सम्बन्धित ऐन, नियममा तोकिएसरह नै व्यवस्थित हुनुपर्दछ।

(ग) वडाका वालिग मताधिकारी सदस्यहरूले आफूहरू मध्येबाट नै नगर पञ्चायत सदस्य निर्वाचन गर्ने हुनुपर्दछ ।

(घ) यस्तो वडा प्रतिनिधिले नगर पञ्चायत (कार्यपालिका)का सदस्य हुने र वडा समितिका अध्यक्ष हुने गर्नु पर्दछ ।

(ङ) नगर पञ्चायतको पनि गाउँ पञ्चायतको जस्तै एउटा नगरसभाको व्यवस्था हुन आवश्यक छ । र नगर पञ्चायत नगरसभाप्रति उत्तरदायी हुने व्यवस्था हुनु पर्दछ ।

(च) सम्पूर्ण वडा सदस्यहरूकै नगरसभा हुनेछ ।

(छ) नगरसभाका सदस्यहरूले आफू मध्येबाट नगर पञ्चायतको प्रधानपञ्च तथा उप-प्रधानपञ्चको निर्वाचन माथि दफा (२) को उपदफा (क) बमोजिम गर्ने र गराउनु पर्दछ ।

(ज) नगरसभाको सामान्य निर्देशनमा सबै वडा समितिहरूलाई विकास कार्यको अधिकार प्रत्यायोजित गरी नगर पञ्चायतले निर्देशन गर्नु पर्दछ ।

(झ) नगरका निमित्त महत्वपूर्ण नीति निर्धारण गर्ने बजेट विनियोजन गर्नु र योजना बनाउन पर्ने काम चाहिँ नगरसभाको अधिवेशनमा नै निहित गराउनु पर्दछ । यसरी नगरसभाको गठनको लागि संविधानमा व्यवस्था गर्नुपर्ने पनि समिति महसुस गर्दछ ।

**नगर पञ्चायत सदस्यहरूको एक तिहाइ जिल्लासभाका प्रतिनिधित्व भएकोमा केही नगरको जनसंख्याको अनुपातमा प्रतिनिधित्वको संख्या बढाउने सम्बन्धमा**

माथि दफा ३ को उपदफा (क) मा उल्लेख भएअनुसार जिल्ला पञ्चायतका सभापति तथा उप-सभापतिको निर्वाचनमा नगर पञ्चायतको पनि प्रत्येक सदस्यले मतदान दिन पाउने व्यवस्था गरिएको हुँदा यसमा नगर पञ्चायतको पनि प्रशस्त प्रतिनिधित्व हुने भएको छ । साथै अर्को विकल्प वडा समितिको पनि यही सिफारिश गरिएको हुँदा नगरको विकास कार्यमा र नगरसभाको मर्यादापूर्ण स्थानमा बढी नगरको जनप्रतिनिधिहरू सरीक हुनेहुँदा जिल्लासभामा प्रतिनिधि संख्या बढाउन आवश्यक छैन भन्ने यो समितिको राय छ ।

**जिल्लासभालाई बढी प्रभावकारी बनाउन गाउँ पञ्चायतका प्रधानपञ्चलाई जिल्लासभाको पदेन सदस्य बनाउने सम्बन्धमा**

(१) प्रत्येक गाउँ पञ्चायतबाट १/१ जना जिल्लासभामा प्रतिनिधित्व गर्ने हालको व्यवस्था यथावत रहनु पर्दछ । किनभने जिल्ला पञ्चायतको सभापति उपसभापतिको निर्वाचन जिल्लाका सम्पूर्ण गाउँ पञ्चायतका सदस्यहरूबाट हुने व्यवस्था हुँदैछ । साथै प्रधानपञ्चको गाउँको विकास र निर्माणमा ठूलो स्थान र महत्व छ भने गाउँ पञ्चायतबाट जिल्लासभामा निर्वाचित सदस्यको राजनीतिक, सामाजिक र प्रशासनिक क्षेत्रमा उसको आफ्नो महत्व छ । तसर्थ गाउँ पञ्चायतको प्रधानपञ्चलाई जिल्लासभाको पदेन सदस्य बनाउन व्यावहारिक देखिन्न । जहाँसम्म गाउँ पञ्चायत र नगर पञ्चायतको सही प्रतिनिधित्व जिल्लासभामा हुँदैन भन्ने तर्क छ, त्यस्को समाधानको लागि हाम्रो रायमा नगर र गाउँ पञ्चायतबाट जिल्लासभाको सदस्यको निर्वाचनमा निर्वाचित हुने व्यक्तिले घटीमा ५१ प्रतिशत मत प्राप्त भएपछि मात्र विजयी हुने व्यवस्था भएमा प्रजातान्त्रिक र लोक सम्मत हुनेछ ।

तर यस प्रश्नमा मा. भुइदल राइजीले प्रत्येक गाउँ पञ्चायतका प्रधानपञ्च नै जिल्लासभाको पदेन सदस्य रहने व्यवस्था हुन आवश्यक छ भन्ने विचार प्रस्तुत गर्नु भएको छ ।

मा. ओंकारप्रसाद गौचनको राय : गाउँ पञ्चायतबाट जिल्लासभामा प्रत्येक पञ्चायतबाट एकजना सदस्य चुनिएर जानको अतिरिक्त गाउँ पञ्चायतका प्रधानपञ्च पनि पदेन रूपबाट जिल्लासभामा जानुपर्ने व्यवस्था गरिनु पर्दछ । यसो भएमा जिल्लासभा व्यापक हुन्छ ।

**जिल्लालाई राष्ट्रिय पञ्चायतको प्रतिनिधित्व गर्ने सदस्यको निर्वाचनको तरीकामा हेरफेर गर्ने**

उपरोक्त विषयमा समितिले धेरै दिनसम्म काफि समय लगाई छलफल गर्दा पनि एक रायमा पुग्न सकेन । गहिरो छलफलको दौरानमा निम्नलिखित विभिन्न आधारभूत कुराहरू उठे र छलफल तिनै कुराहरूमा केन्द्रित भयो ।

(क) राष्ट्रिय पञ्चायतको सदस्यलाई केवल अञ्चल (अञ्चल भित्रका जिल्ला पञ्चायतका सदस्यहरू)बाट मात्र चुन्दा मतदाताहरूको संख्या कम भयो । यसलाई विस्तृत गर्नुपर्छ ।

(ख) राष्ट्रिय पञ्चायतको निमित्त हुने चुनाव हेरफेर गर्दा गुटवन्दी, वादवन्दीको भावनाले प्रश्रय पाउँछ । त्यसैले अहिले त्यसै राख्ने । दलीय भावना बढ्यो भने त्यसले निर्दलीयपनमा आघात पार्छ । तसर्थ अहिले कुनै परिवर्तन गर्नु हुँदैन । साथै हाल व्यवस्था भएको जिल्ला पञ्चायतको सदस्य प्रस्तावक र समर्थक हुने व्यवस्था पनि खारेज गर्नुपर्छ ।

(ग) व्यवस्था र संविधानले राष्ट्रिय पञ्चायतको सदस्य यस्तो व्यक्ति हुन आकाङ्क्षा राखेको छ जसलाई जिल्लाले पत्याएको हुनुपर्छ, अञ्चलले समर्थन गरेको हुनुपर्छ र राष्ट्रिय भावना भएको पनि हुनुपर्छ ।

(घ) अञ्चलीय भावनालाई छाड्नु हुँदैन ।

(ङ) हाम्रो व्यवस्थामा जति जति माथिल्लो तहमा चुनाव हुन्छ उति उति अप्रत्यक्ष चुनाव हुने परिपाटी छ त्यसलाई छाड्नु हुँदैन ।

(च) हाम्रो संविधानले राष्ट्रिय पञ्चायतको सदस्य प्रत्येक जिल्लाबाट एउटा हुनुपर्छ भन्ने किटेको हुनाले जिल्लाको बढी मत हुनै पर्छ ।

(छ) अञ्चलसभालाई विस्तृत गर्नुपर्छ जसबाट जिल्ला पञ्चायत र जिल्लासभापति स्वभावतः विस्तृत हुन जान्छ ।

(ज) हाल रहेकै अञ्चलसभा कायम गर्नुपर्छ किनकि अञ्चलसभाले सभापति उप-सभापतिको चुनाव क्षेत्र बढाउन मुनासिब पर्दैन । बरु अञ्चलसभा र थप जिल्लाको राष्ट्रिय पञ्चायतको चुनावमा मतदाता हुन सक्ने गर्नुपर्छ ।

(झ) प्रत्येक गाउँ पञ्चायतका सदस्यले मत दिन पाउने हुनुपर्छ । यसबाट पनि अञ्चलीय भावना रहन्छ ।

(ञ) मत दिन पाउनेले चुनावमा उम्मेदवार हुन पनि पाउनु पर्दछ ।

(ट) उम्मेदवार र मतदाताको योग्यतासम्बन्धी नियममा नै मत दिन पाउनेले उम्मेदवार हुन नपाउने राख्न पनि सकिन्छ ।

तसर्थ यस विषयमा निम्नलिखित रायहरू पनि समितिको प्रतिवेदनमा समावेश गरी श्री ५ को सरकारमा सुझाव पेश गर्ने समितिले निर्णय गऱ्यो :

(१) **मा. श्री भुईदल राई र मा. रामसिंह यादवले दिनु भएको राय**

लोकप्रिय, प्रतिभाशाली तथा समाजसेवी (जनसेवी) कार्यकर्ता तथा व्यक्तिहरू पञ्चायती व्यवस्थाले पाओस भन्नाको लागि जिल्लाका समाज तथा पञ्च र पञ्चायतप्रति उत्तरदायी रही प्रतिनिधित्व गरुन भन्ने समेत दृष्टि दिंदै राष्ट्रिय पञ्चायत सदस्यहरूको निर्वाचन सम्बन्धित जिल्लाका सम्पूर्ण गाउँ पञ्चायतका जम्मै पञ्च सदस्यहरूको समूहले निर्वाचन गरुन् भन्ने राय छ । किनकि जिल्ला पञ्चायतको उप-सभापति र सभापति पदको निर्वाचनको लागि यही कुरा स्वीकार गरिएको छ ।

अनि अञ्चलीय एकता तथा भावना कायम हुन् भन्नको लागि सम्बन्धित सभापद्ले पनि मतदानमा भाग लिने गरियुन् ।

(२) **श्री प्रमोद शमशेरले दिनु भएको राय**

श्री ५ को सरकारले यही २०२४ साल आश्विन १६ गते राष्ट्रिय पञ्चायतको पञ्चायत समितिका सभापतिको अध्यक्षतामा गठन गरेको २१ सदस्यीय समितिलाई समितिको काम भनी प्रस्तावित विषय सूचीको दफा ६ मा जिल्लालाई राष्ट्रिय पञ्चायतका प्रतिनिधित्व गर्ने सदस्यको निर्वाचनको तरीकामा हेरफेर गर्ने भन्ने प्रस्ताव छ । यस प्रस्तावमा सबै जनाको एउटै राय नहुंदा मेरो राय लेखी पेश गरेको छु ।

(१) नेपालको संविधान २०१९को भाग ८ को परिच्छेद २ को धारा ३४ ले राष्ट्रिय पञ्चायतको गठन गर्ने व्यवस्था गरेको छ ।

(२) यही धारा ३४ को उपधारा (३) अनुसार प्रत्येक अञ्चलसभाले आफ्ना सदस्यहरू मध्येबाट अनुसूची ४ मा उल्लेख गरिएको संख्यामा राष्ट्रिय पञ्चायतको लागि सदस्यहरूको कानूनद्वारा तोकिएको तरीकाले निर्वाचन गर्नेछ ।

तर अञ्चलसभाले राष्ट्रिय पञ्चायतका लागि सदस्य निर्वाचन गर्दा सो अञ्चल भित्र पर्ने प्रत्येक जिल्लाबाट कम्तीमा एउटा सदस्य निर्वाचित गर्नु पर्नेछ भन्ने स्पष्ट उल्लेख गरी प्रत्येक जिल्लाको एउटा प्रतिनिधि राष्ट्रिय पञ्चायतमा हुनै पर्छ भनी तोकि दिएको छ ।

अनुसूची ४ हेर्दा सबै अञ्चलसभाबाट जम्मा ९० जना सदस्यहरू राष्ट्रिय पञ्चायतमा छानिएर जाने देखिन्छ । नेपाल अधिराज्यभरिमा जम्मा ७५ जिल्लाहरू मात्र छन् । तर रा.पं.मा भने यी ७५ जिल्लाहरूबाट ९० जना प्रतिनिधि छानिने रहेछन् । यसैले कुनै कुनै ठूलो जिल्लाबाट एकभन्दा बढी प्रतिनिधि छानी पठाउने व्यवस्था पनि भएको देखिन्छ । उदाहरणको लागि बागमती अञ्चलमा जम्मा आठ जिल्लाहरू मात्र छन् । तर यी ८ जिल्लाहरूबाट राष्ट्रिय पञ्चायतको लागि ११ जना प्रतिनिधि छानिन्छन् ।

(३) संविधानको भाग ८ को परिच्छेद १ को धारा ३३ ले अञ्चलसभा गठन गर्ने व्यवस्था गरेको छ । यस धाराको उपधारा (१) अनुसार प्रत्येक अञ्चलमा सो अञ्चल भित्रका जिल्ला पञ्चायतहरूमा सम्पूर्ण सदस्यहरू समेत भएको एउटा अञ्चलसभा रहनेछ भनी अञ्चलसभाको गठन गर्ने तरीका तोकेको छ ।

उपर्युक्त ढङ्गबाट प्रत्येक अञ्चलभित्रका सबै जिल्लाहरूका कार्यकारणी जिल्ला पञ्चायतका सम्पूर्ण सदस्यहरू भएको अञ्चलसभा आफ्नो अञ्चलभित्रको जिल्लाको प्रतिनिधित्व गर्ने राष्ट्रिय पञ्चायतको सदस्य छान्ने निर्वाचक मण्डलको रूपमा छ । प्रत्येक जिल्ला पञ्चायतमा जम्मा ११ जनाको मात्र कार्यकारणी हुन्छ ।

माथि उल्लेख गरिएअनुसार प्रत्येक जिल्लाको प्रतिनिधित्व राष्ट्रिय पञ्चायतमा हुनु पर्ने भएकोले उपर्युक्त अञ्चलसभाका सदस्यहरू मध्येबाट जुन जिल्लाको प्रतिनिधित्व गरिनु पर्ने हो त्यसै जिल्लाको कार्यकारिणिका ११ जना सदस्यहरू मध्येबाट मात्र राष्ट्रिय पञ्चायतको उम्मेदवार हुन पाउने स्पष्ट छ र त्यसै भै रहेको छ । अञ्चलको आकारप्रकार एकनासको नहुँदा कुनै अञ्चलका जिल्लाहरूमा ८ सम्म र कुनैमा ४ जिल्लाहरूमात्र भएको अञ्चल पनि छ । यस हिसाबले अहिलेको राष्ट्रिय पञ्चायतको निर्वाचक मण्डल ८८ जना देखि लिएर ४४ जनासम्म मै सीमित रहेकोछ । यसमा पनि निर्वाचन आयोगको सिफारिशमा श्री ५ को सरकारले नयाँ नियम जारीगरी प्रत्येक जिल्लाको प्रतिनिधित्व राष्ट्रिय पञ्चायतमा गर्नुपर्ने भएकोले जुन जिल्लाको स्थान रिक्त भएको छ त्यसै जिल्लाका कार्यकारणी सदस्यनै उभिने भएपनि त्यसै जिल्ला कार्यकारिणी कै सदस्य प्रस्तावक र समर्थक नभई रा.पं.को लागि उम्मेदवार हुन नपाउने गरी बन्देज पनि गरियो ।

प्रत्येक २,२ वर्षमा राष्ट्रिय पञ्चायतको १।३ सदस्यहरूको पदावधि समाप्त हुनेहुँदा यसैगरी रिक्त हुन आएका स्थानहरूको पूर्ति गर्न प्रत्येक २ वर्षमा त्यसरी रिक्त हुन गएका स्थानहरूमा निर्वाचन गरिन्छ । अहिले सम्ममा हामीले तीन पटक निर्वाचन भएको हेर्यौं र यसबाट केही अनुभव पनि प्राप्त गर्यौं । निर्वाचनमा गुटबन्दी भयो, पैसा खर्च गर्न सक्ने र हाटहुट गर्न सक्नेले मात्र अहिलेको प्रचलित तरीकाको निर्वाचनबाट लाभ उठाउन पाए भन्ने गुनासो ठाउँ ठाउँमा सुनियो । हुनपनि कतिपय निर्वाचन क्षेत्रबाट निर्विरोध भई सदस्य चुनिएर आएको पनि देखियो र केही ठाउँमा धाँधली भएको पनि सुनियो । जिल्लाको प्रतिनिधिको रूपमा राष्ट्रिय पञ्चायतमा आएको प्रतिनिधिको विरुद्ध जिल्लासभाले अविश्वासको प्रस्ताव पास गरेको पनि सुनियो । यसैले निष्पक्ष रूपबाट जन प्रतिनिधि राष्ट्रिय पञ्चायतमा चुनिएर आउन् भनी यस कुरामा राम्रो चिन्तन गरी, हाम्रो परिस्थिति र व्यवहार सुहाउँदो तरीका हामीले तुरुन्तै अपनाउनु अत्यन्त जरुरी भएको छ ।

(१) प्रत्येक जिल्लाको प्रतिनिधित्व राष्ट्रको सर्वोच्च विधायिका राष्ट्रिय पञ्चायतमा हुनै पर्छ भन्ने कुरा संविधानबाट तोकिदिएको छ र यसमा दुई मत भए जस्तो पनि मलाई लाग्दैन । अतः रह्यो जिल्लाका प्रतिनिधि कसरी र कसले छान्ने भन्ने विषय, यस विषयमा राष्ट्रिय पञ्चायतको निर्वाचन मण्डल निम्नलिखित तारीकाबाट विस्तृत गर्ने मेरो सुझाव छः

१) हालको अञ्चलसभाका सम्पूर्ण सदस्यहरू जुन जिल्लाको स्थान रिक्त हुन गएको छ। त्यस जिल्लाका गाउँ तथा नगर पञ्चायतको सम्पूर्ण सदस्यहरू मध्येबाट राष्ट्रिय पञ्चायतका रिक्त स्थानको लागि लड्न पाउने व्यवस्था गर्ने।

२) जिल्लाको रिक्त स्थानबाट रा.प.को निर्वाचनमा खडा हुने उम्मेदवारले कम्तीमा चारजना आफ्नो जिल्लाकै मतदाताहरू प्रस्तावक र कम्तीमा चारजना समर्थकहरू आफ्नो जिल्ला बाहिरका र आफ्नो अञ्चलसभासद्हरूसँग निकटतम सम्पर्क राख्नुपर्ने हुन्छ र अञ्चलीय एकता कायम रहन्छ।

३) उम्मेदवार हुने व्यक्तिले संविधानको धारा ३५ अनुसार उम्मेदवार हुनको लागि चाहिने योग्यता प्राप्त गर्नुको अतिरिक्त सामान्य लेखपढ गर्नसक्ने हुनुपर्छ भन्ने थप योग्यता प्राप्त गर्नुपर्दछ।

४) रा.प.को सदस्यको लागि उम्मेदवार हुने व्यक्ति गाउँ वा नगर पञ्चायतको सदस्य भएका निजले कम्तीमा दुई वर्षसम्म गाउँ वा नगर पञ्चायतमा पञ्च चुनिएर काम गरीसकेको हुनुपर्दछ भन्ने थप योग्यता रहनु पर्दछ।

उपर्युक्त सुझावअनुसार निर्वाचक मण्डललाई विस्तृत गरिएका कुनैपनि अयोग्य व्यक्ति विशेष, साम, दाम र भेद नीतिबाट राष्ट्रिय पञ्चायतमा पुग्ने मौका पाउँदैन भन्ने मलाई लागेको छ।

यसरी सोझै गाउँ पञ्चायतबाटै राष्ट्रिय पञ्चायतको लागि लडन पाउने भएपछि जिल्ला पञ्चायतको लागि को लड्न चाहला ? भन्ने तर्क उठ्नु अस्वाभाविक छैन। यसको उत्तरमा मेरो तर्क यही छ कि विकेन्द्रीकरण सिद्धान्तलाई व्यवहारमा प्रयोग गरी जिल्ला पञ्चायतलाई हामीले प्रशस्त अधिकार दिदै जादैछौं र दिइसकेका पनि छौं। अतः स्थानीय प्रशासन र विकासका काम समेत जिल्ला पञ्चायतले गर्न पाउने हुँदा जिल्लास्तरमा काम गर्नको लागि प्रशस्त आकर्षण रहेको छ।

अर्कोतर्फ यो पनि हुनसक्छ कि गाउँ तथा नगर पञ्चायतमा छानिने व्यक्ति मध्ये कति जना त्यति अनुभवी नहुन पनि सक्छन् त्यसैले यस्ता मानिस राष्ट्रिय पञ्चायतमा पुग्दा त्यहाँ काम गर्न सक्दैनन् कि ? यस सन्दर्भमा मलाई यही भन्नु छ कि यसरी निर्वाचन मण्डल विस्तृत गराउँदा स्थानिय गाउँ र नगरमा राम्रो काम गरी जनताको विश्वासप्राप्त गर्न सकेमा रा.प.को लागि समेत सोझै लड्न पाउने आकर्षणले गर्दा देशका धेरै बुद्धिजीवीहरू गाउँ र नगर पञ्चायतमा चुनिएर आउने छन् र यसले गर्दा गाउँ र नगर पञ्चायतहरू बढी क्रियाशील हुनाको साथै राष्ट्रिय पञ्चायतमा पनि अरू बढी योग्य सदस्य चुनिने छन्। फेरि रा.प.को निर्वाचनको लागि खडा हुने व्यक्तिले स्थानीय स्वायत्त शासनको पनि केही अनुभव गरेको होस् भन्ने हेतुले उम्मेदवार हुनेले कम्तीमा २ वर्ष गाउँ वा नगर पञ्चायतमा पञ्च भई काम गरेको हुनैपर्छ भन्ने बन्देज राखिएकै छ। कदाचित कुनै सदस्यले त्यहाँ पुगेर पनि राष्ट्रिय पञ्चायतको मर्यादा पालन नगरेमा आचार संहिताअनुसार कार्वाई गरिने व्यवस्था छँदैछ।

अर्को एउटा कुरा, यसरी निर्वाचन विस्तृत गर्दा हाम्रो खर्चले धान्न सक्दैन कि भन्ने तर्क पनि उठ्न सक्छ। यसको लागि अब हाम्रो निर्वाचन मण्डल कति व्यापक हुन जान्छ भनी हेर्नुपर्दछ। काठमाडौं जिल्लामा जम्मा ८२ गाउँ पञ्चायत र १ नगर पञ्चायत छ। उपर्युक्त ढङ्गबाट निर्वाचनमण्डल व्यापक गराउँदा काठमाडौं जिल्लामा गाउँ पञ्चायतबाट ९०२, नगर पञ्चायतबाट २९ र बागमती अञ्चलमा सदस्यहरू ८८ गरी जम्मा मतदाता १,१४१ जना हुन आउँछन् र बागमती अञ्चलले रसुवा जिल्लामा जम्मा १२ गाउँ पञ्चायत मात्र भएकोले त्यहाँको निर्वाचन मण्डलमा जम्मा २२० सदस्यहरू मात्र हुन आउँछन्। यो भन्दा कम संख्याका गाउँ पञ्चायतहरू भएका अरू जिल्लाहरू पनि छन् र सबैभन्दा धेरै गाउँ पञ्चायत भएको जिल्लामा १२८ पञ्चायत छन्। यसैले चुनाव गर्दा ज्यादा खर्च पनि हुने देखिदैन।

माथि उल्लेख गरिएबमोजिम रा.पं.को सदस्यको लागि खडा हुने उम्मेदवारको उमेरको हद कम्तीमा २५ वर्ष, सामान्य लेखापढी गर्न सक्ने हुनुपर्नेछ र कम्तीमा २ वर्ष गाउँ वा नगर पञ्चायतको सदस्य भई काम गरेको हुनु पर्ने बन्देजले गर्दा उम्मेदवार हुन पाउनेको संख्या निर्वाचन मण्डलको जम्मा संख्या भन्दा निकै कम हुनेछ।

मेरो यो सुझाव समितिको प्रतिवेदनमा छुट्टै संलग्न गरी श्री ५ को सरकारमा प्रस्तुत गरेको छु।

**(३) माननीय श्री डालबहादुर खड्काले दिनु भएको राय**

स्थानीय जिल्लाको परिचित मतदाताहरूको संख्या बढ्दै गयो भने मात्र जिल्लाको सही प्रतिनिधित्व गर्ने व्यक्ति निर्वाचित हुन सक्ने र अपरिचित मतदाताहरूको गुटबन्दीबाट बच्न सक्ने हुँदा, उम्मेदवार हुने जिल्लाको जिल्लासभा र अञ्चलीय एकता टुट्न नदिनको निमित्त अरू जिल्लाको अञ्चलसभाले मत दिन पाउनु पर्छ। बाहिर अरू जिल्लाको अञ्चलसभा सदस्य समर्थक प्रस्तावक रहँदा गुटबन्दी दलबन्दीको गुञ्जायस रहने हुँदा आफ्नो जिल्लाको अञ्चलसभाको सदस्य नै समर्थक प्रस्तावक हुनुपर्दछ तसर्थ सोही बमोजिम होस्।

**(४) श्री पूर्णबहादुर मानवको मन्तव्य**

मैले एउटा समितिका विभिन्न उप-समितिहरू बन्नुभन्दा अघि नै मूल समितिको बैठकमा आफ्नो विचार व्यक्त गर्ने निवेदन गरेको थिएँ कि राष्ट्रिय पञ्चायतको चुनाव जस्ताको तस्तै राख्नु पर्छ। यसलाई खलबल्याउने समय आएको छैन। र अलिअलि स्ट्रक्चरल रिफर्म गर्नुपर्ने कुरा सामयिक छ तापनि व्यवस्था अन्तर्गत मूल समस्या होइन। पछि उप-समितिहरूका प्रतिवेदनहरू पेश भएपछि पनि यस विषयलाई लिएर सभा ज्यादातर विभाजित भएकोबाट पनि स्वतः र स्वभावतः नै राष्ट्रिय पञ्चायतको चुनाव खलबल्याउनु नहुने कुरो व्यक्त हुन्छ। अर्को कुरा राजनीतिक दृष्टिकोणबाट पनि अराष्ट्रिय तत्वहरूको कार्वाई छिपेरुस्तमको रूपमा विद्यमान नै भएकोले पनि अझ एक दुई साल यस चुनाव क्षेत्रलाई खलबल्याउनु हुन्न जस्तो लाग्छ। अतः मेरो छुट्टै सुझावको रूपमा राखियोस्।

## पञ्चायत करको निर्धारण

राष्ट्रव्यापी सर्वतोमुखी विकासको लागि श्री ५ को सरकारलाई पनि साधनको उत्तिकै जरुरी छ जति विभिन्न तहका पञ्चायतहरूलाई आफ्नो स्थानीय विकास कार्यको लागि जरुरी छ। यसरी हेर्दा सालबसाली केन्द्रीयस्तरबाट विभिन्न पञ्चायतहरूलाई विकासको लागि पर्याप्त मात्रामा अनुदान पुऱ्याउन नसकिने र पञ्चायतहरूले पनि केन्द्रीय विकास अनुदानको आधारमा आफ्नो विकास कार्य सञ्चालन गर्न उचित नहुने हुँदा कुनै कुनै रूपबाट केन्द्रीय सरकारलाई चाहिने साधनको समेत विचार गरी पञ्चायतहरूको साधनको लागि एउटा स्थायी व्यवस्था हुनु अत्यन्त जरुरी छ। यस किसिमको स्थायी स्रोतहरूको व्यवस्था नहुन्जेल साल बसाली अनिश्चित परिमाणमा प्राप्त हुने केन्द्रीय अनुदानको आधारमा पञ्चायतहरूले दीर्घकालीन दृष्टिकोणको आधारमा योजनाबद्ध तरीकाबाट स्थानीय विकास कार्यहरू सञ्चालन गर्न सक्दैनन्। अनुदानको आधारमा पञ्चायतहरूलाई सक्रिय राख्न खोज्नु पनि उचित नदेखिने भएकोले श्री ५ को सरकारबाट पञ्चायतहरूलाई दिइने सबै प्रकारका अनुदानहरू सामान्यतया खारेज गर्नुपर्ने देखिन्छ। केन्द्रीयस्तरमा होस वा गाउँ, जिल्लास्तरमा, साधनको अन्तिम स्रोत राष्ट्रिय उत्पादननै हुँदा उत्पादनमा बृद्धि नगरी केवल बढ्दो परिमाणमा उपलब्ध साधनको परिचालन माग गर्न खोज्दा हाम्रो जस्तै निम्नस्तरको जनजीवन यसको बढ्दो भार परेको सबै साधारण जनतामा व्यवस्थाप्रति नैराश्य उत्पन्न हुन सक्ने सम्भावनाको पनि विचार हुनु जरुरी छ।

अर्थात्, बढ्दो साधनको परिचालन बढ्दो उत्पादनको माध्यमद्वारा माग हुन सक्ने र गर्नुपर्ने सामान्य तथ्यलाई ध्यान दिनु अत्यन्त जरुरी छ। उत्पादनलाई बढाउनमा दीर्घकालीन दृष्टिकोणको आधारमा विकाससम्बन्धी व्यापक योजना हुनु अनिवार्य छ।

### पञ्चायत करको सैद्धान्तिक तथा व्यावहारिक आधार

सैद्धान्तिक तथा व्यावहारिक दृष्टिकोणबाट विश्लेषण गरी हेर्ने हो भने विभिन्न तहका पञ्चायतहरूलाई सम्बन्धित ऐन र नियम अन्तर्गत विभिन्न किसिमका कर र रकमहरू उठाउने अधिकार दिनाको आधारभूत कारण यी पञ्चायतहरूको आफ्नो दैनिक प्रशासकीय खर्च जुटाई विकास कार्यहरूलाई चाहिने साधनको परिचालन समेत गर्न सकुन् भन्नाको लागि हो । यस कारण, पञ्चायतहरूले लगाई आएका वा लगाउन सक्ने वा लगाउन हुने विभिन्न किसिमका कर र रकमहरू वास्तवमा यी पञ्चायतहरूलाई सुम्पिएको प्रशासकीय र विकाससम्बन्धी कार्य सञ्चालनको लागि चाहिने साधनसम्बन्धी विषय हो । अर्थात्, पञ्चायत करसम्बन्धी प्रश्न पञ्चायत साधनसम्बन्धी व्यापक विषयको एक अङ्ग मात्र हो । यसकारण, पञ्चायत साधनसम्बन्धी व्यापक सन्दर्भमा विचार हुनु नितान्त आवश्यक छ । पञ्चायतहरूले के कस्तो कर दस्तूर रकम उठाई आएका छन् वा कस्तो कर रकम उठाउन सक्नेछन् भन्ने बारे केही कुराको यकिन गर्नु भन्दा पहिले पञ्चायतहरूलाई आफ्नो कार्य सञ्चालनको लागि के कस्तो साधन कुन परिमाणमा आवश्यक छ भन्ने विषयमा ध्यान दिनु जरुरी छ । पञ्चायतहरूलाई मुख्यतः सम्बन्धित ऐनमा व्यवस्थित स्थानीय विकाससम्बन्धी काम र कर्तव्य पूरा गर्दैजानलाई बढ्दो परिमाणमा भौतिक तथा मौद्रिक साधनको आवश्यकता पर्दछ । सामान्य प्रशासन र न्यायसम्बन्धी कामको लागि भनी साधनको दरकार पर्ने भएतापनि विकास कार्यलाई चाहिने साधनको दाँजोमा यो प्रायः नगण्य सम्झन सकिन्छ ।

यसरी हेर्दा विभिन्न तहका पञ्चायतहरूलाई केवल राजनीतिक एकाईका रूपमा मात्र नहेरी आर्थिक विकासको माध्यमको रूपमा सक्रिय तुल्याउनु नितान्त आवश्यक छ । यसको लागि राष्ट्रिय आर्थिक योजनाको तर्जुमा र कार्यान्वयनमा गाउँ र जिल्ला पञ्चायतहरूलाई अभिन्न अङ्गको रूपमा समावेश गरिनु पर्ने कुरा स्वतः सिद्ध हुन आउंछ । साथै, गाउँ र जिल्ला पञ्चायतहरूबाट सञ्चालन भइरहेका वा हुने र हुन सक्ने विकास कार्यहरू पनि राष्ट्रिय आर्थिक योजना कार्यक्रमको अभिन्न भागको रूपमा हुनु अनिवार्य छ । यसरी पञ्चायतहरूलाई आर्थिक योजनाको तर्जुमा र कार्यान्वयनमा समावेश गरी गाउँ र जिल्लास्तरका विकास कार्यक्रमहरूलाई पनि राष्ट्रिय योजनाको अभिन्न भागको रूपमा गाभिन सकेमा गाउँस्तरदेखि राष्ट्रियस्तरसम्म विकास कार्यमा सबै सरीक हुन पाई समन्वयात्मक तथा योजनाबद्ध ढङ्गबाट राष्ट्रिय विकास कार्यक्रमलाई एक रूपताका साथ निर्दिष्ट लक्ष्य प्राप्तिको लागि सञ्चालन गर्न सकिने र गाउँ जिल्ला पञ्चायतहरू पनि विकास र उत्पादनका एकाईको रूपमा सक्रिय भई बढ्दो उत्पादनको आधारमा बढ्दो परिमाणमा स्थानीय साधनहरूको परिचालन गर्नमा समर्थ भई व्यापक रूपबाट विकासको गतिविधिलाई विस्तार गर्दै लैजान सक्ने हुन्छ ।

एकै विषयमा एकै किसिमको दर वा रकम विभिन्नस्तरबाट एकैचोटि उठाउन दिन वा उठाउने परम्परा राम्रो सैद्धान्तिक तथा व्यावहारिक दृष्टिकोणबाट युक्तिसंगत देखिदैन । हाल गाउँ, नगर, जिल्ला पञ्चायतहरू सबैले एउटै विषयमा एकै किसिमको कर एकै समयमा उठाउन सक्ने व्यवस्था भएको र व्यवहारमा पनि यस किसिमको कर उठाई आएको देखिन्छ । त्यस्तै श्री ५ को सरकारबाट जुन विषयमा कर लगाइ आएकोछ सोही विषयमा अर्कैनामबाट पञ्चायतहरूले कर लगाउन पाउने व्यवस्था भएको र वास्तवमा उठाइ पनि आएको देखिन्छ । उदाहरणको रूपमा केन्द्रीय सरकारले व्यापार, व्यवसाय वा पेशा आदि अनेक स्रोतहरूबाट आर्जन हुने आम्दानीमा आय कर लगाइएको छ । तर, गाउँ पञ्चायत नगर पञ्चायतले पनि व्यापार वा पेशामा कर लगाउन सक्ने व्यवस्था छ । त्यस्तै केन्द्रीय सरकारले घरको बहालबाट हुने आम्दानीमा कर लगाएको छ । तर नगर पञ्चायतले पनि बहालमा दिएको घरको बहालमा कर लगाउन पाउने व्यवस्था छ ।

चन्दा आदिको नामबाट पनि विभिन्न किसिमको रकमहरू पञ्चायतहरूले उठाइ आएका छन् । उदाहरणको रूपमा जिल्ला पञ्चायतहरूले एक जिल्लाबाट अर्कै जिल्लामा निकासी गरिने विभिन्न माल सामान जस्तै धान, तोरी, चामल आदिमा अनिवार्य रूपले चन्दा असूल गरी आएको बुझिएको छ । नगर पञ्चायतहरूले पनि चन्दा उठाएको देखिन्छ । गाउँ पञ्चायतहरूले पनि आफ्ना इलाका भित्रको बाटो गरी अन्यत्र बिक्रीको लागि लैजाने मालसामान, पशु आदिमा अनिवार्य रूपले चन्दा उठाई आएको देखिन्छ । ऐन, नियमको व्यवस्था नभएतापनि यसरी चन्दाको रूपमा अनिवार्य रूपबाट कुनै रकम उठाउने कर लगाउन जरुरी भएको र जनतालाई पनि यसबाट हानि-नोक्सानीका साथै ठूलो झमेला पर्ने हुँदा पञ्चायतहरूले यस किसिमबाट कुनै चन्दा उठाउन नपाउने

व्यवस्था हुन जरुरी छ र साथै राजी खुशीबाट चन्दा सङ्कलन गर्ने सम्बन्धमा पनि कुनै कानूनी व्यवस्था हुनु उपयुक्त देखिन्छ । कृषि तथा अन्य साना तिना रोजगारमा लागेको अशिक्षित र अनभिज्ञ जनताले गरेको कुनै पनि पेशामा विकासको प्रारम्भिक कालमा धेरै स्रोतहरूबाट विभिन्न प्रकारका कर र रकमहरूलाई ज्यादै अल्प परिमाणमा साधनको परिचालन गर्न खोज्नु सिद्धान्ततः उपयुक्त देखिने भएतापनि प्रशासकीय कठिनाइ र व्यावहारिक कठिनाइको समेत विचार गर्दा करहरू सकभर दुई चार मुख्य मुख्य स्रोतहरूमा मात्र लगाइ उपर गर्न युक्तिसंगत देखिन्छ । हाल गाउँ, जिल्ला पञ्चायतहरूले अनेकन स्रोतहरूबाट अनेकन किसिमका कर रकमहरू लगाउन पाउने र लगाई आएका छन । धेरै ठाउँमा यस्तो किसिमको करहरू चुनावलाई ध्यानमा राखेर वा प्रशासनिक कर्मचारीको अभावबाट लगाउन सकेका पनि छैनन् । तसर्थ यी सबै कर रकमहरूबाट प्राप्त हुन सकेका रकम धेरैजसो पञ्चायतहरूमा ज्यादै नगण्य वा अल्प परिमाणमा छ । देशका धेरैजसो पञ्चायतहरू स्थानीय विकासको लागि केन्द्रीय अनुदानमा नै निर्भर रहनु परेको छ ।

पञ्चायती व्यवस्थामा बढी से बढी सर्व साधारण जनताले सक्रिय रूपबाट देश विकासका कार्यमा सम्मिलित हुन पाउने भएकोले विभिन्न किसिमका कर रकमहरूले गाउँ घरका सर्वसाधारण जनतामा बोझ परेको अनुभव गर्ने किसिमबाट पञ्चायती करको व्यवस्था गर्दा पञ्चायतहरूप्रति जनतामा नैराश्यता उत्पन्न हुन सक्ने र विकासको काममा समेत श्रमदान आदि जस्तोमा सहयोग प्राप्त गर्नमा कालान्तरमा कठिनाइ पर्न आउन सक्ने सम्भावनाको विचार हुन जरुरी छ । साथै कर तिर्ने बानी नभएका गाउँ घरका जनता उपर नाना प्रकारका करहरू लगाउँदा कर लगाउन पाउने अधिकारी वा संस्थाप्रति साधारण जनताको विश्वास घट्न सक्ने कुराको पनि ध्यान हुनु जरुरी छ । यसरी विचार गर्दा जुन अधिकारी वा संस्था जनतासित सबभन्दा बढी र निकटतम सम्बन्धमा आएको हुन्छ, त्यस अधिकारी वा संस्थालाई करलगाउने अधिकार दिंदा वा धेरै करहरू र प्रत्यक्ष करहरू उठाउन लगाउँदा सो अधिकार वा संस्थाप्रति कर तिर्ने जनताको विश्वासमा असर पर्ने हुन्छ । तसर्थ, हाम्रो पञ्चायती व्यवस्थाको मूलभूत आधार नै गाउँ पञ्चायत भएको र गाउँ पञ्चायतहरू नै सबभन्दा बढी र निकटतम रूपबाट स्थानीय जनता जनसम्पर्कमा आउने हुँदा गाउँ पञ्चायतहरूलाई करलगाउने बढी अधिकार दिंदा जन सहयोग र स्थानीय नेतृत्वप्रति जन विश्वासको दृष्टिकोणले यी पञ्चायतहरू झन कमजोर हुन सक्ने सम्भावना छ ।

पञ्चायती व्यवस्था जन सहयोग र जन विश्वासको आधारमा विकसित हुन आएको र यस व्यवस्थाको अझ बढी सुदृढिकरणको लागि पनि जन सहयोग र जन विश्वासको नै दरकार पर्ने हुंदा विश्वास कालमा जब जनताले आफ्नो आर्थिक स्थितिमा प्रत्यक्ष रूपबाट प्राप्ति भएको अनुभव गर्दैन तबसम्म सानै रकममा भएतापनि धेरै प्रकारका करहरू लगाउँदा जन विश्वासमा आघात पुऱ्याउन सक्ने हुँदा केही समयको लागि स्थानीय करहरू जहाँसम्म सम्भव हुन्छ स्थानीय विकास कार्यहरूबाट जनताले प्रत्यक्ष रूपबाट फाइदा उठाउन पाएका स्रोतहरूबाट उठाउन ज्यादै उपयुक्त देखिन्छ ।

व्यावहारिक दृष्टिकोणबाट उपरोक्त आदेशको आधारमा पञ्चायत करको व्यवस्था गर्दा स्थानीय विकासको प्रारम्भिक कालमा पञ्चायतहरूलाई आफ्नो कार्य सञ्चालन गर्नमा साधनको कठिनाई नपर्ने कुरामा हामी विश्वस्त छौं । यस उसले पञ्चायत साधनसम्बन्धी व्यापक विषयको सन्दर्भमा पञ्चायत कर दस्तूरसम्बन्धी निम्नलिखित सुझाव प्रस्तुत गरिएको छ :

**पञ्चायत साधनका केही नयाँ स्रोतहरू बारे विवरण**

(१) मालपोतबाट उपर हुने रकम मध्येबाट प्रत्येक जिल्ला र गाउँ पञ्चायत क्षेत्रबाट के कति मालपोत उठेको हो सो मध्येबाट केही प्रतिशत गाउँ/जिल्ला पञ्चायतहरूलाई दिलाउनु पर्ने देखिन्छ । तर यसरी पाउने रकम मुख्यतः सम्बन्धितस्तरबाट स्वीकृत भएको स्थानीय विकास कार्यक्रमको योजनाको आधारमा सो योजनालाई चाहिने, सिमेन्ट फलाम, कर्कटपाता आदि जस्ता भौतिक साधनहरूको रूपमा दिइनु पर्ने देखिन्छ ।

यस विषयमा पञ्चायत विकास र जग्गा कर ऐन उल्लेखनीय छ । यस ऐनअनुसार मालपोतको दर प्रचलित दर भन्दा निकै बढ्ने हुँदा यी करबाट उठ्ने सम्पूर्ण मालपोतको केही प्रतिशत मात्र गाउँ र जिल्ला पञ्चायतहरूले पाए पनि यी पञ्चायतहरूको साधनमा ठूलो वृद्धि हुन जानेछ । यस्तो व्यवस्था भएपछि श्री

५ को सरकारबाट पञ्चायतहरूलाई सामान्यतया कुनै किसिमका प्रशासन अनुदानहरू दिनु आवश्यक पर्दैन। तर आवश्यकतानुसार विकास अनुदान दिनुपर्ने भएमा मात्र दिनु पर्ने देखिन्छ।

तर मालपोत नै राजश्वको एक मुख्य स्रोत भएको र उपरोक्त ऐनअनुसार उठ्ने मालपोतबाट श्री ५ को सरकारले ३५ प्रतिशत मात्र पाउने व्यवस्था हुँदा श्री ५ को सरकारलाई राष्ट्रियस्तरको विकास कार्य विस्तार गर्नमा साधनको कमी पर्न आउने विषयमा श्री ५ को सरकारको ध्यान जानु जरुरी छ। आवश्यक देखिएमा सो ऐन संशोधन समेत हुनु पर्ने विषयमा तुरुन्त श्री ५ को सरकारले विचार गर्नु पर्ने देखिन्छ।

उपरोक्त ऐनअनुसार मालपोत उठाउने अधिकार पनि पञ्चायतलाई नै सुम्पिएको र हालै मात्र भूमि सुधार अधिकारीको जिल्लास्तरीय कार्यालयहरू क्रमशः माल अड्डाहरूमा गाभी भूमिप्रशासन कार्यालय गठन गरी सोही नयाँ कार्यालयद्वारा भूमिसुधारसम्बन्धी काम र मालपोत उठाउने काम समेत गराइने व्यवस्था भएकोले भविष्यमा पञ्चायत वा भूमिप्रशासन कार्यालय मध्ये कुन चाहिंको माध्यमबाट मालपोत उठाउन लगाउने हो सो बारे स्पष्ट नीति हुनु आवश्यक देखिन्छ। पञ्चायतको माध्यमद्वारा मालपोत उठाउने व्यवस्था अव्यावहारिक तथा अनुपयुक्त छ तसर्थ हाम्रो विचारमा मालपोत उठाउने काम साविक बमोजिम श्री ५ को सरकारबाट नै हुन अत्यावश्यक छ।

(२) भूमिसम्बन्धी ऐन, २०२१ अन्तर्गत हदबन्दी भन्दा बढी देखिन आएका जमीन सोही ऐनबमोजिम पाउने किसानहरूलाई सोही ऐनमा तोकिएबमोजिम वितरण गर्ने, तर यसरी प्राप्त गरिने जमीन भौगोलिक स्थिति हेरी आफ्नो इलाका भित्र सम्बन्धित गाउँ पञ्चायतले सञ्चालन गर्ने गरी सहकारिताको आधारमा खेती गर्नु गराउनु उपयुक्त हुन्छ। यसरी सहकारी खेतीबाट हुने खूद आम्दानीको २५ प्रतिशत देखि ३३ प्रतिशत सम्म गाउँ पञ्चायतले पाउने र अरू किसानहरूलाई निजहरूको जग्गाका अनुपातमा वितरण गर्ने व्यवस्था हुनुपर्दछ। यसरी २५ देखि ३३ प्रतिशत सम्म गाउँ पञ्चायतले पाएको रकमबाट श्री ५ को सरकारलाई बुझाउन पर्ने मालपोत पनि पञ्चायतले नै बुझाउने र साथै जमीनको लागि उपरोक्त ऐनबमोजिम श्री ५ को सरकारलाई किस्ताबन्दीमा तिर्नुपर्ने रकम पनि किसानहरूको तर्फबाट पञ्चायतले नै तिर्नेछ।

उपरोक्त दुई उपायहरू मध्ये जुनसुकै एक उपाय अपनाउँदा गाउँ पञ्चायतको साधनमा प्रायः धेरै मात्रामा वृद्धि हुने अनुमान छ।

(३) भूमिसुधार कार्यक्रम अन्तर्गत अनिवार्य बचत उठाउने काम र यसरी उठाइएका बचत मध्येबाट केही रकम स्थानीय जनतालाई ऋणको रूपमा दिने र हिसाब किताब राखी सो ऋण उठाउने इत्यादि सबै काम वार्ड समितिहरूले गर्दै आएकोमा वार्ड समितिबाट गाउँ पञ्चायतले कुनै रकम पारिश्रमिकको रूपमा पाउने व्यवस्था छैन। तसर्थ, प्रत्येक वार्डबाट उठाइएका बचतको एकदेखि साढे एक प्रतिशतसम्म सम्बन्धित गाउँ पञ्चायतले पाउने व्यवस्था भएमा पञ्चायतको साधन बढ्ने र यसरी बढेको साधन मध्येबाट केही रकम वार्ड समितिका सदस्यहरूलाई पारिश्रमिकको रूपमा दिन सक्ने भएमा बचत सङ्कलन र ऋण वितरण कार्यमा बढी दक्षता आउने देखिन्छ। यसरी प्रत्येक वार्डबाट उठाइने बचतको माध्यमबाट किसानहरूलाई भलाइ हुने काममा खर्च गर्ने क्षमता पञ्चायतहरूमा हुने हुँदा स्थानीय जनतालाई बचत रकम जम्मा गर्नमा बढी उत्साह हुने देखिन्छ।

**प्रतिवेदनमा उल्लेख भएका करहरू यथावत राख्ने**

यस प्रतिवेदनमा उल्लेख भएका करसम्बन्धी ऐन र नियमद्वारा व्यवस्थित गरिएका करहरू यथावत रूपले रहनु मुनासिब देखिन्छ। पञ्चायत कर बारे श्री ५ को सरकारको अधिकार : सम्बन्धित ऐन र नियममा जेसुकै लेखिएको भएतापनि गाउँ, नगर र जिल्ला पञ्चायतहरूले लगाई आएका कुनै कर र दस्तूर सार्वजनिक हितका लागि आवश्यक देखिएमा श्री ५ को सरकारले सम्बन्धित पञ्चायतलाई सो कर र दस्तूर घटाउने वा बढाउने आदेश दिन सक्ने छ र यस्तो आदेश भएमा सम्बन्धित पञ्चायतहरूले सोही बमोजिम गर्नुपर्ने व्यवस्था हुन आवश्यक देखिन्छ।

गाउँ पञ्चायतहरूले हाल लगाउन पाउने कर दस्तूरमध्ये निम्नलिखित कर दस्तूरहरू हटाउन पर्ने देखिन्छ :

(क) गाउँ पञ्चायत (संशोधन) ऐन, २०२१ अन्तर्गत गाउँ पञ्चायत (कार्य व्यवस्था) नियमावली २०२० को दफा (३४) अनुसार गाउँसभाले आफ्नो इलाकाभित्र बसोवास गरी व्यापार वा व्यवसाय गर्ने व्यक्ति वा संस्था

उपर मुनाफामा बढीमा दश प्रतिशत कर लगाउन पाउने व्यवस्थालाई खारेज गर्ने ।

(ख) उपरोक्त नियमावलीको दफा (३५) अनुसार कुनै किसिमको स्थायी र अस्थायी तवरले मनोरञ्जनको काम गरी फाइदा उठाउनेहरू सिनेमा, नाच, चटक आदि देखाउने हैसियतमा बढीमा आम्दानीको १० प्रतिशतसम्म कर लगाउन सकिनेलाई खारेज गर्ने ।

(ग) उपरोक्त ऐनको दफा (१५)को उप-दफा (१) को (घ) अनुसार बहाल बिटौरी, मेलाघाट वा बैठकीको निमित्त गाउँ पञ्चायतले बन्दोवस्त गरेकोमा गाउँ पञ्चायतले दस्तूर लिन सक्ने ।

(घ) उपरोक्त ऐनको दफा (१५)को उपदफा (३) अनुसार विदेशबाट नेपाल अधिराज्य भित्र आएका तोकिएको सवारीमा प्रत्येक पटक उक्त सवारी पहिले जुन गाउँसभाको इलाकामा प्रवेश गर्छ सो गाउँसभाले तोकिएबमोजिम लगाउन सकिने व्यवस्था पनि खारेज गर्ने ।

गाउँ पञ्चायतहरूलाई निम्न लिखित नयाँ स्रोतहरूबाट आफ्नो साधन बढाउन पाउने व्यवस्था हुनुपर्ने देखिन्छ :

(क) आफ्नो इलाका अन्तर्गत पर्ने घरको आकार प्रकार स्थानीय जनतालाई पीरमर्का नपर्ने गरी प्रत्येक घरमा वार्षिक दर रु. ५। मा नबढाई कर लगाउन पाउने गर्ने ।

(ख) श्री ५ को सरकारद्वारा ठेक्का लगाइएको जल बाहेक अरूमा माछा आदि दहत्तर बहत्तर समेतको ठेक्का लगाउन सक्नेछ, तर दुइ वा बढी गाउँ पञ्चायतमा पर्ने जलबाट माछा आदि जन्तु, दहत्तर, बहत्तर समेतको ठेक्का लगाउन सम्वन्धित सबै गाउँ पञ्चायतको संयुक्त निर्णय बमोजिम गर्ने व्यवस्था गर्ने ।

(ग) यस प्रतिवेदनमा अन्यत्र लेखिएबमोजिम आफ्नो इलाकाबाट उठेको मालपोत मध्येबाट पाउने केही प्रतिशत रकम ।

(घ) यस प्रतिवेदनमा अन्यत्र लेखिएबमोजिम आफ्नो इलाकाबाट उठाइने आदि मध्येबाट प्राप्त हुने रकम

(ङ) यस प्रतिवेदनमा अन्यत्र लेखिएबमोजिम भूमिसुधार कार्यक्रम अन्तर्गत हदबन्दीभन्दा बढी भएको जग्गालाई सहकारिताको आधारमा वा कूत लिने व्यवस्था अन्तर्गत प्राप्त हुने रकम ।

(च) यस प्रतिवेदनमा अन्यत्र उल्लेख गरिएअनुसार पर्ती जग्गा बिक्रीगरी हुने रकम ।

(छ) गाउँसभाबाट निर्माण गरिएका बाँध, कुलो, पैन आदि सुविधाहरूमा पीर नपर्ने गरी कुनै दस्तूर लगाउन सक्ने ।

नगर पञ्चायतले हाल लगाउन पाउने कर र दस्तूरमध्ये निम्नलिखित कर दस्तूर हटाउनुपर्ने देखिन्छ :

(क) नगर पञ्चायत (संशोधन) ऐन, २०२१ को दफा (३९) उपदफा (१) बमोजिम आफ्नो इलाकाभित्र पर्ने घर, पसल वा कुनै जग्गा घर इत्यादि बहालमा दिएको रहेछ भने सो बहाल अरूको सयकडा २-मा नबढाई बहाल दिने व्यक्तिबाट बहाल कर असूल गर्न सक्ने व्यवस्था हटाउने ।

(ख) नगर पञ्चायत (कार्य व्यवस्था) नियमावली २०२० को दफा (७) को उप-दफा (१) बमोजिम आफ्नो इलाकाभित्र जुनसुकै व्यापार गर्ने हेतुले व्यापार गरिरहेका व्यापारिकको मालको मूल्यको रु १००। मा ३० पैसामा नबढाई कर उठाउन सक्ने व्यवस्था हटाउने ।

(ग) उपरोक्त नियमावलीको दफा (७) को उप-दफा (२) को (घ), (ङ), (च) र (छ) मा उल्लिखित रकमहरू करहरू हटाउने र (क), (ख) र (ग)लाई प्रस्तावित सुझाव अनुसार परिवर्तन गर्ने ।

(घ) उपरोक्त नियमावलीको दफा (७) को उप-दफा (३) अनुसार आफ्नो इलाका अन्तर्गत डाक्टरी, वकालत, इन्जिनियरिङ र अरू यस्तै पेशामा वार्षिक कर रु ५। देखि २००। सम्म लगाउन पाउने व्यवस्था हटाउने ।

(ङ) उपरोक्त ऐनको दफा (९) अनुसार आफ्नो इलाका भित्र कुनै पर्व वा अवसरमा मेला लाग्ने वा मानिस जम्मा हुने ठाउँमा पसल राख्नेहरूसित तोकिएबमोजिम कर दस्तूर उठाउने व्यवस्था हटाउने ।

(च) उपरोक्त ऐनको दफा (१०) अनुसार आफ्नो इलाकाभित्र जग्गा कमाए वापत प्रत्येक व्यक्तिले श्री ५ को सरकारमा तिर्नुपर्ने मालपोतको अतिरिक्त थ्रदीमा सयकडा दशसम्म साल बसाली कर उठाउन पाउने व्यवस्था हटाउने ।

नगर पञ्चायतहरूलाई निम्न लिखित नयाँ स्रोतहरूबाट हालको स्रोतका नयाँ व्यवस्थाबाट साधन बढाउन पाउने व्यवस्था हुनुपर्ने देखिन्छ :

(क) नगर पञ्चायत (कार्य व्यवस्था) नियमावली २०२० को दफा (७) को उप-दफा (२) को (क), (ख) र (ग) अनुसार कर उठाउनु भन्दा नगर पञ्चायत क्षेत्र भित्र रहेका मुख्य व्यापारको सूची बनाइ सो सूचीमा पर्ने व्यापारमा लागेका सबै पसलहरूको अनिवार्य रूपले नगर पञ्चायतमा दर्ता गरी प्रमाणपत्र लिनुपर्ने र सो प्रमाणपत्र साल बसाली नवीकरण गर्नु पर्ने गराई दर्ता गर्दा र नवीकरण गर्दा व्यापारको किसिम र पसलको आर्थिक स्थितिको समेत विचार गरी दर्ता शुल्क र नवीकरण शुल्क लगाउने व्यवस्था गर्ने ।

(ख) उपरोक्त नियमावलीको दफा (७) को उप-दफा (४) र (६)मा व्यवस्था गरिएको स्रोतहरूबाट नगर पञ्चायतहरूलाई आफ्नो कार्य सञ्चालन गर्नमा बढी साधनको दरकार परेमा उल्लिखित कर र दस्तूरको दरमा वृद्धि गरी साधन बढाउनु पर्ने देखिन्छ ।

नगर पञ्चायत इलाकाभित्र बहाल विटौरी, मेला, घाट वा वैठकीको निमित्त नगर पञ्चायतले बन्दोवस्त गरेकोमा नगर पञ्चायतले दस्तूर लिन सक्ने व्यवस्था ऐनद्वारा हुन वान्छनीय छ ।

जिल्ला पञ्चायतले हाल लगाउन पाउने कर दस्तूरहरू मध्ये निम्नलिखित कर दस्तूर हटाउनु पर्ने देखिन्छ :

(क) जिल्ला पञ्चायत (संशोधन) ऐन, २०२१ को दफा (३५)को उप-दफा (१) बमोजिम जिल्लासभाले आफ्नो इलाका भित्र आफूले बनाएको वा आफ्नो नियन्त्रणमा रहेको बाटो, पुल, पोखरी वा घाट चलन चल्ती गर्ने व्यक्ति वा सवारी उपर तोकिएबमोजिमको दस्तूर लगाउन सक्ने व्यवस्था हटाउन पर्ने ।

(ख) उपरोक्त ऐनको दफा (३५) को उप-दफा (२) बमोजिम जिल्लासभाले आफ्नो जिल्ला अन्तर्गत पर्ने सहरी क्षेत्रभन्दा बाहिरका घरको आकार प्रकार हेरी प्रत्येक घरमा वार्षिक रु. १०। मा नबढाई तोकिएबमोजिमका कर लगाउन सक्ने व्यवस्था हटाउने ।

(ग) उपरोक्त ऐनको दफा (३५)को उप-दफा (४) बमोजिम जिल्लासभाले जिल्ला भरका गैंडा र हात्ति बाहेक अरू विभिन्न जन्तु, जनावरको सीपी, हाड, दांत, खुर, सींड, प्वांख एकठ्ठा गर्ने वा बिक्री गर्ने ठेक्का दिन सक्ने व्यवस्था हटाउने । यसको व्यवस्था केन्द्रबाट हुनु उपयुक्त देखिन्छ ।

(घ) उपरोक्त ऐनको दफा (३५) को उप-दफा (६) बमोजिम जिल्लासभाले जिल्ला भित्र श्री ५ को सरकारद्वारा ठेक्का लगाइएको जल बाहेक अरू डुङ्गा वा टुइन लाग्ने नदी घाटको ठेक्काको व्यवस्था गर्ने र माछा आदि जल जन्तु, मुढा, बहत्तर समेतको ठेक्का लगाउन सक्ने व्यवस्था हटाउने ।

जिल्ला पञ्चायतलाई निम्न लिखित नयाँ स्रोतबाट आफ्नो साधन बढाउन पाउने व्यवस्था गर्नुपर्ने देखिन्छ :

(क) यस प्रतिवेदनमा अन्यत्र लेखिएबमोजिम आफ्नो जिल्लाबाट उठ्ने मालपोतबाट पाउने केही प्रतिशत रकम ।

### पञ्चायत र वर्गीय संगठनलाई बढी सक्रिय पार्ने र आपसी समन्वय कायम गर्ने

हामीहरूलाई श्री ५ को सरकारले विचार गर्न दिएको विषयहरूमा अध्ययन गरी सुझाउ पेश गर्नु भन्दा अघि नेपालमा वर्गीय तथा व्यवसायिक संगठनहरू के उद्देश्य लिएर किन स्थापित गरिएका हुन्, ती सगठनहरू कसरी गठन भए र आजसम्म के कति सफलता प्राप्त भएछ र हामीले औंल्याएका लक्ष्यमा के कति कारणबाट पुग्न सकिएन छ त्यसतर्फ अहिले विचार गर्नु जरुरी छ ।

सम्वत् २००७ सालमा एउटा परिवर्तन नेपालमा आयो । राजा र प्रजाको संयुक्त प्रयासबाट उपर्युक्त परिवर्तन गरिएपछि नेपाल र नेपालीको हितको लागि देशमा प्रजातान्त्रिक व्यवस्थाको सूत्रपात गरियो । तर उपर्युक्त संसदीय व्यवस्था नेपाल र नेपाली जनताको लागि अनुपयुक्त र अफाप सिद्ध भयो । एक दशाब्दीसम्मको लामो कटु अनुभवले त्यस व्यवस्थालाई यहाँबाट हटाउनु पर्‍यो र राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारबाट

सम्वत २०१७ साल पौष १ गतेको दिन ऐतिहासिक कदम उठाई बक्सी संसदीय व्यवस्था र त्यसबाट उब्जेका दलगत राजनीतिलाई नेपालको माटोबाट हटाईबक्स्यो । यसपछि गम्भीर चिन्तन र मनन् गरिबक्सी २०१७ साल पौष २२ गतेको दिन दलविहीन पञ्चायती प्रजातन्त्रको सिद्धान्त प्रतिपादन गरिबक्सियो । नेपाल अधिराज्य भरीका गाउँहरू तथा नगरहरूमा गाउं तथा नगर पञ्चायतहरू स्थापना गरी पञ्चायतहरूलाई चार तहमा राखी देशमा सर्वोच्च विधायिका राष्ट्रिय पञ्चायतको स्थापना गरियो । निर्दलीय पञ्चायती प्रजातन्त्र व्यवस्थाको मुख्य सिद्धान्त वर्ग समन्वय हो । देशका बिभिन्न वर्गहरूमा समन्वय कायम गरी आपसमा मेलमिलापको भावनालाई अरूहरूले १०० वर्ष लगाई गरेको कार्य हामीले १०।२० वर्षमा पूरा गर्ने अठोट गऱ्यौ । यसै उद्देश्यले निम्नलिखित वर्गीय तथा व्यावसायिक संगठनहरू संगठित गरिए ।

१. नेपाल किसान संगठन,
२. नेपाल युवक संगठन,
३. नेपाल महिला सगठन
४. नेपाल भूतपूर्व सैनिक सगठन
५. नेपाल मजदूर संगठन

नेपालको सविधान २०१९ को धारा ३४ उपधारा (२), (४) र (५) सँग सम्बन्धित अनुसूची ५ अनुसार जम्मा १५ सदस्यहरू वर्गीय र व्यवसायिक संगठनबाट राष्ट्रिय पञ्चायतका लागि चुनिएर जाने व्यवस्था गरियो ।

तर अझसम्म कतिपय संगठनहरू देशव्यापी रूपमा संगठित गरिएका छैनन् । जहांसम्म हामीले बुझेका छौ धेरैजसो अञ्चल तथा जिल्लामा वर्गीय सगठनहरू आफ्ना प्रतिनिधिहरूलाई राष्ट्रिय पञ्चायतमा पुऱ्याउन निर्वाचनको समयमा मात्र सक्रिय हुन्छन् अरू बखतमा त्यसै सेलाएर बस्दछन् । यस्तो हुनाका मुख्य कारण निम्नलिखित छन् :

१. वर्गीय संगठन र पञ्चायतमा समन्वयको अभाव ।
२. आर्थिक अभाव ।
३. काम गर्ने कार्यक्रमको अभाव ।
४. केन्द्रीय तह र अन्य तहमा आपसी सम्वन्धको अभाव ।

केवल कार्यालय स्थापना गर्दैमा र प्रारम्भिक संगठनहरू संगठित गरिदैमा वर्गीय संगठन सक्रिय भयो भनी मान्न हुँदैन । संगठनलाई सक्रिय तुल्याउन कार्यकर्ताहरूमा चेतना जागृत गराउनु पर्छ । चेतना जागृत गराउन निश्चित सैद्धान्तिक आधार र चेतना जागृत भएपछि व्यावहारिक कार्यक्रम तैयार गरी सो कार्यक्रम लागू गराउनुपर्छ । यसलाई स्थायित्व दिन कर्मठ कार्यकर्ताहरूको आवश्यकता पर्दछ । अनि मात्रै वर्गीय सगठनमा सक्रियता आएको मान्न सकिन्छ । अन्यथा जतिसुकै प्रारम्भिक संगठन जिल्ला तथा अञ्चलस्तरमा संगठन संगठित किन नहोउन् यसबाट वर्ग विशेषको र देशको लागि कुनै ठोस उपलब्धि हुँदैन ।

पञ्चायत र वर्गीय संगठनमा राम्रो समन्वय किन हुन सकेन भन्ने कुरा तर्फ विचार गर्दा वर्गीय सगठन र पञ्चायत एक अलग अलग संगठनका रूपमा अहिले रहेका छन् । यी दुई थरीको बीचमा समन्वय ल्याउने ठोस प्रयत्न हुन सकेको छैन । हामी गाउँको तह देखि बिचार गरी हेरौं एउटा गाउँ पचायतका क्षेत्रमा वर्गीय संगठनहरूका प्रारम्भिक समितिहरू पनि स्थापना भएका छन् र त्यहा गाउँ पञ्चायत पनि छँदैछ । तर पञ्चायतले गर्न लागेको योजनाहरू काम कुराहरूमा यी वर्गीय संगठनका कार्यकर्ताहरूको कुनै आवाज पुग्दैन । केवल गाउँसभामा यिनीहरूले केही आवाज पुऱ्याउन पाउँछन् । पञ्चायतले कुनै कामकाज गर्दा ली भरमदत गर्न आऊ भन्ने वर्गीय संगठनहरूलाई आव्हान गर्दछ । यसरी काममा भने जानु पर्ने तर आफ्नो आवाज सम्म पञ्चायतमा पुऱ्याउन मौका नपाउने हुँदा तल्लो तहका संगठनका कार्यकर्ताहरूमा नैराश्य तथा सुस्तीको भावना बढेको बुझिन्छ ।

यसको निराकरणको लागि राष्ट्रिय पञ्चायतको तहमा वर्गीय संगठनको सदस्यहरू समावेश भएकै अञ्चल र समितिमा पनि अञ्चलस्तरीय वर्गीय संगठनका सभापतिहरू समावेश भएकै र केन्द्रमा सबै वर्गीय संगठनका केन्द्रीय समन्वय समिति हुँदा अब जिल्ला र गाउँ पञ्चायत तहमा पनि समन्वय समितिको रूपमा

पञ्चायतदेखि भित्रै निम्नलिखित रूपमा समन्वय समिति गठन हुनु समिति वान्छनीय ठान्दछ । पञ्चायतको तहमा वर्गीय संगठन समावेश गर्नु उपर्युक्त देखिदैन ।

१. जिल्लाको जिल्ला पञ्चायतको सभापतिको अध्यक्षतामा सबै वर्गीय संगठनका जिल्लास्तरीय सभापतिहरू भएको समन्वय समिति गठन गर्ने र प्रमुख जिल्ला अधिकारी त्यसको सचिव हुनु पर्नेछ ।

२. गाउँ गाउँमा पञ्चायतका प्रधानपञ्चको अध्यक्षतामा सबै वर्गीय संगठनका प्रारम्भिक तहका सभापतिहरू भएको समन्वय समित गठन गर्ने र त्यसको सचिव गाउँ पञ्चायतको सचिव हुनु पर्ने ।

कतिपय संगठनहरूमा प्रारम्भिक तहका सदस्यहरूले सदस्य बन्ने सदस्य रसीद ठाउँ ठाउँमा समयमा नपुगेकोले इच्छा हुँदा हुँदै पनि कतिपय व्यक्तिले संगठनहरूको सदस्य बन्ने मौका पाएका छैनन् । अतः यस दिशामा संगठनको केन्द्रीय तहको ध्यान पुग्नु जरुरी छ । यस्तै गरी अनुदान रकम पनि कतिपय तल्ला तहहरूमा पुग्न सकेको छैन ।

वर्गीय संगठनहरू सबै केन्द्रीय सभापतिहरूले अञ्चलस्तरीय समितिहरूको आवश्यकता छैन भनी पास गरी सकेका छैनन् । तर संविधानको धारा ८६ ख. अनुसार गठन हुने अञ्चल समितिका अञ्चलस्तरीय वर्गीय तथा व्यवसायिक संगठनका सभापतिहरू पदेन सदस्य हुने व्यवस्था रहेको अतः वर्गीय संगठनका अञ्चल समिति भङ्ग गरी दिन यस अञ्चल समितिका प्रतिनिधित्व कसले गर्ने भन्ने एउटा समस्या खडा हुन आयो ।

कुनै पनि संगठनलाई पैसाको अभावमा काम गर्न मुस्कील पर्दछ । पञ्चायतहरूलाई त केही कर उठाउने अधिकार कानूनबाट प्राप्त हुनाले उनीहरूको आयको स्रोत केही न केही छ । तर वर्गीय संगठनलाई भने सदस्य शुल्क रु. ।२५ बाहेक अरू कुनै कर उठाउने अधिकार पनि नहुँदा यिनीहरूको स्थायी आयको स्रोत केही देखिदैन । अब रह्यो एउटै स्रोत श्री ५ को सरकारबाट दिइने अनुदान देशभरिका वर्गीय संगठनमा प्रारम्भिक तथा जिल्लास्तरीय संगठनहरूलाई सधैं अनुदान दिई रहन नत सम्भव नै छ नत व्यावहारिक नै । अतः वर्गीय संगठनहरूका लागि धेरै थोरै जस्तोसुकै होस स्थायी आयको स्रोत खोज्नु जरुरी छ । गाउँ तथा नगर पञ्चायतहरूको कूल आयको ५ देखि १५ प्रतिशतसम्मको रकम आफ्नो इलाकामा वर्गीय संगठनहरूलाई सीमित रूपबाट दिने व्यवस्था हुन लागेमा वर्गीय संगठनहरूको स्थायी आयको एकस्रोत हुनेछ । यसरी ५ देखि १५ प्रतिशत आय दिदा वर्गीय संगठनहरूको सक्रियतालाई हेरी दिनु उचित हुनेछ । गाउँ तथा नगर तहमा सक्रियताको लेखाजोखा गर्ने काम त्यहीको गाउँ तथा नगर पञ्चायतहरूलाई दिनु उचित हुनेछ । १० देखि १५ प्रतिशतसम्म पनि दिने भन्ने कुरा वर्गीय संगठनले वर्ष दिनसम्म गरेका कार्यका आधारमा र आगामी वर्षमा गर्न अटेको कुराको आधारमा निर्णय गर्नु पर्नेछ ।

वर्गीय संगठनको केन्द्रीय समितिहरूलाई पनि श्री ५ को सरकारले आफैं सञ्चालन गरेको विभिन्न संगठनहरूलाई उपयुक्त हुने आयोजनाहरू हस्तान्तरण गर्दै लैजानु पर्ने र वर्गीय संगठनहरू पनि आफ्ना आफ्ना संगठनको उद्देश्य प्राप्तिका लागि प्रदर्शनी, शिक्षा र सामाजिक तथा सांस्कृतिक दृष्टिकोणले महत्व राख्ने कार्यक्रमहरू पनि सञ्चालन गर्नु पर्ने तर्फ श्री ५ को सरकारले योजना दिने र तत्प्रकारको संगठनहरूले पनि कदम उठाउने गर्नु पर्दछ । यस्तैगरी जिल्लास्तरीय वर्गीय संगठनहरूलाई पनि जिल्ला पञ्चायतको आम्दानीबाट ५ देखि १५ प्रतिशतसम्म दिने व्यवस्था हुन वान्छनीय देखिन्छ । यसरी जिल्ला पञ्चायतबाट ५ देखि १० प्रतिशतसम्म आय दिने कुराको निर्णय जिल्लास्तरीय संगठनहरूका कामको लेखाजोखा र आगामी वर्षमा गर्न लागेको कामको योजनाको आधारमा हुनुपर्छ र यसको निर्णय गर्ने अधिकार जिल्ला पञ्चायतलाई हुनु पर्दछ ।

यसको अतिरिक्त वर्गीय संगठनहरूले समय समयमा खेलकूद मेला इत्यादिको आयोजना गरेर र सानातिना घरेलु उद्योग व्यवसाय जस्तै साबुन बनाउने, सांस्कृतिक कार्यक्रम, कपडा बुन्ने काम समेत गरेमा केही गाउँहरूले काम धन्दा पनि पाउने छन् र संगठनलाई पनि केही आम्दानी हुन सक्नेछ ।

अब रह्यो आखिरी प्रश्न एउटा व्यक्ति एउटा संगठन वा पञ्चायत भन्दा बढीको पदाधिकारी हुनु गरिन छ छैन । यसै विषयमा हामीले वर्गीय संगठनको जो कर्मठ कार्यकर्ताहरूसंग भेट्यौं वहाँहरूको रायमा एउटा व्यक्ति एउटा भन्दा बढी संगठनको पदाधिकारी भएमा काम कुरामा बाधा पर्दछ भन्ने बुझियो । उदाहरणको लागि कुनै एउटा व्यक्ति जिल्ला पञ्चायतको सभापति छ र उही व्यक्ति कुनै वर्गीय संगठनको पदाधिकारी पनि छ भने उसले

दुई क्षेत्रमा एकै पटक काम गर्दा दुवैतर्फ सुस्ती आउन सक्ने तथा दुई क्षेत्रमा राम्रो दृष्टि पुऱ्याउन नसक्ला। अतः एउटा व्यक्ति एउटा संगठनको मात्र पदाधिकारी हुन पाउने व्यवस्था हुनु पर्दछ भन्ने निस्कर्षमा हामी पुगेका छौं।

पञ्चायत र वर्गीय संगठनलाई बढी सक्रिय पार्ने सम्बन्धमा उप समितिले पेश गरेको प्रतिवेदनप्रति माननीय भूइदल राई र मा.रामसिंह यादवले प्रस्तुत गर्नु भएको लिखित विचार यसैसाथ संलग्न राखी पेश गर्ने कुरा समितिले ठहर गऱ्यो।

## मा. रामसिंह यादव र मा. भूईदल राईले दिनु भएको राय

### पञ्चायत र वर्गीय संगठनसम्बन्धी समन्वय सिद्धान्त

यसको सम्बन्धमा उप समितिले प्रस्तुत गरेको प्रतिवेदनप्रति मेरा सम्पूर्ण समर्थन छ। समर्थन यस मानेमा छ कि उप समितिको प्रतिवेदनबाट तलका सारांशहरू प्रकाशमा आएका छन् र समितिले सुन्दर ढङ्गले विश्लेषण गरेको सारांशहरू यस प्रकार देखिन्छ :

(१) २००७ सालको क्रान्तिबाट आएको राजनीतिक स्थितिको सही विश्लेषण भएको छ।

(२) देशमा नयाँ राजनीतिक व्यवस्था कायम गर्नुपर्ने कारण र २०१७ साल पौष १ गते श्री ५ बाट कदम चाली बक्सिएको कुराको संक्षिप्त रूपमा सारभुत विवेचना भएको छ।

(३) श्री ५ को उक्त कदमबाट देशमा निर्दलीय पञ्चायती प्रजातन्त्रको, निर्देशन पञ्चायतको र वर्गीय संगठनहरूको प्रादुर्भावको इतिहास स्वरूप उल्लेख भएको छ।

(४) वर्गीय संगठनहरूको प्रादुर्भाव तथा गठनबाट आजसम्मको पृष्ठभूमिमा संगठनहरूको सक्रियता वा निष्क्रियतासम्बन्धी पनि सही उल्लेख भएको छ।

(५) वर्गीय संगठनहरू र पञ्चायतहरूमा प्रारम्भिक सहयोग र समन्वयमा कायम हुने कतिपय आधारहरू दिग्दर्शन भएको छ।

अन्तमा, वर्गीय संगठनहरू सक्रिय राजनीतिक पार्टी वा दलको रूपमा उत्प्रेरित हुन नगई वर्ग समन्वयको लागि वर्गीय संगठनको रूपमा आफ्नो आदर्श कायम गर्न सकून भन्नाको निमित्त जिल्लासभामा जिल्ला परिषद्बाट निर्वाचित रूपमा प्रतिनिधि लिईने आधार हुनु पर्दछ जस्तो राष्ट्रिय पञ्चायतमा दिइएको छ। र ती प्रतिनिधिहरूले जिल्लासभासदको रूपबाट जिल्ला पञ्चायतको लागि चुनाव लड्ने अधिकार पनि पाउनु पर्दछ।

पञ्चायत र वर्गीय संगठनको बीचमा उपरोक्त बमोजिम समन्वय हुनुको साथै आफ्नो आफ्नो ठाउंको विकास कार्यको माग गर्ने पञ्चायतमा योजना पेश गर्ने र पञ्चायतको स्वीकृति सहयोग प्राप्त गरी विकास कार्य गर्ने तथा प्रस्तुत योजना सञ्चालन गर्ने कुरा पनि वर्गीय संगठनहरूको क्षेत्र हुनु पर्दछ।

## विकेन्द्रीकरण

अधिराज्यभरका सबै जिल्लाहरूमा विकेन्द्रीकरण योजनाको प्रथम चरण अन्तर्गतका कार्यक्रम यस २०२४-२०२५ आर्थिक वर्षमा लागू गर्ने घोषणा राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारबाट राष्ट्रिय पञ्चायतको दशौं अधिवेशन को संबोधन भाषणमा हुकुम भैसकेको छ। मौसुफ सरकारको उक्त महानवाणीअनुसार यसै आर्थिक वर्ष अन्तर्गत बाँकी जिल्लाहरुमा पनि विकेन्द्रीकरण योजना कार्यक्रमका प्रथम चरण लागू गर्नु समयोचित र व्यावहारिक छ।

स्थानीय प्रशासन ऐन, २०२२ मा अञ्चलाधीश तथा प्रमुख जिल्ला अधिकारीको काम, कर्तव्य र अधिकार उल्लेख भएतापनि विकेन्द्रित प्रशासन व्यवस्थाअनुरूप अञ्चल तथा जिल्लामा प्रशासकीय यन्त्र खडा गरी विकेन्द्रीकरण कार्यक्रम सञ्चालन गर्ने निम्नलिखित रूपमा स्पष्ट व्याख्या गरी अञ्चल प्रशासन र जिल्ला प्रशासनलाई ठोस रूप दिनु पर्दछ।

### अञ्चल प्रशासन

१. श्री ५ को सरकारको अञ्चलस्तरीय कार्यालय रेखदेख नियन्त्रण र समन्वय गर्ने अधिकार अञ्चलाधीशको हुनुपर्ने।

२. श्री ५ को सरकारको अन्चलस्तरीय कार्यालयहरू अन्चलाधीश कार्यालयको शाखाको नाममा रहनु पर्ने । त्यस्तो कार्यालयहरूको सम्बन्धमा अन्चलाधीश विभागीय प्रमुख हुने ।
अन्चलस्तरीय सम्बन्धित शाखा कार्यालयको काम कार्वाईका निमित्त श्री ५ को सरकारका सम्बन्धित विभागहरूले अन्चलाधीशलाई नै अन्चलको निमित्त आफ्नो मुख्य प्रतिनिधि मान्नु पर्नेछ ।

३. अन्चलस्तरीय उपरोक्त शाखा प्रमुखहरूको नेकिवदी, सरुवा आदिका सम्वन्धमा अन्चलाधीशको सिफारिशमा सम्बन्धित विभागहरूले कार्वाई गर्नु पर्ने । सोही प्रकार शाखा प्रमुख अन्तर्गतका कर्मचारीहरूको नेकीवदीको आधारमा दण्ड सजाय वा प्रोत्साहन दिने विषयमा शाखा प्रमुखहरूले अन्चलाधीशको निर्देशन बमोजिम गर्नु पर्ने ।

४. अन्चलस्तरीय योजना वा कार्यक्रम सन्चालन गर्ने विषयमा श्री ५ को सरकारको आधारभुत नीति सिद्धान्तलाई तत्कालीन परिस्थितिअनुरुप कार्य सञ्चालन गर्न आवश्यक निर्देशन दिने अधिकार पनि साधारणतया अन्चलाधीशलाई हुनु पर्दछ ।

५. प्राविधिक कामकाज सम्वन्धमा निर्देशन दिनु पर्दा अन्चलाधीश आफैले दिनु व्यावहारिक हुँदैन । कुनै पनि प्राविधिक काम काज सम्वन्धमा मार्ग प्रदर्शन वा निर्देशन दिनु पर्दा अन्चलाधीशको अन्चलस्तरीय कार्यालयका सम्बन्धित प्राविधिकमार्फत दिनेछ ।

६. दुई वा दुई भन्दा बढी जिल्लासम्वन्धी योजना र राष्ट्रिय योजनाको रेखदेख नियन्त्रण, समन्वय र कार्यान्वयनमा अन्चलाधीशको अन्चल समितिको परामर्श लिदै गर्नुपर्छ ।

७. अन्चलस्तरीय कार्यालयहरूको हिसाव किताव बराबर जाँचबुझ गरी गरिन दुरुस्त राख्न लगाउने अभिभारा अन्चलाधीशको हुनेछ । सोही बमोजिम जिल्ला पञ्चायत, गाउँ पञ्चायत एवम् विभिन्न तहका संगठनहरूको हिसाव किताव बराबर जाँचबुझ गरी गरिन दुरुस्त राख्न लगाउनुको साथ साथै जिल्ला पञ्चायतको हिसाव किताबको आन्तरिक लेखापरीक्षण गर्न लगाउने र जिल्ला पञ्चायतद्वारा गाउँ पञ्चायतहरूको हिसाव किताव जाँच्न लगाउने पनि अन्चलाधीशको कर्तव्य हुनेछ ।

८. अन्चलाधीशमा निहित रहेका कतिपय अधिकारहरू प्रमुख जिल्ला अधिकारीहरूलाई प्रत्यायोजन हुने भएतापनि प्रत्यायोजित अधिकारका प्रयोग र पालनको अन्तिम उत्तरदायित्व अन्चलाधीशमा नै हुने भएकोले यस्ता प्रत्यायोजित अधिकारहरू के कस्तो रूपमा प्रयोग र पालन भएको छ यसबाट स्थानीय प्रशासन एवम् विकास कार्यमा के कस्तो असर पर्न गएको छ भनी जाँचबुझ गर्ने उत्तरदायित्व पनि अन्चलाधीशको हुनेछ ।

**जिल्ला प्रशासन**

श्री ५ को सरकारले कुनै जिल्लामा विकेन्द्रीकरण कार्यक्रम सञ्चालन गर्न प्रमुख जिल्ला अधिकारीलाई नियुक्त गरेपछि निज प्रमुख जिल्ला अधिकारी जिल्लामा प्रमुख प्रशासकको रूपमा मानिनेछ । तर स्थानीय प्रशासन ऐनद्वारा बाहेक गरिएका कार्यालयहरूको सम्वन्धमा सो कुरा लागू हुने छैन ।

१. श्री ५ को सरकारको जिल्लास्तरीय कार्यालयहरूको रेखदेख, नियन्त्रण र समन्वय गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीको हुनेछ । प्रमुख जिल्ला अधिकारीले आफूलाई प्रत्यायोजित अधिकारको सम्वन्धमा सम्वन्धित मन्त्रालयप्रति उत्तरदायित्व रहने गरी काम गर्नुपर्नेछ ।

२. श्री ५ को सरकारको जिल्लास्तरीय कार्यालयहरूको विभागीय प्रमुख प्रमुख जिल्ला अधिकारी हुनेछ । जिल्लास्तरीय सम्बन्धित श्री ५ को सरकारको शाखा कार्यालयको काम कार्वाईको निमित्त श्री ५ को सरकारको सम्बन्धित विभागहरूले प्रमुख जिल्ला अधिकारीलाई नै जिल्लाको निमित्त आफ्नो मुख्य प्रतिनिधि मान्नु पर्नेछ ।

३. जिल्लास्तरीय उपरोक्त शाखा प्रमुखहरूको नेकिवदी सरुवा आदिका सम्वन्धमा प्रमुख जिल्ला अधिकारीको सिफारिशमा सम्बन्धित विभागहरूले कार्वाई गर्ने गर्नुपर्नेछ । सोही प्रकार शाखा प्रमुख अन्तर्गतका कर्मचारीहरूको नेकिवदीको आधारमा सजाय या प्रोत्साहन दिने विषयमा शाखा प्रमुखहरूले प्र.जि.अ.को निर्देशन बमोजिम गर्नु पर्नेछ ।

४. जिल्लास्तरीय योजना वा कार्यक्रम सञ्चालन गर्ने विषयमा श्री ५ को सरकारको आधारभूत नीति विपरित नपर्नेगरी जिल्ला पञ्चायतको निर्णय बमोजिम विभिन्न विकास योजनाहरू कार्यान्वित गर्ने गराउने अभिभारा प्र.जि.अ.को हुनेछ ।

५. राष्ट्रिय वा अञ्चलस्तरीय योजना बाहेकका जिल्लास्तरीय विकास योजनाको तर्जुमा र कार्यान्वयन जिल्ला पञ्चायतमार्फत बाहेक अन्य कुनै कार्यालय व्यक्ति वा संस्थाले सञ्चालन गर्न पाउने छैन । तर निजी क्षेत्रमा वा निजी सम्मतिबाट गरिने कुरामा यो दफा लागू हुने छैन ।

६. प्रमुख जिल्ला अधिकारीलाई विकास कार्यमा मदत गर्न स्थानीय विकास शाखा अधिकृत र प्रशासकीय काममा मदत गर्न स्थानीय विकास शाखा अधिकृत रहनेछन् । र प्र.जि.अ.ले विकास कार्यको अधिकार स्थानीय विकास शाखा अधिकृत र प्रशासकीय कामको अधिकार स्थानीय प्रशासन शाखा अधिकृतलाई प्रत्यायोजन गर्नेछ ।

७. प्रमुख जिल्ला अधिकारीमा निहित रहेका कतिपय अधिकारहरू शाखा अधिकृतलाई प्रत्यायोजन हुने भएतापनि प्रत्यायोजित अधिकारको प्रयोग र पालनाको अन्तिम उत्तरदायित्व प्र.जि.अ.मै हुने भएकोले पनि यस्ता प्रत्यायोजित अधिकार के कस्तो रूपमा प्रयोग र पालन भएको छ र यसबाट स्थानीय प्रशासन एवम् विकास कार्यमा के कस्तो असर पर्न गएको छ भनी जाँचबुझ गर्ने उत्तरदायित्व प्रमुख जिल्ला अधिकारीको हुनेछ ।

८. प्रमुख जिल्ला अधिकारी अन्तर्गतका शाखा कार्यालयहरूको त्रैमासिक बजेट निकासा गराउने त्यसको हिसाब किताब राख्न लगाउने र आय व्यय सम्बन्धित मासिक त्रैमासिक प्रतिवेदन सम्बन्धित विभागमा पठाउन लगाउनका साथै तिनीहरूको आन्तरिक लेखापरीक्षण गराउने र गाउँ पञ्चायतको बजेटको आन्तरिक लेखापरीक्षण गराउने अभिभारा पनि प्र.जि.अ.कै हुनेछ ।

**स्थानीय प्रशासन ऐन संशोधन**

माथि लेखिएबमोजिमका नीति कायम गर्ने र देहायका कुराहरू समावेश गर्ने समेत स्थानीय प्रशासन ऐनमा यथोचित संशोधन हुनुपर्ने ।

१. प्र.जि.अ.लाई प्रशासकीय मामिलासम्बन्धी शुरु कार्वाई गर्ने अधिकार दिने ।

२. विकेन्द्रित प्रशासन व्यवस्थाअनुरूप कार्य सञ्चालन गर्न गराउन जिल्ला पञ्चायतको काम कर्तव्यको अधिकार क्षेत्र स्पष्ट गर्नको साथ साथै जिल्ला पञ्चायतका सभापति वा सदस्यको प्रमुख जिल्ला अधिकारीसंग र जिल्लास्तरीय शाखा प्रमुख एवम् अञ्चलाधीशसँगको पारस्परिक सम्बन्ध बारे ऐनद्वारा स्पष्ट गर्ने ।

३. स्थानीय प्रशासन ऐनद्वारा प्र.जि.अ.को रेखदेख, नियन्त्रण र समन्वयमा नपर्ने विभागहरूले पनि आवश्यकताअनुसार पारस्परिक सहयोग एवम् सद्भावना ऐनद्वारा कायम गर्ने ।

**योजना संशोधन**

**प्रथम चरण**

श्री ५ को सरकारले प्रमुख जिल्ला अधिकारी नियुक्त गरी सो जिल्लामा विकेन्द्रीकरण कार्यक्रम आरम्भ गर्नेछ । जिल्ला अन्तर्गतका शाखाहरूको प्रशासकीय संगठन स्थापना पूर्णरूपले नभएसम्म यो चरण पूरा भएको मानिने छैन ।

जिल्ला प्रशासनमा उल्लेख भए बमोजिम जिल्लास्तरीय अन्य शाखा कार्यालयहरूको उपरको अधिकार प्रमुख जिल्ला अधिकारीले स्वतः प्रयोग गर्न पाउने छ । जिल्लामा जस्तै गरी प्रत्येक अञ्चलमा पनि आवश्यकतानुसार अञ्चलस्तरीय संगठन खडा गर्नेछ । श्री ५ को सरकारले सोझै वा स्थानीय प्रशासन ऐन अन्तर्गत स्थानीय अञ्चलाधीशले प्राप्त गरेको अधिकार अञ्चलाधीशद्वारा प्रदान गरिएका वा प्रत्यायोजन गरिएका अधिकारहरू प्र.जि.अ.द्वारा प्रयोग हुनेछ ।

विकेन्द्रीकरण योजना प्रशासन व्यवस्थाको रूपरेखा र कार्यविधि बारे जिल्लास्तरीय कर्मचारी एवम् निर्वाचित सदस्यहरूलाई अल्पकालीन गोष्ठीद्वारा अवगत गराइनेछ ।

**दोश्रो चरण**

यस चरणमा जिल्ला पञ्चायतलाई जिल्लास्तरीय विकास कार्यसम्बन्धी नीति निर्देशन दिन सक्ने सम्पूर्ण अधिकार प्रदान गरिनेछ।

यसै चरणमा जिल्लास्तरीय कर्मचारीहरू र निर्वाचित सदस्यहरूको दीर्घकालीन सस्थामा तालिम गोष्ठीको व्यवस्था गरिनेछ। अन्तिम चरणको कार्यक्रम लागू गर्ने गाउँ पञ्चायतका सदस्यहरूलाई पनि यसै चरण भित्रै यथोचित तालिमको व्यवस्था गरिनेछ।

**अन्तिम चरण**

प्रथम र दोश्रो चरणमा प्रमुख जिल्ला अधिकारीको रूप जिल्ला पञ्चायत सचिव समेतको हुनेछ। तर यस चरणमा निजको रूप प्रमुख जिल्ला अधिकारीको मात्र नरही साविकको जिल्ला पञ्चायतको निर्णय कार्यान्वित गर्ने अधिकारीको साथ साथ शान्ति सुरक्षाको अधिकार प्रयोग गर्ने अधिकारी पनि निज हुने छ, यस अवस्थामा शाखा तोकिएको अञ्चलाधीशको कार्यालयको शाखाको रूपमा रहने सहायक अञ्चलाधीशको प्रथाको अन्त गर्नु पर्नेछ।

तर श्री ५ को सरकारले चाहेमा जुनसुकै चरणमा पनि शान्ति सुरक्षासम्बन्धी अधिकार सोझै वा अञ्चलाधीशमार्फत प्र.जि.अ.लाई बढीमा ७ दिनसम्मको लागि प्रयोग गर्ने गरी प्रदान वा प्रत्यायोजन गर्न सकिने छ र उक्त कार्वाईको सम्पूर्ण व्यहोरा निजले अञ्चलाधीशलाई जाहेर गरी निकासा बमोजिम गर्नु पर्छ।

यस चरणमा श्री ५ को सरकारको शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने प्रमुख जिम्मेवारी बाहेक अन्य सबै अधिकारहरू क्रमशः जिल्ला पञ्चायतको उत्तरदायित्वमा जानेछ। जिल्ला पञ्चायतहरूलाई यस प्रकारको अधिकारहरू निजहरूको क्षमता र सक्रियताको साधारण क्रमशः प्रत्यायोजन वा प्रदान गरिनेछ।

अन्तिम चरण लागू गर्नको लागि चाहिने सक्रियता र क्षमताको मापदण्ड यथासम्भव स्पष्ट रूपले श्री ५ को सरकारले व्याख्या पनि गर्नुपर्नेछ।

अन्तिम चरणको कार्यक्रम गाउँ पञ्चायतस्तरमा लागू गर्न प्रमुख आधारभूत सिद्धान्तहरूको व्याख्या गरिनेछ। कुनै गाउँ पञ्चायत उक्त सिद्धान्तअनुरूप सक्षम र सक्रिय भएको सिफारिश जिल्ला पञ्चायतबाट प्राप्त भएपछि श्री ५ को सरकारले सो गाउँ पञ्चायतमा योजनाअनुरूप कार्य प्रारम्भ गर्न लगाउनु पर्नेछ।

यस चरणमा जिल्ला पञ्चायतलाई आर्थिक स्वावलम्वन बढाउने उद्देश्यअनुरूप वार्षिक लाभ हुने किसिमको केही अधिकारहरू पनि श्री ५ को सरकारद्वारा प्रदान गराउनु पर्नेछ।

जिल्ला पञ्चायतहरूमा तथा गाउँ पञ्चायत समेत वा तृतीय चरणको कार्यक्रम लागू गर्नु भन्ने विषय गृह पञ्चायत मन्त्रालयले मात्र निरोपण गर्नु अव्यावहारिक देखिन आएकोले माथि उल्लेख गरिएबमोजिम आधारभूत सक्रियता एवम् क्षमताको मापदण्डअनुरूप जिल्लाहरूलाई वर्गीकरण गरी बिभिन्न विभागीय प्रमुखहरू समेत समावेश गरेको समितिबाट निरोपण गर्न व्यावहारिक हुनेछ।

**विविध**

१. २०२० सालमा श्री ५ को सरकारद्वारा गठित प्रशासन शक्ति विकेन्द्रीकरण आयोगको प्रतिवेदनमा उल्लेख भएअनुसार विकेन्द्रीकरण कार्यक्रम सञ्चालन र सम्पादन गर्न देश काल परिस्थिति अनुकूल नभएकोले उपर्युक्त सन्दर्भहरूमाथि विचार गरी निर्णय गर्दा उक्त आयोगका प्रतिवेदनअनुसार विकेन्द्रीकरण योजना सञ्चालन गर्नु व्यावहारिक देखिन्छ। तसर्थ उक्त आयोगको प्रतिवेदनमा तथा विकेन्द्रीकरण योजना पुस्तिकामा उल्लिखित विकेन्द्रीकरण कार्यक्रम पूरा गर्न १२ वर्षीय योजनाअनुसार यो कार्यक्रम सञ्चालन गर्न आजसम्मको अनुभव र वस्तुस्थिति अनुकूल कार्यान्वित गर्न सम्भव नभएकोले कार्य अवधिलाई संशोधन एवम् संवर्द्धन गर्नुपर्ने देखिन्छ । उपर्युक्त कुराहरूको आधारमा संशोधन र संवर्द्धन हुन नितान्त आवश्यक पर्दछ।

२. विकेन्द्रीकरण योजना कार्यक्रम देशको अवस्था नौलो प्रकारको योजना भएकोले यस व्यवस्थासित राम्ररी परिचित गराउन तालिम व्यवस्था व्यापक रूपमा हुन आवश्यक छ। तालिममा प्रमुख जिल्ला अधिकारीलाई मात्र सरीक गराएर पुग्दैन। अपितु जिल्लास्तरीय सबै कर्मचारी, अञ्चलस्तरीय अधिकारी कर्मचारी, गाउँ र जिल्लास्तरीय पञ्चहरू तथा केन्द्रस्थित अधिकारी कर्मचारी समेतलाई सक्रिय रूपमा सरीक गराउनु पर्छ।

३. विकेन्द्रीकरण सिद्धान्तअनुरूप अञ्चल, जिल्ला, गाउँमा काम कार्वाई भए नभएको रेखदेख जाँचबुझ र स्थलमै निर्देशन तथा मार्ग प्रदर्शन गर्न समय समयमा सम्बन्धित व्यक्तिले निरीक्षण भ्रमण गरी रहनु आवश्यक छ। यसो भएमा कुनै भुल अन्योल स्थिति समाधान गर्न सकिने छ।

४. विकेन्द्रीकरण योजना अन्तर्गत विभिन्न चरणका कार्यक्रमहरू सुचारु रूपले सञ्चालन गर्ने व्यवस्था मिलाउन गाउँ पञ्चायत र जिल्ला पञ्चायतको क्षमताको मापदण्ड तयार गरी त्यसैअनुरूप प्रदान गरी अधिकारको रूपरेखा तैयार गर्न तथा प्रमुख जिल्ला अधिकारी र जिल्ला पञ्चायतको सम्बन्ध यकिन गर्नको लागि समेत राष्ट्रिय जीवनमा ख्याति प्राप्त र सम्बन्धित विभिन्न क्षेत्रमा काम गरी अनुभव पाएका प्रतिष्ठित व्यक्तिहरूलाई समेत समावेश गरी श्री ५ को सरकारले एक वर्षीय समिति गठन गर्नु वाञ्छनीय छ। उक्त समितिले व्यापक अन्वेषण, चिन्तन, मनन् र अध्ययनको आधारमा विस्तृत सुझाव श्री ५ को सरकारमा पेश गर्नु अत्यधिक समयोचित तथा व्यावहारिक हुन्छ भन्ने कुरा यस समिति महसुस गर्दछ।

५. अधिराज्यका प्रत्येक गाउँ पञ्चायतहरूमा एक एक जना गाउँ पञ्चायत सचिव नियुक्त गर्ने सम्बन्धमा श्री ५ को सरकारतर्फबाट पनि कार्वाई भैरहेको ज्ञात भएकोले प्रत्येक गाउँ पञ्चायतलाई आवश्यक परामर्श दिन सक्ने एक जना योग्य र दक्ष गाउँ पञ्चायत सचिव नियुक्त गर्नु पर्ने कुरामाथि यो समिति सिफारिश गर्दछ।

**पुनश्च**

**विकेन्द्रीकरण सम्बन्धमा समितिका सदस्य माननीय भूईदल राईले लिखित रूपमा प्रस्तुत गर्नु भएको व्यक्तिगत विचार पनि यसैसाथ संलग्न राखी पेश गर्न समितिले ठहर गरेको छ।**

**प्रशासन विकेन्द्रीकरणसम्बन्धी समितिमा प्रतिवेदन**

"जनतालाई प्रशासनमा सरीक तुल्याई गाउँपञ्चायत, जिल्ला पञ्चायत र नगर पञ्चायतको विकास गरी देशका समस्या र प्रगतिमा जनतालाई अभिरुचि लिन सक्ने तुल्याउने हाम्रो ध्यान भएकोले।"

"यो व्यवस्थाद्वारा नै नेपालको परम्परा, मान्यता तथा संस्कृतिको अनुकूल नै राजनीतिक, आर्थिक तथा सामाजिक शक्तिको विकेन्द्रीकरण हुन सक्दछ।"

"पञ्चायती व्यवस्थाबाट शासनको प्रत्येकस्तरमा जनतालाई सम्मिलित गराएर तह तहमा अधिकारको प्रत्यायोजन गरी एउटा विकेन्द्रित शास्त्र पद्धतिको स्थापना हुनेछ।"

"जनसेवी शासन पद्धति स्वस्थ र स्वार्थ रहित लोक सम्मति, देश प्रेमबाट प्रेरित क्रियात्मक वर्गीय सहयोग तथा सिर्जनात्मक जन शक्तिको आधारमा शक्तिको विकेन्द्रीकरणको प्रजातान्त्रिक माध्यमबाट मात्र पञ्चायत व्यवस्थाको उद्देश्य उपलब्ध हुन सक्दछ।"

"पञ्चायती व्यवस्थामा प्रशासनको शक्ति समेत ठीक तरीकाले देश र जनकल्याण कार्यमा उपयोग भएमा नै शक्तिमा रहेका व्यक्तिको पनि कल्याण हुन्छ भन्ने तथ्यलाई ध्यानमा राखी श्री ५ को सरकारले शक्ति विकेन्द्रीकरणको सिद्धान्त अपनाई त्यसलाई कार्यान्वित गर्न शुरु गरेको हो। यसअनुसार विभिन्न तहका पञ्चायतहरूलाई जन कल्याणकारी गर्नको लागि उचित शक्ति र सुविधा प्रदान गरिनु पर्दछ भन्ने कुरा पनि श्री ५ को सरकारले बिर्सेको छैन।

पञ्चायत व्यवस्था अन्तर्गत शक्तिको विकेन्द्रीकरण गरी शासनको प्रत्येक तहमा जन प्रतिनिधिहरूलाई सम्मिलित गरी प्रजातन्त्रको वास्तविक लक्ष हासिल गर्ने तर्फ मेरो सरकार अगाडि बढ्दैछ।"

प्रजातान्त्रिक पञ्चायती समाजको निर्माण गर्ने उद्देश्यले क्रमशः प्रशासन शक्तिका विकेन्द्रीकरण गर्दै जाने नीतिमा मेरो सरकार अगाडि बढ्दै गइरहेको छ।

"मेरो सरकारले क्रमशः विकेन्द्रीकरणको नीति अपनाएको छ र यस नीतिअनुसार प्रशासन तथा विकाससम्बन्धी अधिकारहरूको विकेन्द्रीकरण एउटा क्रमबद्ध योजना तयार गरेको छ।"

वर्तमान विश्व राजनीतिहरूका बीचमा पञ्चायती प्रजातन्त्रको जन्म दिने राष्ट्रनायक श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवका उक्त सदिच्छाहरूले व्यवस्थालाई बढी प्रजातान्त्रिक बनाउन प्रशासन शक्ति जन प्रतिनिधिहरूका नजिक पुऱ्याउने अभिव्यक्ति गरेको छ। राजाको सदिच्छालाई आजसम्म जुन रूपमा प्रयोग गरेका

छौं त्यसबाट कतिसम्म व्यावहारिक वैज्ञानिकता उपलब्ध गर्न सक्यौं । तर आज यस समितिको सामने प्रशासन विकेन्द्रीकरण योजनाको विषय पनि श्री ५ को सरकारले विचार विमर्शको निमित्त दिएका पाउंदा र माथि शाही इच्छालाई ध्यानमा राख्दा प्रशासन विकेन्द्रीकरणको अर्थ सिर्फ कर्मचारी अधिकृतहरूको अधिकारको हेरफेर गर्न मात्र होइन । यदि यति मात्र हो भने कुनै ठूला सैद्धान्तिक कुरो होइन योत ऐन, नियम संशोधनद्वारा हल हुने कुरा थियो । प्रशासन विकेन्द्रीकरणको उद्देश्य अर्कै हो ।

यो उद्देश्य हो आजको विश्वको सामु पञ्चायती प्रजातन्त्र अपनाएका छौं र यसको लोक सम्मत तथा आदर्शकारिताको निमित्त देहायका प्रश्नको आधारमा एक नयाँ मौलिक रूप दिनु हो । प्रश्नहरू (१) कसरी बढी भन्दा बढी जन प्रतिनिधिहरूलाई प्रशासन कार्यमा सरीक गराउन सकिन्छ ? (२) कसरी बढी जनता बढी स्वशासित बन्छन् ? (३) कसरी प्रशासनमा शताब्दीयौं देखिको पुरानो भावना प्रशासनका व्यक्तिहरूले आफूलाई जनसेवी नठहराई शासन वा निम्न कर्मचारी समाजको भावना र जनताद्वारा पनि प्रशासनप्रतिको घृणा अनास्था आदि भावनाको दूर हुन्छ ? (४) कसरी प्रशासन छिटो छरितो र मितव्ययिताको हुन्छ ? र (५) कसरी प्रशासन शक्ति व्यक्तिगत इच्छाले पनि आर्थिक उन्नतिको भावनाले प्रेरित हुन्छ ? यिनै प्रश्नहरूको समाधान गर्ने ढाँचाको प्रशासन विकेन्द्रीकरण गर्दा उक्त व्यवस्थाको लोक सम्मत र आदर्शता प्राप्त हुन्छ । सही निर्देशन यिनै उपलब्धको अभिव्यक्ति हो भन्ने हामीलाई महसुस भएको छ ।

अतः यस प्रतिवेदनमा प्रशासन विकेन्द्रीकरणमा गाउँ पञ्चायत, नगर पञ्चायत, जिल्ला पञ्चायत, अञ्चलको अञ्चलाधीश र श्री ५ को सरकार गरी ५ स्तरमा विस्तृत विकेन्द्रित तथा शक्ति प्रत्यायोजनको आधार सिफारिश भएको छ । जसले उक्त ५ प्रश्नलाई समाधान गर्दछ ।

र समितिको यो पनि सिफारिश छ, यी लक्षलाई ५ वर्षमा लागू गरी सक्नको लागि वार्षिक क्रमसंग राजपत्रद्वारा प्रशासन विकेन्द्रीकरण प्रत्यायोजित गर्न जाने गरी यस सिफारिशका बुदाहरूलाई कानूनी रूप दिन एउटा प्रशासन विकेन्द्रीकरण ऐन, बनिनु पर्दछ । यो ऐन बनिसकेपछि स्थानीय प्रशासन ऐन स्वतः खारेज हुनको साथै सम्बन्धित बाँकिए सम्मको ऐनहरूमा योजनाहरूमा संशोधन गरिनु पर्दछ । समितिको निर्णयहरू तल दफा दफामा छन् :

१. **प्रशासन विकेन्द्रीकरणमा गाउँ पञ्चायत**

गाउँका जनताको राजनीतिक, सामाजिक र आर्थिक हितहरूलाई सबै अन्तर्गत गरी गाउँसभाले स्वीकृत गरेको नीति, बजेट, योजना, कार्यक्रमको आधारमा गाउँ पञ्चायतको प्रशासन चल्नु पर्दछ । वास्तवमा गाउँ पञ्चायत पञ्च सदस्यहरू गाउँका हित चाहने गाउँका नेता भएका हुँदा जनताद्वारा निर्वाचित हुन्छन अनि गाउँका जनताको उक्त राजनीतिक, सामाजिक, आर्थिकस्तर उठाउने नीति, योजना कार्यक्रम, बजेट उनीहरुनै बनाउँदछन् र गाउँसभाको बैठकमा पेश गर्दछन् । जनताले पनि आफ्ना नेताहरूको कामको समर्थन गर्नु पर्दछ । एकाध नमिल्दोमा संशोधन सहित विकास गरी गाउँका जनताको जीवन उठाइने छन् । यो हो प्रशासन ।

विकेन्द्रीकरणको उपयोगिता, व्यापकता र मौलिकता ।

उपरोक्त कुराको पृष्ठ भूमिमा गाउँ पञ्चायतहरूले खास गरी देहायका कामहरू गर्नु पर्दछ ।

(क) नीति निर्धारण

(१) यो वर्षमा गाउँमा कुन कुराको बढी खाँचो छ भन्ने विषय सामुन्ने राखी खाँचोको निष्कर्ष दिने । यसरी बर्षौं वर्ष एक पछि अर्को अर्को पछि अर्को देखा पर्ने खाँचोहरू महसुस गर्दै जानेछ ।

(२) उक्त निष्कर्षमा आएका प्राधान्य खाँचोलाई कसरी हल गर्ने भन्ने विषय उपस्थित गराई तेसको आधारमा बजेट बनाउने, योजना बनाउने, काम बनाई वर्ष भरीमा पूरा गराउने । यसरी वर्ष वर्ष खाँचोहरूको समाधान गराउँदै जाने कुरालाई नीति निर्धारण गरेको मानिन्छ ।

(ख) बजेट निर्धारण : आम्दानी तर्फ

(१) केन्द्रीय सरकारले (श्री ५ को सरकारले) कानूनद्वारा प्रत्यायोजित गरी दिएको कर (टैक्स) लगाएर जस्तो जमीन कर, पानीकर, र व्यवसाय कर आदि ।

(२) कानूनद्वारा तोकिदिएको दस्तूर असूल गरेर । जस्तो बन्दूक रेडियो आदिको रिन्यू दस्तूर, लेनदेन तमसुक पास गर्ने, सिफारिश दस्तूर र आफ्नो गाउंमा नयाँ व्यवसाय खोल्ने इजाजत दस्तूर आदि ।

(३) गाउँ वा केन्द्रमा जाने भूमिकर (मालपोत) आदि असूल गरेकोमा केन्द्रले तोकिदिएको पञ्चायत विकास तथा जग्गा कर ऐन, २०२२ ले ५५ प्रतिशत पाउन सक्ने गराइएकोलाई कार्यान्वित गराएर ।

(४) गाउँको कुनै ठूला नदी खोलाबाट बाँध नहर निर्माण गर्ने वा बिजुली उत्पादन गरी र गाउँ अन्तर्गतका खानी खनिज उत्खनन गरी केन्द्रले लाभ गरेको भने केही प्रतिशत स्वामित्व अंश लिएर ।

(५) ऐनले दिएको अधिकार बमोजिम ग्रामीण मुद्दा मामिला हेरी पञ्चायत गरी दिई ऐन बमोजिम दण्ड जिताउरी बक्सौनी प्राप्त गरेर ।

(६) देशका बिभिन्न उद्योग धन्दा संस्थान (कर्पोरेशन) आदिमा हिस्सा राखी मुनाफा प्राप्त गरेर ।

(७) गाउँस्तरमै ग्रामीण पसल खोली वा सहकारी भण्डार चलाई तेसबाट मुनाफा कमाएर ।

(८) गाउँ पञ्चायतकोतर्फबाट गाउँका उद्योग कृषि बिकास कार्यमा ऋण लगानी गरेको भए सोबाट ब्याज प्राप्त गरेर ।

(९) जिल्ला पञ्चायतले अधिकार प्रत्यायोजित गरी दिएकोबाट कामगरी आर्थिक लाभ हुने किसिमको भए आर्थिक लाभ गरेर ।

(१०) गाउँको महत्वपूर्ण विकास कार्यलाई जिल्ला पञ्चायत र श्री ५ को सरकार (केन्द्रीय सरकार) हरूद्वारा आर्थिक सहायता वा ऋण प्राप्त गरेर ।

(११) कृषि विभाग, कृषि विकास संस्थान, (कर्पोरेशन) कृषि विकास बैंक, उद्योग विभाग, उद्योग संस्थान, वाणिज्य बैंक, वाणिज्य संस्थान, यातायात संस्थान आदिबाट सम्बन्धित उद्योग कार्यको लागि ऋण प्राप्त गरेर ।

खर्च तर्फ

(१) सर्व प्रथम प्रशासन खर्च, जस्तो - कर्मचारीको तलब भत्ता, प्रधानपञ्च तथा उप प्रधानपञ्च, सदस्यहरूको उपस्थित भत्ता, मसलन्द सञ्चार, पत्र पत्रिका, आर्थिक सहायता तथा चन्दा पुरस्कार, सम्भार तथा मर्मत, अतिथि सत्कार, र भैपरी खर्च आदि छुट्याएर ।

(२) प्राथमिक पाठशालाको तलब, त्यसको मसलंद, पुस्तकालय, वाचनालयको सञ्चालन, खेलकूद व्यवस्था, औषधालय सञ्चालन, हुलाक सञ्चालन, ग्रामीण छात्रावास, ग्रामीण शिशुशाला, ग्रामीण वयोवृद्ध सुधार संस्था, संग्रहालय र अरू बिभिन्न विकास कार्यमा खर्च छुट्याएर ।

(ग) योजना निर्धारण

खास गरी यस्ता योजनामा योजनाबाट प्रत्यक्ष आर्थिक लाभ हुने भए जनताको श्रम पूंजी, प्रत्यक्ष लाभनहुने किसिमको भए जनताको श्रमदानको आव्हान गरी योजनाहरूमा लगाउन पर्दछ । किनकि गाउँसभा कोषमा पर्याप्त बजेट नहुने हुँदा जनताको श्रम पूंजी र श्रमदानलै वास्तविक पूँजीको रूपमा मानिनु पर्दछ अथवा मानिने हुन्छ । साधारण औजार साधनको लागि मात्र गाउँ पञ्चायतको बजेटबाट विकास कार्यको खर्च शीर्षकद्वारा पूरा गरिनु पर्दछ । प्रत्यक्ष आर्थिक लाभ हुने र नहुने योजनाहरू यस प्रकार हुन्छन् :

(१) प्रत्यक्ष आर्थिक लाभ हुने योजना

(क) सामूहिक खेतीको काम (यसमा अन्न उत्पादन, फलफूल उत्पादन, पशुपालन, मत्स्यपालन, मौरीपालन, बाँध कुलो निर्माण आदि आउँछन्)

(ख) सामूहिक उद्योग र व्यापारको काम (यसमा घरेलु उद्योगको खनिज उद्योगको निकासी पैठारी वा खरिद बिक्रीको वा ढुवानी आदिको काम आउँछ)

(ग) सामूहिक निर्माणको काम यसमा घर दुकान पसल पार्क जलाशय आदिको काम आउँछ।

(घ) पक्की मोटर सडक निर्माणको काम (यसमा जिल्ला पञ्चायतले वा केन्द्रले दिएको भाग बमोजिम पक्की सडक निर्माण गर्ने अथवा आफ्नै गाउँ पञ्चायत एरियाको गाउँ गाउँमा जोडने आफ्नै निर्णयको सडक निर्माण गर्ने कुरा आउँछ)

(२) प्रत्यक्ष आर्थिक लाभ नहुने योजना

(क) धारा पनेराको सुग्घर सफाई गर्ने ।

(ख) वन जङ्गलमा जाने बाटो बनाउने ।

(ग) गाउँघर जोड्ने बाटो बनाउने ।

(घ) वनको चौतर्फी चिठाइं चिना रेखा निर्माण गर्ने ।

(ङ) वन वृक्ष रोपाउने ।

(च) गौशाला पशुचरन बार्न भाग छुट्याउने ।

(घ) कार्यक्रम निर्धारण

गाउँसभाको स्वीकृति नीति, बजेट र योजनाको आधारमा नीतिको कार्यान्विति, बजेटको पूर्ति, र योजनाको सञ्चालन आदिमा गरिने कामको समय, कामको बाँडफाँट मिलाई गर्ने कामलाई कार्यक्रम मानिन्छ।

जस्तो :

(१) कहाँ कस्ले के गर्ने ?

(२) कहिले कहाँ गर्ने ?

(३) कुन काम को कस्ले गर्ने ?

(४) कुन काममा कति श्रम र जन समय लाग्ने ?

(५) कसरी गर्ने ?

यस कुरामा कार्य विभाजन र समय विभाजन भएकोलाई, अनि गरिएकोलाई कार्यक्रम मानिन्छ।

(ङ) न्यायाधिकार

ग्रामीण जनताले आपस्तमा साना चित्तले प्रेरित नहुनु, झगडाको बाझो नगरुन, र अन्यायमा दुःख नपाउन, भन्नको लागि पञ्चायत तथा पञ्चहरूले हर हमेसा जनतामा शान्ति राख्ने गर्नु पर्दछ। यो परम कर्तव्य हो तर एकाध परिहालेको झैंझगडा कानून विरुद्धको काम कुरामा टाढा न्याय माग्न जान नपरोस्, महँगो न्याय पाउन नपरोस अथवा अन्यायीको अन्यायमा नपरुन भन्नाको लागि गाउँ पञ्चायतमा दोहरो राखी मिलाई दिने काम पञ्चायतको न्यायाधिकारमा मिल्छ।

उपरोक्त कुरालाई ध्यानमा राखी गाउँ पञ्चायतहरूको सम्बन्धमा देहायमा उल्लिखित अधिकार दिने र कार्वाई गर्ने हुनुपर्दछ : जस्तो

(१) उपरोक्त किसिमका प्रशासनिक तथा स्वशासित अधिकार बढाई कानूनद्वारा स्पष्ट गरी गाउँ पञ्चायतलाई दिनु पर्दछ। ताकि गाउँको विकास कार्यमा केन्द्रको अनावश्यक मुख ताक्ने बानीहरू हट्दै जाउन र स्वाबलम्बी हुँदै जाउन्।

(२) गाउँ पञ्चायत ऐन, २०१८ को परिच्छेद ७ को न्यायाधिकार राजपत्रद्वारा अविलम्ब फुकुवा गरी दिनु पर्छ। ताकि गाउँमा उठेका कलह झगडा गाउँमै पञ्चायतद्वारा मिलाई न्यायमा पनि स्वशासन प्राप्त गरुन्।

(३) उपरोक्त अधिकारहरूको राम्रो सदुपयोग भयो भएन भन्ने कुरामा कडा निगरानी राखी निर्देशन गरिनु पर्दछ ताकि पद विचलित वा पद कर्तव्य भ्रष्ट हुनबाट जोगियुन।

(४) गाउँ पञ्चायतहरूले कुनै पनि कदम चाल्दा जिल्ला पञ्चायतले विनिमयद्वारा प्रत्यायोजित गरी दिएका र केन्द्रले ऐनमा तोकिदिएको अधिकार अन्तर्गत रही काम गरेको हुनु पर्दछ।

(५) गाउँ पञ्चायतहरूले आफू भन्दा माथिल्लो तहमा लेखापढी गर्दा वा माग गर्दा जिल्ला पञ्चायतसँग गर्नु पर्दछ र त्यसको बोधार्थ मात्र केन्द्रमा प्रेषित गर्नुपर्दछ।

२. **प्रशासन विकेन्द्रीकरणमा नगर पञ्चायत**

(१) यसमा माथि गाउँ पञ्चायत दफामा उल्लिखित गाउँ पञ्चायतहरूको स्वशासनको उल्लेख गरे झैं नगर पञ्चायतलाई पनि स्वशासित गराउनु पर्दछ।

(२) गाउँको समस्या र नगरको समस्याको सम्बन्धमा मात्र नगर पञ्चायतहरूलाई बढी अधिकार र आर्थिक अनुदान दिने गर्नु पर्दछ।

३. **प्रशासन विकेन्द्रीकरणमा जिल्ला पञ्चायत**

गाउँ पञ्चायतले आफ्ना गाउँका जनताको राजनीतिक, सामाजिक र आर्थिक हित उन्नतिको निमित्त माथि विकेन्द्रीकरणको प्रयोजन गरे झैं जिल्लाभरका जिल्लावासीको राजनीतिक, सामाजिक, आर्थिक हित उन्नतिको पूर्ण उत्तरदायित्व जिल्ला पञ्चायतहरूको गराउनु पर्दछ। जसले देहायका कुराहरू जिल्ला पञ्चायतको नीति, बजेट योजना कार्यक्रममा निर्भर गराइनु पर्दछ। जस्तो :

(१) शिक्षा

(क) जिल्लाभरिका गाउँ पञ्चायत, नगर पञ्चायतहरूले सञ्चालन गरेको प्राथमिक पाठशालाहरूको निरीक्षण निर्देशन गर्ने।

(ख) जिल्लामा माध्यमिक विद्यालयहरूको स्वीकृति, आर्थिक निकासा र व्यवस्था गर्ने।

(ग) जिल्लामा जिल्लास्तरीय छात्रावास, पुस्तकालय वाचनालय, श्रवणालयको स्थापना र सञ्चालन गर्ने।

(घ) अन्य तालिम विज्ञान, रसायन अनुसन्धान, साहित्य संस्थान आदिको पनि व्यवस्था तथा सञ्चालन गर्ने।

(ङ) भविष्यमा जिल्लाका उच्च विद्यालयहरू पनि आफ्नू अन्तर्गत गर्ने।

(२) कला र संस्कृति

(क) जिल्लामा मूर्तिकला, चित्रकला, हस्तकला, (तमाम ललितकला उत्थानको निमित्त कलाकारहरूको आव्हान, व्यवस्था र प्रोत्साहन गर्ने।

(ख) संगीत, नृत्य आदि कलाको विकास र जिल्लाका संस्कृतिको खोज सुरक्षा आदिको व्यवस्था गर्ने।

(ग) जिल्लामा सांस्कृतिक भवन, संग्रहालय आदिको निर्माण र सञ्चालन गर्ने।

(घ) जिल्लामा संस्कृति, कला आदिको प्रदर्शन र जिल्ला जिल्लाको आदान प्रदान गर्ने।

(ङ) जिल्लाका कला र सांस्कृतिक केन्द्र र केन्द्रको अनुमतिमा अन्तराष्ट्रमा पनि प्रदर्शन गर्ने।

(३) स्वास्थ्य

(क) गाउँ गाउँमा गाउँ पञ्चायतहरूले स्थापना गरेको औषधालयहरूका निरीक्षण, निर्देशन र थप सहायता प्रदान गर्ने।

(ख) जिल्लाको भौगोलिक सुविधा हेरी जग्गा जग्गामा सानातिना हस्पिटल तथा स्वास्थ्य केन्द्रहरूको स्थापना र सञ्चालन गर्ने।

(ग) जिल्लाको अस्पतालमा औषधि, नर्स, डाक्टर विछाउना र आवश्यक सामग्रीका वृद्धि गर्दै जाने ।

(घ) जिल्लामा औषधि जडीवुटीहरूको खोज व्यवसाय र त्यसको अनुसन्धान व्यवस्था गर्ने ।

(ङ) जिल्लामा औषधि जडीवुटी आदिको वन वाटिका लगाउने ।

(४) उद्योग र व्यापार

(क) जिल्लाको कच्चा पदार्थको प्राचुर्यतालाई र जिल्लामा खपत हुने भागलाई ध्यानमा राखी कपडा, धातु, काठ, कागज, खाद औषधि आदिको उद्योग स्थापना गर्ने । जसमा केन्द्रको पनि हिस्सा नभएमा ५१ प्रतिशत जिल्ला पञ्चायतबाट पूंजी राखी बाँकी जिल्लावासीलाई हिस्सा (शेयर) वितरण गर्ने ।

(ख) जिल्लाको खोलाका जलशक्तिलाई हेरी बिजुली उत्पादन गर्न केन्द्रको पूँजी, जिल्ला पञ्चायतको पूँजी र जिल्लावासी जनताका पूँजी हिस्सा सामेल राखी बिजुली उत्पादन गर्न र उपयोग गर्ने ।

(ग) जिल्लाको खानिद्वारा खानि धातु वस्तु उत्खनन मट्टीतेल, पेट्रोल कोइला भए उत्खनन निष्कासन, विवरण र धनामनन गर्ने ।

(घ) जिल्लाको कोरा पदार्थ बाहिर निष्कासन गर्न र ती जिल्लाको आवश्यकतानुसार बाहिरको माल पैठारी गर्न व्यापारिक संस्था खडा गरी सुनियोजित तरीकाले व्यापार गर्ने ।

(ङ) जिल्लाको व्यापारी व्यवसायीहरूमा सन्तुलन ल्याउन नीति निर्धारण गर्नु र सो अनुकूल इजाजत प्रदान गर्ने ।

(५) विकास तथा निर्माण

(क) जिल्लाभरी मोटर दौडन सक्ने किसिमको सडक निर्माण यस्तो निर्माण कार्यमा केन्द्रको, आफ्नो जिल्लाको, गाउँ पञ्चायतहरूको र जिल्लावासीका पूँजी र श्रम हिस्सामा निर्माण गरी ती हिस्सादारहरूलाई आर्थिक लाभांश हुने गरी सडक करलाई सञ्चालन गर्दै जाने ।

(ख) जिल्लाको आवश्यक जग्गामा हवाई मैदान पनि उक्त सडक निर्माण, सिद्धान्तको आधारमा गर्ने र व्यवस्था गर्दै जाने ।

(ग) जिल्लामा आवश्यक महसूस भए कुनै जिल्लासित वा मधेश पहाड जाने गरी व्यापारी दृष्टिमा रोपवे उक्त सिद्धान्तहरूको अनुकूल निर्माण गर्दै र व्यवस्था गर्दै जाने ।

(घ) जिल्लाका जग्गा जग्गामा चौतर्फी आवागमन परेका स्थानहरूमा बजार बसाउनु घरहरूको पनि निर्माण गरी भाडा किरायामा लगाई आर्थिक लाभ गर्दै जाने ।

(ङ) मनोरञ्जनमा र भ्रमणमा हिंड्ने घुमक्कडहरूको लागि उच्च स्थलहरूमा, देवालयहरूको नजिकमा र नदीका दाया बायाँ किनारहरूमा पार्क मैदान, घर रमणीय स्थल निर्माण गरी प्रवेश बासा शुल्क लिई आर्थिक लाभ गर्दै जाने ।

(६) कृषि तथा उत्पादन

(क) जिल्लामा कृषि विकास संस्था कायम गरी कृषि क्षेत्र उत्पादन गराउने साधन, उपाय गर्दै जाने । यस्तो संस्था केन्द्रीय कृषि विकास संस्थानसँग सम्बन्धित गराएर स्थापना गरी लाभ गर्दै जाने ।

(ख) जिल्लाको पर्ती जग्गा आवाद गरी सामूहिकखेती लगाउने व्यवसाय चलाउँदै जाने ।

(ग) जिल्लाको पहाडका छर धाप टाहारहरूमा माटो, हावा पानी सुहाउँदा सामूहिक कृषि कार्यक्रम चलाउने । जसमा स्याउ, ओखर, चिया, सुन्तला, अनार, कटहर, उखु, सुर्ती आदि लगाउने व्यवसाय चलाउने ।

(घ) ठूला ठूला खोलाहरूबाट कुलो बनाई पानी वितरण गर्न वा मेशिनद्वारा नदीको पानी तानी वितरण व्यवसाय चलाउने ।

(ङ) लेक धाप र खोँचहरूमा हावापानी सुहाउँदो सामूहिक रूपमा पशुपालन व्यवसाय चलाउने ।

(७) नीति निर्धारण

उक्त राजनीतिक, सामाजिक र आर्थिक विकासको निमित्त जिल्ला पञ्चायतलाई नीति निर्धारण गर्ने पूर्ण अधिकार हुनुपर्दछ ।

(८) प्रशासन सञ्चालन

जिल्ला पञ्चायतको नीति निर्देशनलाई जिल्लामा कार्यान्वित गर्न देहायका कार्यालयहरू जिल्ला पञ्चायतको सामान्य निर्देशन, नियन्त्रणमा सञ्चालित हुने गराउनु पर्दछ । जिल्ला पञ्चायतको नीति - निर्णय कार्यान्वयन गर्ने काम जिल्ला पञ्चायत सचिव र सचिवालयले गर्नेछ । यस्तो सचिव र सचिवालयको व्यवस्था गर्नु पर्दछ र हालको जिल्ला प्रमुख अधिकारी पद खारेज गर्ने । अनि सचिव र सचिवालयका मातहतमा सञ्चालित हुने कार्यालयहरू निम्न प्रकारका हुनेछन् । जस्तो :

(क) जिल्लाको भूमिप्रशासन कार्यालय (माल अड्डाहरू),

(ख) जिल्लाको प्रहरी कार्यालय,

(ग) जिल्लाको शिक्षा निरीक्षक कार्यालय,

(घ) जिल्लाको स्वास्थ्य र स्वास्थ्य निरीक्षक कार्यालय (हाल रहेको स्वास्थ्य केन्द्र, अस्पतालहरू गाउँका औषधालयहरू निरीक्षण गर्न अधिकारी समेत थप गरी),

(ङ) जिल्लाको मातहतमा गठित हुने विभिन्न कृषि, उद्योग यातायात, निर्माण वाणिज्य आदि आर्थिक संस्थानहरू (जो माथि उल्लिखित विषयका संस्थानहरू)

उपरोक्त कार्यालयहरूको साथै जिल्ला पञ्चायत सचिवालय पूर्णाङ्ग हुन देहायका शाखाहरू पनि थपिने व्यवस्था हुनु पर्दछ जस्तो -

(१) प्रशासन काम सञ्चालनको निमित्त प्रशासन शाखा,

(२) बजेट बनाउने र अर्थ सञ्चालनको निमित्त आर्थिक शाखा,

(३) विकास योजना कार्यको लागि रेखाहरू तथा इष्टिमेट गर्ने इन्जिनियर शाखा,

(४) प्रचार प्रकाशनको लागि प्रचार शाखा र

(५) विकास, योजना जनसंख्याको लागि तथ्याङ्क शाखा ।

(९) आम्दानी खर्च तथा बजेट निर्धारण

जिल्ला पञ्चायत अन्तर्गत गरिने माथि उल्लिखित सचिवालय र कार्यालयहरूको प्रशासन खर्च, जिल्ला पञ्चायत र जिल्लासभाको भत्ता, शिक्षा, कला संस्कृति, स्वास्थ्य, उद्योग व्यापार, विकास तथा निर्माण, कृषि तथा उत्पादन, अन्य मसलंद आदिको निमित्त आम्दानी खर्चको बजेट जिल्लासभामा नै प्रस्तुत गरी स्वीकृत गराई खर्च गर्ने अधिकार जिल्ला पञ्चायतलाई दिनु पर्दछ । यस्तो बजेट बनाउने आम्दानी खर्च अधिकार देहाय बमोजिम विकेन्द्रित हुनु पर्दछ । जस्तो :

(क) जिल्लामा केही कर लगाउन दिएर ।

(ख) जिल्लामा उठती हुने मालपोत (भूमिकर) को केही प्रतिशत जस्तो पञ्चायत विकास तथा जग्गाकर ऐन, २०२२ले प्रतिशत १० दिएकोलाई केही प्रतिशत वृद्धि गरी सीधै जिल्लासभा कोषमा आम्दानी बाँध्न अधिकार दिएर ।

(ग) भूमिप्रशासन कार्यालयमा दाखिला हुने विभिन्न रजिष्ट्रेशन दस्तुर र दण्ड जरिवाना तथा अन्य स्रोतका रकमहरू पनि जिल्लासभाको स्थायी स्रोतको रूपमा विकेन्द्रित गरेर ।

(घ) जिल्लामा जिल्ला पञ्चायतका मातहतमा पर्ने कार्यालयहरूद्वारा जिल्ला पञ्चायतको नेतृत्वमा गठित ट्रिब्युनलद्वारा प्राप्त हुने दस्तुर, बक्सौनी, जरिवाना आदिका रकम आम्दानी पनि जिल्लासभा कोषमा बाध्ने अधिकार विकेन्द्रित गरेर ।

(ङ) गाउँ पञ्चायतका आम्दानीद्वारा केही प्रतिशत (हाल ५ प्रतिशतले कानूनी व्यवस्था गरिएको छ) बाट जिल्लासभा कोषमा आम्दानी बढाएर ।

(च) जिल्लाको उक्त प्रशासन सञ्चालन, विकास व्यवस्था गर्नु पर्दा केन्द्रले अरू अनुदान दिन सकेमा दिएर ।

(छ) उक्त उद्योग व्यापार विकास तथा निर्माण कृषि एवम् उत्पादनसम्बन्धी सुनियोजित योजनाको निमित्त बैंक, संस्थान (कर्पोरेशन)हरूसँग ऋण लिएर ।

(ज) जिल्ला पञ्चायतद्वारा सञ्चालित उक्त उद्योग, व्यापार, विकास निर्माण, कृषि तथा उत्पादनका आर्थिक संस्थानहरूद्वारा मुनाफा गरेर ।

(झ) जिल्लाका खोला नदीबाट बिजुली उत्पादन, नहर निर्माण, खानीद्वारा उत्खनन र निष्काशन अनि यातायातसम्बन्धी केन्द्रले आर्थिक लाभ गरेको छ भने सोमा पूंजी हिस्सा राखी लाभांश र स्वामित्वको अंश प्राप्त गरेर ।

(१०) न्याय तथा निर्माण

श्री ५ को सरकार (केन्द्रीय सरकार)ले र स्वतन्त्र न्यायालयले हेर्ने मुद्दा मामिला बाहेक र जिल्ला पञ्चायत मातहतका सञ्चालित कार्यालयहरूले हेर्न पाउने मामिला बाहेक देहायका मुद्दा मामिलाहरू जिल्ला पञ्चायतका अध्यक्षतामा गठित ट्रिबुनलद्वारा न्याय दिने तथा निर्णय दिने अधिकार पनि विकेन्द्रित हुनुपर्दछ । जस्तो :

(क) गाउँ पञ्चायत - गाउँ पञ्चायतका बीचमा उठेको मामिला,

(ख) गाउँ पञ्चायत र नगर पञ्चायतका बीचमा उठेको मामिला,

(ग) गाउँ पञ्चायत वा नगर पञ्चायतसित आम जनताको परेको मामिला,

(घ) गाउँ पञ्चायत वा नगर पञ्चायतसंग वर्गीय संगठनहरूका बीचको मामिला,

(ङ) पञ्चायतहरूद्वारा सञ्चालित संस्थानहरू र जनताको बीचमा पञ्चायतको बीचमा उठेको मामिला ।

(११) शान्ति सुरक्षाको अधिकार प्रयोग गर्न दिने

निहित राजनीतिक कारण र जटिल शोषण वा दवावको अपराध बाहेक देहायका मामिलामा कसूर हेरी ६ महीनादेखि बढी सजाय गर्न नपाउने गरी जिल्ला पञ्चायतलाई शान्ति सुरक्षाको अधिकार प्रयोग गर्न अधिकार प्रत्यायोजित गरिनु पर्दछ । तर जिल्ला पञ्चायतको स्वीकृत निर्णय लिनुभन्दा पहिले जिल्ला पञ्चायत सचिवले पक्राउ गरी थुनामा राखी मात्र जिल्ला पञ्चायतको निर्णयको निम्ति सिफारिश गर्ने हुनुपर्दछ । ताकि अपराधी उम्कन नसकोस् । यस्तो अधिकारमा सचिवमा निहित रहने, सभापतिमा उत्तरदायित्व रहने र जिल्ला पञ्चायतको सामूहिक उत्तरदायित्व रहने किसिमको ३ वर्गीकरणको विकेन्द्रित हुनु पर्दछ । यस्ता किसिमका शान्ति सुरक्षा प्रयोग गरिने अपराध सामान्यतया देहाय बमोजिम हुनेछन् :

(क) गाउँ पञ्चायत नगर पञ्चायतका विकास कार्यमा बाधादिने भँडुवा,

(ख) विभिन्न विकास संस्थानहरूको काममा बाधा पुऱ्याउने विकास विरोधी,

(ग) पञ्चायत र पञ्चहरूको आचरण र नैतिकसम्बन्धी गलतफहमी चलाउने प्रचारक,

(घ) कानूनको पालन नगर्ने गैर कानूनी व्यक्ति ।

## ४. प्रशासन विकेन्द्रीकरणमा अञ्चलको अञ्चलाधीश

गाउँ पञ्चायत, नगर पञ्चायत र जिल्ला पञ्चायतहरूलाई विकेन्द्रित तथा प्रत्यायोजित भएको अधिकार बाहेकको श्री ५ को सरकारद्वारा प्रत्यायोजित भएको अधिकार अञ्चलको अञ्चलाधीशको हुनु पर्दछ । जस्तो मातहतमा अञ्चलीय कार्यालयहरूले अञ्चलको सम्बन्धित काम प्रभावकारी ढङ्गले गर्नेछन् । (कार्यालयहरू यस प्रकारको हुनुपर्दछ । जस्तो :

(क) अञ्चलका जिल्ला जिल्लामा वा २ जिल्लाको बीचमा एक सहायक अञ्चलाधीश रहनु पर्दछ । जसको काम कर्तव्य अञ्चलाधीशद्वारा प्रत्यायोजित बमोजिम हुनु पर्दछ । जो वर्तमानमा व्यवस्था भएको पनि छ ।

(ख) अञ्चलका गाउँ, नगर, जिल्ला पञ्चायतहरूको कामको साल बसाली निरीक्षण र मूल्याङ्कन गर्ने पञ्चायत निरीक्षण कार्यालय चाहिन्छ । सो व्यवस्था पनि भएको छ । अरू थप अधिकारीहरूको आवश्यकता पर्ला ।

(ग) जिल्ला पञ्चायतहरूद्वारा सञ्चालित शिक्षण संस्थाको र अञ्चलका महाविद्यालयहरूको निरीक्षण गरी मूल्याङ्कन, निर्देशन गर्ने । शिक्षा निरीक्षण कार्यालय अञ्चलमा रहनु पर्दछ । । वर्तमान अञ्चल शिक्षा अधिकारी कार्यालयलाई, यसमा नामान्तर तथा रूपान्तर गरिनु पर्दछ ।

(घ) अञ्चलका जिल्ला पञ्चायत र जिल्ला पञ्चायत मातहतका कार्यालयका साथै जिल्ला र अञ्चलस्तरीय आर्थिक संस्थान (कर्पोरेशन) अरूको समेतको हिसाब लेखापरीक्षण गर्ने लेखापरीक्षण कार्यालय, रहन पर्दछ । जसले बजेटमा लापरवाहिता गर्नबाट रोक्दछ ।

(ङ) अञ्चलका जिल्ला तथा अञ्चलका समस्त कर्मचारीहरूको योग्यताको परीक्षा लिने र कर्मचारीहरूले पनि योग्यताको परीक्षा दिन चाहेमा परीक्षा ली परीक्षाको तथा योग्यताको प्रमाण दिने योग्यता परीक्षण कार्यालय, अञ्चलमा रहन पर्दछ । जो हाल लोक सेवा आयोगका शाखाहरू छन्, लाई सगठित र रूपान्तरित गरी यस्तो कार्यालयको स्थापना गरिनु राम्रो हुन्छ ।

(च) अञ्चलमा गाउँ नगर, जिल्ला तथा अञ्चलका पञ्चायतमा पञ्चहरुले संस्थानमा काम गर्ने पदाधिकारी कर्मचारीहरूले, सरकारी कार्यालयहरूमा कर्मचारी तथा अधिकृतहरूले घूस खान वा भ्रष्टाचार गर्न नपाउन भनी उनीहरूको चियो चर्चा गर्ने र भ्रष्टाचार गरेको पत्ता लगाएमा पक्राउ गरी वा उजूर सुनि कार्वाई गर्ने भ्रष्टाचार निवारण कार्यालय अञ्चलमा रहन पर्दछ । जसले जिल्ला पञ्चायत तथा गाउँ गाउँमा आ-आफ्नो दलाल गुप्तचरहरू घुमाउँछन् । हालका गुप्तचरहरू पनि यस कार्यालयप्रति उत्तरदायी गराइनु पर्दछ ।

(छ) विशेष प्रहरी कार्यालय, पनि अञ्चलमा रहन पर्दछ । जसले अञ्चलमा पैदा हुने राजनीतिक षड्यन्त्र, उपद्रो, विद्रोह, अशान्ति आदिमा अञ्चलाधीशलाई सहयोग गर्नेछ । र अञ्चलको जघन्य अपराधहरू जस्तै - डाँका, चोरी, सामन्ती, शोषकहरूको पत्ता लगाउन र पक्रनमा संलग्न रहनेछन् ।

अञ्चलाधीशको साधारण निरीक्षण निर्देशनमा देहायका अङ्गहरू पनि अन्तर्गत गराइनु पर्दछ :

(१) अञ्चलका भन्सार कार्यालयहरू ।

(२) अञ्चलका कर संग्रह कार्यालयहरू ।

(३) अञ्चलका विभिन्न अर्ध सरकारी संस्थान (कर्पोरेशन) हरू बैंकहरू ।

(४) अञ्चलका औद्योगिक कारखानाहरू

(५) अञ्चलका अस्थायी तथा आवश्यकीय सरकारी कार्यालयहरू ।

अञ्चलका देहायका कार्यालयहरू खारेज गरिनु पर्दछ । जस्तो :

(१) अञ्चल सहकारी कार्यालय- किन कि देशको सहकारी नीतिलाई सिद्धान्तमा काम गर्नाले मात्र पनि सहकारी नीति लागू हुन्छ ।

(२) अञ्चलको कृषि प्रसार कार्यालय- किनकि यो पनि कृषि विकास संस्था खडा गरी सबै कृषि विकास कार्य संस्थान अन्तर्गत गरिनु पर्दछ ।

(३) अञ्चल सूचना तथा प्रसार केन्द- किनकि प्रचार सूचना आफ्नो आफ्नो जिल्लाको जिल्ला पञ्चायतहरूले आफ्नो सचिवालयमा प्रचार शाखा राखी गर्नेछन् । समाचार सङ्कलन प्रकाशन राष्ट्रिय सम्वाद समितिका समाचार दाताहरूले गर्नेछन् ।

(४) घरेलु इलम तालिम केन्द्र- किनकि यो पनि घरेलु उद्योग विकास संस्थान अन्तर्गत गरी संस्थागत गरिनु पर्दछ ।

(५) इन्जिनियर कार्यालयहरू डिभिजन सब डिभिजन आदि- किनकि जिल्ला पञ्चायत सचिवालयमा र अञ्चलाधीश कार्यालयमा आवश्यक इन्जिनियर ओभरसियरहरुको दरवन्दी

राखी ती कार्यालयहरुमा इन्जिनियर शाखा खोल्न वैज्ञानिकता हुन्छ । अनि हरेक आर्थिक संस्थान (कर्पोरेशन) हरूको आफ्-आफ्नै इन्जिनियर-प्राविधिक रहनु पर्दछ ।

(६) अन्चलीय स्वास्थ्य केन्द- किनकि जिल्ला जिल्लाका अस्पतालमा डाक्टरहरू पुऱ्याउनु पर्दछ । भैपरी औषधिको बचाउ उनीहरूको हुन्छ वा अकस्मात् आइ पर्ने रोगको रोकथाममा केन्द्रको सहयोग पुगेको हुन्छ ।

अञ्चलमा शान्ति कायम गर्न देहायका कुरामा अञ्चलाधीशको उत्तरदायित्व हुनुपर्दछ ।

(१) राजनीतिक कारण उठने षडयन्त्र, विद्रोह, अशान्ति र हिंसात्मक प्रदर्शन हुन नदिनु ।

(२) अञ्चलका जन जीवनमा शोषण पुऱ्याउन कुनै वर्गीय विशेषको आचरण, प्रवृत्ति वा अधिकार वा व्यवसाय के छ त्यसको नियन्त्रण गर्नु ।

(३) अञ्चलको जन जीवनमा दवाव गर्ने - पीडन गर्ने कुनै वर्ग विशेषको आचरण अधिकार वा व्यवसाय भए त्यस्ता सामन्त व्यवस्थाको नियन्त्रण गर्नु ।

(४) अञ्चलीय भावनाको, राष्ट्रिय सार्वभौमिकता, व्यवस्था र संविधानको खिलाप जाने अराष्ट्रिय तत्वको निर्मूल गर्ने ।

(५) अञ्चलको भ्रमण, निरीक्षण र जनसम्पर्क आदि कायम गर्नु ।

## ५. प्रशासन विकेन्द्रीकरणमा श्री ५ को सरकार

(१) गाउँ र नगरका जनताको राजनीतिक, सामाजिक, आर्थिक जीवनस्तर उठाउने अधिकार गाउँ नगर क्षेत्रका शिक्षा, स्वास्थ्य, सञ्चार, बाटो, कृषि, घरेलु उद्योग, पुस्तकालय, वाचनालय, श्रवणालय, छात्राबास, शिशुशाला, बयोवृद्ध सुधार संस्था, आदि अधिकारहरू गाउँ पञ्चायत र नगर पञ्चायतहरूलाई विकेन्द्रित गरी दिएपछि सो सम्बन्धमा केन्द्रको प्रशासन बोझ हलका महसुस हुन्छ ।

(२) जिल्लास्तरका पनि प्रशासन, बजेट शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, निर्माण, उद्योग, बेगर कृषि, विद्युत आदिको र राजनीतिक सामाजिक आर्थिक सेवामा स्वावलम्वन गराएपछि केन्द्रको प्रशासनमा अरू धेरै होलो आउन सकेको हुन्छ ।

(३) अञ्चलमा रहेका तर पञ्चायतहरूका मातहतमा नपरेका श्री ५ को सरकारको प्रशासन अङ्गहरूको पनि निरीक्षण, निर्देशन, नियन्त्रण गर्नु सम्वन्धित अञ्चलाधीशहरूलाई अधिकार जाने हुँदा यसले पनि केन्द्रीय प्रशासनमा धेरै खुकुलो सुलभ आउने हुन्छ ।

(४) उपरोक्त बमोजिम प्रशासनमा विकेन्द्रीकरण हुन्छ र अरू विकेन्द्रीकरण ल्याउन देहायका विषयहरू सम्वन्धित नामको आर्थिक संस्थान (कर्पोरेशन) मा परिणत गरी स्वशासनीकरण गरिनु पर्दछ । जस्तो :

(क) स्वास्थ्य मन्त्रालय अन्तर्गतका केन्द्रीयस्तर चिकित्सालय, सिंहदरबार वैद्यखाना तथा तयारी फाँट र बिक्री फाँट । विफर नियन्त्रण पाइलट प्रोजेक्ट, परिवार नियोजन, क्षयरोग निवारण पाइलट प्रोजेक्ट आदिको विषयलाई स्वास्थ सेवा विकास संस्थानका रूपमा ।

(ख) कृषि मन्त्रालय अन्तर्गतका कृषि कार्यहरू, कृषि स्कूल, कृषि सप्लाइ संस्थान बाली संरक्षण प्लान्ट प्याथोलोजी, एग्रीबोटानि, कृषि विज्ञान, एग्रोनोमी,माटो विज्ञान शाखा, कृषि इन्जिनियरिङ, राप्ती, विराटनगर, भैरहवा, परवानिपुर र जिरी कृषि केन्द्रहरू, पशुविकास, पशु चिकित्सालय, पशु विकास, क्याटल फिड प्लाण्ट, उत्तरीभेग, पशुपालन केन्द्र क्याराक्स युटिलाइजेशन, कुखुरापालन, दूध र कृत्रिम गर्भाधान केन्द्र, पशु चिकित्सालय, मत्स्यपालन केन्द्र, फिसफार्म (हेटौंडा र राप्ती) फूलोद्यान प्रशासन, बागवानी अनुसन्धान केन्द्रहरू, फलफूल नर्सरी, आलु विकास केन्द्र, इलाम, कीर्तिपुर, दामन खाद्य अनुसन्धान शाखा, एल.सि.टि.सी.कमोडिटि र एग्रु सप्लाई ट्रेनिङ आदि सबैको स्वामित्व कृषि विकास तथा उत्पादन संस्थाको रुपमा परिणत गरी स्वशासितकरण गरिनुपर्दछ ।

(ग) वन मन्त्रालय अन्तर्गतका कतिपय कार्यालयहरू पनि वन विकास संस्थान खडा गरी सो अन्तर्गत गरी वनको संरक्षण, संवर्द्धन र वन पैदावार उत्पादन गरी प्रत्यक्ष आर्थिक लाभ गराउने गर्नुपर्दछ ।।

(घ) उद्योग वाणिज्य मन्त्रालयका घरेलु उद्योग पनि घरेलु उद्योग विकास संस्थान गठन गरी सो अन्तर्गत स्वशासित गरिनुको साथै वाणिज्य व्यापारसम्बन्धी साल्ट ट्रेडिङ कर्पोरेशन र नेशनल ट्रेडिङहरू अरु व्यापक बनाउनु पर्दछ र यिनीहरूको अन्तर्गत राष्ट्रिय अन्तरराष्ट्रिय व्यापार गराउनु पर्दछ । त्यस्तै घरेलु उद्योग विकास संस्था अन्तर्गत घरेलु उद्योग कार्य व्यापक गराउन पर्दछ । मझौला र उच्च उद्योगमा औद्योगिक विकास कर्पोरेशन, विद्युत कर्पोरेशनहरूलाई प्रभावकारी बनाउन पर्दछ ।

(ङ) सञ्चार मन्त्रालय अन्तर्गतका टेलिकम्युनिकेशन, टेलिफोन, टेलिग्राम, आकाशवाणी स्याटेलाइट र वैदेशिक हुलाक जतिलाई पनि स्वशासनीकरण, सञ्चार विकास संस्थानको रूपमा संस्थापना गरी अन्तर्गत गराउन पर्दछ ।

(च) यातायात मन्त्रालयका हवाइ उडानलाई रोयल नेपाल एयरलाइन्स कर्पोरेशन जस्तै सडकहरूको निर्माण र उपयोगलाई पनि यातायात सेवा विकास संस्थान खडा गरी राष्ट्रको सम्पूर्ण भागमा सडक निर्माण र सञ्चालन गरेमा विकेन्द्रीकरण र निर्माणमा पनि जन अभिरुचि उत्पन्न भइ शीघ्रता आउने हुन्छ ।

(छ) निर्माण मन्त्रालय अन्तर्गतका निर्माण शक्तिलाई निर्माण सेवा संस्थान, स्थापना गरी देशमा हुन गरिन लागेको समस्त निर्माण कार्यहरू जस्तो सरकारी भवनहरू, उद्योग भवनहरू, सार्वजनिक भवनहरू, पर्यटन केन्द्रहरू निर्माण गरिनमा पनि राष्ट्रिय अर्थ लाभ हुन सक्ने देखिन्छ । साथै प्रशासन विकेन्द्रीकरण पनि ।

(ज) विद्युत तथा नहर मन्त्रालय अन्तर्गत बिजुलीसम्बन्धी विद्युत कर्पोरेशन नहर संस्थान कर्पोरेशनको पनि गठन हुनु र सो संस्थान अन्तर्गत समस्त नहर निर्माण र सञ्चालन कार्य चलाउन योग्य हुन्छ ।

(५) उपरोक्त पञ्चायतहरूलाई र अञ्चलाधीशहरूलाई प्रत्यायोजित भई जाने अधिकारद्वारा र संस्थापित गरिने आर्थिक संस्थान -कर्पोरेशनहरूद्वारा सम्बन्धित मन्त्रालयहरूका ७५ प्रतिशत प्रशासन कर्मचारीमा कटौती हुन आउने स्वत: सिद्ध छ । यसको साथै तपसिलका मन्त्रालयहरूका विभाग तथा शाखाहरू पनि खारेज गर्न वा कर्मचारी कटौती गर्न पर्ने आवश्यक देखिन्छ । जसको कारण सहित, यहाँ उद्धरण गरिन्छ ।

(क) अर्थ मन्त्रालय अन्तर्गतका मालपोत कर विभागका कर्मचारीको कटौती गर्नु पर्दछ । किनकि मालपोत (भूमिकर)को अधिकांश भाग पञ्चायतहरूले सीधै आम्दानी कसी भूमिप्रशासन कार्यालय पनि जिल्ला पञ्चायत मातहतमा जान्छ । त्यस्तै करहरूका अधिकांश भागहरू पनि पञ्चायतलाई जान्छ ।

(ख) आर्थिक योजना मन्त्रालय अन्तर्गतका तथ्याङ्क विभाग र योजना शाखा माथि पनि कटौती गरिनु पर्दछ । किनकि देशका सम्पूर्ण तथ्याङ्क पञ्चायतहरूले आफ्ना आफ्ना क्षेत्रको राख्ने छन् र विभिन्न विभाग तथा संस्थाहरूले आफ्ना आफ्ना विभाग पनि आफ्-आफ्नै सङ्कलन तथ्याङ्कको आधारमा हुनेहुँदा यी विभाग विभागीय विषयको तथ्याङ्क राखेको हुन्छ । त्यस्तै योजना शाखाहरूको प्रयोजन उत्ति होला जस्तो लाग्दैन ।

(ग) गृह पञ्चायत मन्त्रालय अन्तर्गतका जिल्ला प्रशासन शाखा, विकेन्द्रीकरण शाखा वर्गीय संगठन शाखा आदि विघटन गरिनु पर्दछ । किनकि जिल्ला प्रशासन शाखाको सम्बन्ध प्रशासन विकेन्द्रित भएर गएको छ । विकेन्द्रीकरण भै सकेको नीति हो विभाग वा शाखा होइन । पञ्चायत व्यवस्था अब नेपालीको निर्विकल्प राजनीतिक प्रणाली भैसकेको हुँदा अनुसन्धानको

आवश्यकता छैन र साथै आजसम्म यसको अनुसन्धान उपलब्धि पनि प्रकाशन हुन आएको छैन। पञ्चायत र वर्गीय संगठनहरूको समानस्तरमा समन्वय स्थापना भैसकेको वा हुने हुँदा वर्गीय संगठन शाखाको पनि प्रयोजन छैन।

(६) यसरी मन्त्रालयका विभागीय कामहरू संस्थान (कर्पोरेशन)मा ढाली संस्थानगत गरी सञ्चालन गर्नाले देहायका मानसिक र आर्थिक उपलब्धि हुन्छ।

(क) मानसिक उपलब्धि : वर्तमान प्रशासनमा जिम्मेदारलाई एकातिर पन्छाई राजाको काम कहिले जाला घाम, चरितार्थ र शताब्दीयौं देखिको भोलि भोलि भन्ने आदतको अन्त हुन्छ। साथै आफू माथिको अधिकृतको निगाहा प्राप्तमा वा आँखा छलिदिन काट्न तलव पकाउन मात्रको भावनाको उन्मूलन हुन्छ। किनकि आर्थिक संस्थाहरूमा त्यस प्रवृत्तिले होइन व्यापारी प्रवृत्तिले काम गर्नु पर्दछ। यसमा यो पनि कारण हुन्छ कि सरकारको, पञ्चायतको, संस्थानहरूको, कर्मचारीहरूको र जनताहरूको पूंजी हिस्सा प्रत्यक्ष रहने हुँदा यसप्रति सबैतिरको निगरानी र नियन्त्रण एवम् दिलचस्पी रहेको सबैले आफ्नो सम्झने भावनाको मानसिकता सिर्जना हुन्छ।

(ख) आर्थिक उपलब्धि : यसका कर्मचारीहरूले तलव, भत्ता उपदान, निवृत्तिभरण पाउने छँदै पनि मुनाफा पाउने उद्देश्य सहितले काम हुँदा साँच्चिकै चौतर्फ आर्थिक उन्नति गर्ने भावनाको जागृत हुन्छ।

(७) यस विभिन्न आर्थिक संस्थानहरूमा देहायका क्षेत्रको पूंजी हिस्सा समावेश गरिनु पर्दछ। जस्तो:

(क) प्रत्येक संस्थानहरूको कूल पूंजीमा ७५ प्रतिशत श्री ५ को सरकार (केन्द्र)को रहनु पर्दछ। तर २५ प्रतिशतले श्री ५ को सरकारको तर्फबाट राष्ट्रिय स्वामित्वले पूर्ति गर्ने र ५० प्रतिशत मात्र अरू पूंजी राख्ने हुनु पर्दछ।

(ख) पञ्चायत र संस्थानहरूका तर्फबाट १० प्रतिशत पूंजी समावेश गरिनु पर्दछ।

(ग) बाँकी १५ प्रतिशतमा कर्मचारी र आम जनताबाट पूर्ति गरिनु पर्दछ।

(घ) श्री ५ को सरकारको स्वामित्व प्रतिशतबाट कुन कुन जिल्लाबाट कस्तो स्रोत उपलब्धि र उपभोग हुन आउँछ सो जिल्लाका जिल्ला पञ्चायत र सो स्रोत रहने स्थानीय गाउँ पञ्चायतलाई क्रमशः ४ र १ प्रतिशतले जिल्ला पञ्चायत र गाउँ पञ्चायतलाई पनि स्वामित्व अंश पाउने गराउनु पर्दछ र

(ङ) यस्तो संस्थाहरू चलाउन विदेशी ऋणको पनि उपयोग गरिनु पर्दछ।

**स्पष्टीकरण**

१. जब यसरी पञ्चायतहरूमा, अञ्चलाधीश र स्वशासित आर्थिक संस्थानहरूमा प्रशासन विकेन्द्रीकरण गरी अधिकार तथा क्षेत्र प्रत्यायोजित गर्छौं तब जनतामा गुनासो माग असन्तोषहरू आफैंमा स्वशासित भै आएको पाइ केन्द्रीय सरकार (श्री ५ को सरकार) र प्रशासन विशुद्ध (निर्मल) हुन जान्छ। यस्तो बाताबरण परिस्थिति राज्यको व्यवस्थाको निमित्त अति उत्तम हुन्छ।

२. प्रशासन कार्यालय छिटो छरितो र मितव्ययिताको हुन्छ। वर्तमान विकासोन्मुखको घडीमा र भौतिक विज्ञानको प्रतियोगिताको घडीमा यो अत्यन्त युगानुकूल हुन्छ।

३. स्वशासन प्राप्तिले र उच्चतम आर्थिक संस्थानहरूमा प्रत्यक्ष रूपमा प्रत्येक नागरिकहरूको पूंजी हिस्सा रखाउनाले सम्पूर्ण क्षेत्रमा क्रियाशीलताको नै जागरण हुन्छ र सबै जिम्मेदारशील बन्दै जान्छन्।

४. यस किसिमको राजनीतिक, सामाजिक, आर्थिक व्यवस्थाले व्यक्तिगत पूंजी प्रश्रयलाई रोकेर सर्व साधारणलाई सरीक गराउँदा पञ्चायत प्रणालीको शोषण रहित समाजको अर्थतन्त्र निर्माण हुन्छ। भेदभाव रहितको सामाजिक ढाँचा कायम गर्न र प्रजातन्त्रको आदर्श स्थापित गर्छ।

५. पूंजिवादी अर्थ व्यवस्था, संसदीय राजनीतिक प्रणाली र साम्यवादी अर्थ व्यवस्था, कम्युनिष्ट शासन प्रणालीको बीचमा समन्वय ल्याउने राजनीतिक, आर्थिक, सामाजिक जगत निर्माण हुन्छ।

१. (क) वर्गीय तथा व्यवसायिक संगठनहरूको प्रारम्भिक समितिको निर्वाचन निर्वाचन आयोगले गर्ने भएकोले प्रारम्भिक समितिको चुनाव गर्न विभिन्न संगठनहरूको सदस्यता अभियान गरेपनि व्यावहारिक कठिनाईले गर्दा हुन नसकेकोले - प्रारम्भिक तहको वर्गीय तथा व्यवसायिक संगठनको चुनाव र गठन गर्ने अधिकार सम्बन्धित जिल्लास्तरीय संगठनलाई दिनु पर्दछ र जिल्लादेखि माथिल्लो तहको संगठनको चुनाव गर्ने काम मात्र निर्वाचन आयोगबाट हुनु पर्दछ ।

(ख) उपरोक्त विषयमा विभिन्न संगठनहरूको प्रारम्भिक समितिको चुनाव जिल्लास्तरीय सम्बन्धित संगठनबाट गराउँदा निस्पक्ष चुनाव हुन नसक्नु र साथै जुन तहले चुनावमा मत दिन्छ तेसैलाइं त्यो तहको चुनाव गराउने अधिकार वान्छनीय हुँदैन अर्थात् जिल्लास्तरीय संगठनको चुनावको मतदाताहरूनै प्रारम्भिक समितिका सदस्य हुने व्यवस्था छ । अर्को कुरा संगठनहरूले त केवल सदस्यता वृद्धिको अभियान चलाउनु पर्छ । चुनाव चाँहि निर्वाचन आयोगबाटै हुनुपर्छ । तर व्यवहारमा संगठनहरूको संख्या पञ्चायत भन्दा बढी भएकोले निर्वाचन आयोगले संगठनबाट माग भएबमोजिम चुनाव छिटो गराउन सक्ने हुनको लागि स्थायीरूपले प्राप्त हुन सक्ने गरी जिल्लास्तरीय निर्वाचन गराउने अधिकारीलाई तोकिदिनु आवश्यक छ ।

उपर्युक्त विषयमा प्रकरण (क) बमोजिम नै हुनुपर्छ भन्ने मा. ओंकारप्रसाद गौचनले राय व्यक्त गर्नु भएको छ ।

(२) गाउँ पञ्चायतहरूलाई गाउँ पञ्चायत ऐनको दफा ४१ अनुसार केही न्यायिक अधिकार दिनु उपयुक्त छ छैन भन्ने प्रश्न उठ्दा निम्न लिखित रायहरू समितिले व्यक्त गऱ्यो ।

(१) गाउँ पञ्चायतहरूलाई गाउँ पञ्चायत ऐनको दफा ४१ अनुसार केही न्यायिक अधिकार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै वा सबै गाउँ पञ्चायतहरूलाई दिन सक्नेछ भन्ने उल्लेख भएको छ । गाउँ पञ्चायतलाई या सानातिना सरजमिनकै आधारलाई छिनिने खालका मुद्दाहरू केही तालिम पश्चात् दिंदा छिटो छरितो किसिमले मुद्दा छिनिन गै गाउँमा नै समस्या समाधान हुन जान्छ र विकास काम कुराहरू पनि अगाडि बढ्छ तसर्थ अधिकारहरू गाउँ पञ्चायतहरूले पाउँदै जानु पर्दछ बरु पुनरावेदन गर्ने व्यवस्था चाहिं गाउँसभालाई नदिइ जिल्ला पञ्चायतमा जानु पर्दछ । जसमा जिल्ला अदालतको न्यायाधीश पनि पदेन सदस्य हुनु पर्ने व्यवस्था हुनु पर्दछ ।

२. गाउँ पञ्चायत ऐनको दफा ४१ मा उल्लिखित केही न्यायिक अधिकार गाउँ पञ्चायतलाई हुनै पर्दछ । तर यसमा पनि देवानी मुद्दाहरू मात्र रहनु पर्दछ । फौजदारी खालका वा सो हुन सक्ने किसिमको हुनु हुँदैन ।

३. यसमा श्री प्रमोद शमशेरले निम्नलिखित राय व्यक्त गर्नु भएको छ ।

**गाउँ पञ्चायतलाई न्याय निसाफ गर्न काम दिनु ठीक छैन भन्ने सुझाव**

गाउँ पञ्चायतलाई न्यायिक अधिकार दिएर पञ्चहरूलाई न्याय निसाफ गर्ने काममा अलमल्याउँदा विकासको काममा बाधा पर्ने देखिन्छ । न्यायको सिद्धान्त नबुझेका सामान्य पञ्चबाट न्याय दिईंदा इन्साफ संधै ठीक ठाउँमा पर्छ भन्ने कुरामा शङ्का उठ्नु स्वभाविक छ । इन्साफ त कानूनवेत्ता न्यायाधीशले मात्र ठीकसँग दिन सक्छन् । तर गाउँ पञ्चायत ऐन, २०१८ को दफा ४१ अनुसार गाउँ पञ्चायतहरूलाई मुद्दा हेर्ने अख्तियार श्री ५ को सरकारले दिन सक्ने गरिएको छ । गत वर्ष केही गाउँ पञ्चायतहरूलाई यस दफाअनुसार मुद्दा हेर्ने अख्तियार दिइयो र हालै मात्र श्री ५ को सरकारले १४ अञ्चलका १४ गाउँ पञ्चायतलाई यस ४१ दफाअनुसार मुद्दा हेर्ने अधिकार दिइयो ।

गाउँ पञ्चायत ऐन २०१८ को दफा ४१

१ जतिसुकै बिगो दण्ड र कैद हुने भएपनि गाउँ पञ्चायतको स्थानीय अधिकार क्षेत्र भित्रका देहायमा लेखिएको कुनै वा सबै मुद्दा मामिलामा शुरु कार्वाई गरी किनारा गर्ने अधिकार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै वा सबै गाउँ पञ्चायतलाई दिन सक्नेछ र त्यस्तो अधिकार पाएकोमा जिल्ला अदालतलाई भएको अधिकार गाउँ पञ्चायतलाई हुनेछ ।

(क) बाटो मिचेको

(ख) आलिधुर बारे

(ग) ज्याला मजुरी बारे

(घ) बेठ बेगार बारे

(ङ) अर्काको कम्पाउण्ड भित्र जबरजस्ती पसेको वा पस्न खोजेको

(च) पानी घाट बारे

(छ) चरी चराउ बारे

(ज) आफ्नो ईलाका भित्र मात्र सीमित रहेको सांध्, सीमा कुलो पानी सन्धिसर्पन ।

२ उपदफा (१) बमोजिमका मुद्दाहरूमा गाउँ पञ्चायतले गरेको निर्णयउपर गाउँसभामा पुनरावेदन लाग्ने छ र गाउँसभाको निर्णय अन्तिम हुनेछ ।

३ उपदफा (२) बमोजिम गाउँसभामा पुनरावेदन गर्नलाई सो गाउँसभाको बैठक नबसेको कारणले कसैको प्रचलित नेपाल कानून बमोजिम हद म्याद जाने रहेछ भने त्यस्तो बैठक नबसेसम्म निजको हद म्याद कायम मानिनेछ ।

उपर्युक्त ऐनको दफाबमोजिम केही देवानीसम्बन्धी र फौजदारी मुद्दा समेत हेरी निर्णय गर्ने अधिकार गाउँ पञ्चायतलाई दिन सक्ने (कतै दिइ सकिएको पनि) अधिकार श्री ५ को सरकारमा रहेको छ। अर्काको जग्गामा तेरो मेरो हक बेहकको कुरा पनि छुटयाउनु पर्ने दफा १ को (ख) ले सङ्केत गर्दछ र दफा १ को (ङ) ले त झन फौज्दारी अपराध स्पष्ट गर्दछ । यस्ता मामिलामा सामान्य पञ्चले निर्णय दिंदा इन्साफको तराजु ठीक ठाउँमा झुक्ला भन्ने कुरामा म विश्वास गर्न सक्दिन । फेरी यसरी गाउँ पञ्चायतले गरेको फैसलामाथि पुनरावेदन गर्न उच्च अदालतको रूप यसै दफा ४१ को उपदफा (२) ले गाउँसभालाई दिएको छ। ५०० देखि १००० जना जम्मा हुने र बर्षको २,३ पटक मात्र बस्ने यत्रो जनसमूहले पुनरावेदन कसरी सुन्दछ र बुझ्दछ । यो असम्भव कुरो देखिन्छ । अतः यस्तो जनसमूहले पुनरावेदनमा निर्णय दिने गरेको फैसलालाई अन्तिम रूपमा लागू गर्न कानून समेत रहनु कुनै हालतमा पनि वान्छनीय छैन । यस कानूनलाई अविलम्ब खारेज गरी न्याय निसाफ गर्ने काम तर्फ गाउँ पञ्चायतका सदस्यको रुची बढ्न नदिने व्यवस्था गर्नु अत्यन्त जरुरी छ ।

सामान्य झैझगडा र मुद्दा मामिलाहरूमा पक्ष विपक्ष दुवैथरीलाई सम्झाई बुझाई मिलापत्र गराउन लगाउनेसम्म अधिकार गाउँ पञ्चायतलाई दिनु पर्दछ ।

## मा. भुईदल राईको विचार

यसको सम्बन्धमा पञ्चायतहरूलाई बढी लोक कल्याणकारी तथा शोषण रहित समाज निर्माण गर्ने साधन अर्थात माध्यम बनाउनका लागि तल दफा दफाका कुराहरू कानूनमा समावेश गरी व्यवस्थित तुल्याउनु पर्दछ भन्ने मेरो राय छ :

(१) जिल्लासभा र जिल्ला पञ्चायतमा सदस्यता दिनु पर्ने ।

(क) जिल्लाका स्नातकहरू मध्येबाट जिल्ला पञ्चायतको बैठकद्वारा ४ जना मनोनीत गर्ने ।

(ख) पञ्चायती व्यवस्थाको आदर्श समान राष्ट्रिय भावना र शोषण रहित समाजको निर्माणको लागि राष्ट्रको जनसंख्या जति अल्पसंख्या जातिहरू जो निर्वाचनद्वारा जिल्लासभामा आउन सक्दैनन् मध्येको जिल्लाका ती जातिहरूबाट १० जना जिल्ला पञ्चायतले मनोनीत गर्ने ।

(ग) जिल्लामा मनोनीत हुने अल्पसंख्यक जातिको १० जना सदस्यहरू निर्वाचनद्वारा जिल्ला पञ्चायतमा कुनै पनि आएनन् भने १० जनाबाट १ जना जि.प. द्वारा मनोनीत गरी दिने ।

(२) जिल्लासभाको काम कर्तव्य यद्यपि वर्तमानमा जुन कार्य कर्तव्य छ सोमा बढी सुधार र स्पष्ट पारी नया ठोस बनाइनु पर्ने :

(क) जिल्लासभाको अघिल्लो निर्णय र सो निर्णयको आधारमा जिल्ला पञ्चायतका काम चालू अधिवेशनको समयसम्म भएकोमा जिल्ला पञ्चायतले प्रस्तुत गरेको कार्य प्रतिवेदनमाथि गहिरो अध्ययन र मूल्याङ्कन एवम् विश्लेषण गर्नु ।

(ख) पूरक बजेट अधिवेशन भए वार्षिक बजेट अधिवेशनसम्ममा के कति आम्दानी हुन सक्यो र के कति खर्च हुन सक्यो जिल्ला पञ्चायतले प्रस्तुत गरेको फाँटवारी र विवरण प्रतिवेदनप्रति गहिरो अध्ययन र मूल्याङ्कन विश्लेषण र बखतमा फछर्यौट गर्ने पूरक बजेट अधिवेशनसम्ममा के कति आम्दानी हुन सक्यो र के कति खर्च हुन सक्यो ?

जिल्ला पञ्चायतले प्रस्तुत गरेको फाँटवारी र विवरण प्रतिवेदनप्रति गहिरो अध्ययन र मूल्याङ्कन विश्लेषण एवम् खर्चमा फछर्यौट गर्नु पूरक बजेटको स्वीकृति र योजनामा कटौति वा बढौति बजेटको आधारमा गर्नु ।

(ग) वार्षिक बजेट अधिवेशन भए गत वार्षिक अवधिको कामको मूल्याङ्क आम्दानी खर्चको मूल्याङ्कन गर्ने मिनाहा र आगामी समयको लागि बजेट अनुमान तथा कामको योजना कार्यक्रम माथि गहिरो अध्ययन अवलोकन गरी निश्चित गर्नु ।

(घ) वार्षिक बजेट अधिवेशनमा वा पूरक बजेट अधिवेशन होस जिल्ला पञ्चायतले जिल्लासभाको अधिवेशनमा उक्त कुरा स्पष्ट पारी आफ्नो कामको प्रगति प्रतिवेदन आम्दानी खर्चको फाँट विवरण योजना कार्यक्रम र वार्षिक वा पूरक बजेट अनुमान प्रस्तुत गर्नु नै पर्दछ । जसमाथि जिल्लासभाले विहङ्गम अध्ययन गरी आफ्नो निर्णय दिनेछ ।

(ङ) जिल्लासभा तथा जिल्ला पञ्चायतले पाएको कानूनी अधिकारहरूको प्रतिपादन गर्ने जिल्लाको प्रतिक्रिया सुहाउँदा कस्तो नियम उपनियम चाहिन्छ जिल्ला पञ्चायतको मस्यौदामाथि विचार विमर्श गरी निर्णय दिने गर्नु ।

(च) राष्ट्रको विद्यमान समस्यामा राजा राजमुकुट, देश र व्यवस्थाका (संविधानको) प्रतिकूल रहितको राष्ट्रिय आव्हानको प्रस्ताव पारित गर्ने र

(छ) विश्वको विद्यमान समस्यामा आफ्नो मुलुकको परराष्ट्र नीति प्रतिकूल रहितको विश्व समस्या समाधानको आव्हान गर्नु ।

(३) जिल्ला पञ्चायतको काम कर्तव्यमा पनि अझ स्पष्ट पारिनु पर्ने :–

(क) कानूनले जिल्ला पञ्चायतलाई दिएको अधिकारप्रति सामूहिक उत्तरदायी हुने गरी निर्णय गर्नु र कार्य विभाजन गरी काम सञ्चालन गर्नु ।

(ख) कानूनी अधिकार र जिल्लाको समस्यामा पारस्परिक उल्झन आएको खण्डमा अपझंट औपचारिक वा अनौपचारिक बैठक बसी समस्या सुल्झाउन उपाय खोज्नु र समाधान गर्नु ।

(ग) जिल्लाको राजनैतिकमा भन्दा सामाजिक र आर्थिक उन्नतिमा बढी ध्यान दिन लगनशील रहनु अर्थात् विकास कार्यमा बढी संलग्न रहनु ।

(घ) जिल्लासभाप्रति पूर्ण उत्तरदायी रही अधिवेशनमा उपदफा (२) मा उल्लिखित विषयहरू स्पष्ट र ठोस बनाई प्रस्तुत तथा पेश गर्नु ।

(ङ) मातहतका गाउँ पञ्चायतहरूले आफ्नो उत्तरदायित्व राम्रो पालना गरेका छन् कि छैनन् भन्ने कुरामा चिन्ता लिनु, अध्ययन गर्नु, निरीक्षण गर्नु, निर्देशन दिनु, नियन्त्रण जो गर्नु पर्छ गर्नु ।